# वार्षिक प्रतिवेदन

# २०७६/७७

नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

# भूमिका

मुलुकको  समृद्धि र विकासका लागि आन्तरिक राजस्व परिचालन एउटा बलियो आधार स्तम्भ हो । आन्तरिक राजस्वको प्रभावकारी परिचालनबाट मात्र राज्यले नागरिकका लोककल्याणकारी  एवं सन्तुलित आर्थिक सामाजिक विकासका कार्यहरु सञ्चालन गर्न सक्दछ । नेपालमा आयकर प्रणालीको शुरुवात भएको ६ दशक पूरा भएको छ भने मूल्य अभिवृद्धि कर लागु भएको पनि दुई दशक व्यतित भएको छ । राजस्व परिचालनमा प्रभावकारिता ल्याउन र कर प्रणालीलाई उन्नत बनाउनका लागि राजस्व नीति, कर सम्बन्धी कानून, राजस्व प्रणाली तथा प्रकृयामा सुधार र सरलीकरण गरी समयसामयिक सुधार र परिमार्जन गर्दै समय सापेक्ष बनाउने प्रयास गरिंदै आएको छ । कर प्रशासनलाई दक्ष, व्यवसायिक एवं आधुनिक कर प्रशासनको रुपमा स्थापित गर्दै आम नागरिकको चाहना अनुरुप समयानुकूल बनाउन रणनीतिक सुधार योजना, व्यवसायिक कार्ययोजनाहरुका आधारमा यस विभागले कार्यसम्पादन गरिरहेको छ । असल कर प्रणालीका आधारभूत सिद्धान्तहरुः तटस्थता, पारदर्शिता, सरलता, समानता र स्वच्छतालाई आत्मसाथ गर्दै करदातामैत्री वातावरणको निर्माण गरी स्वेच्छिक कर सहभागिताको माध्यमबाट सरल, पारदर्शी, स्वच्छ र दक्ष एवम् मितव्ययी कर प्रशासनको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्ने तर्फ हामी क्रियाशिल छौं ।

विभाग र विभाग मातहतका सम्पूर्ण कार्यालयहरुले आर्थिक वर्ष २०७६/०७७ मा तोकिएका लक्ष्य तथा प्रगतिको आधारमा मुख्य मुख्य क्रियाकलाप समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । आर्थिक वर्ष २०७६/०७७ को शुरुमा विभागलाई रु. ५०६ अर्ब १८ करोड लक्ष्य तोकिएकोमा कोभिड १९ को कारण पूर्णरुपमा देशव्यापी बन्दाबन्दी कायम भै आर्थिक क्रियाकलापमा सुस्तता आएकोले मन्त्रालयवाट आर्थिक वर्षको अन्त्यमा पुनः समायोजन गरी रु ३७७ अर्ब लक्ष्य कायम गरिएको थियो । प्रतिकुल अवस्थामा समेत यस आर्थिक वर्षमा रु. ३८४ अर्ब ५३ करोड राजस्व असुली भई शुरुको लक्ष्यको तुलनामा ७५.९७ प्रतिशत, संशोधित लक्ष्यको तुलनामा १०१.९८ प्रतिशत प्रगति भएको र समग्र राजस्व असुली गत आर्थिक वर्ष २०७५/७६को तुलनामा ७ प्रतिशतले वृद्धि भएको छ ।

यस आ.व. २०७६/७७ मा व्यवसायिक स्थायी लेखा नम्बर (B-PAN) तर्फ १,९४,१९२ करदातालाई करको दायरामा ल्याई २०७७ आषाढ मसान्तसम्ममा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाता संख्या १३,५८,९३४ पुगेको छ भने व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ (P-PAN) आ.व. २०७६/७७ मा ९,८२,६३९ करदाता करको दायरामा आई व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ कुल करदाता संख्या १९,७३,४५२ पुगेको छ । व्यवसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताको कूल संख्या ३३,३२,३८६ पुगेको छ ।

प्रणाली सुधारतर्फ यस आ.व २०७६/०७७ मा उपभोक्ताले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य विद्युतीय उपकरणका माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम निजको बैंक खातामा फिर्ता गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । व्यावसायिक स्थायी लेखा नम्बर दर्ता प्रक्रियालाई गुणस्तरीय बनाउन बायोमेट्रीक प्रणालीको शुरुआत गरिएको छ ।

आगामी दिनमा कुल राजस्वमा आन्तरिक राजस्वको योगदान बढाउनको लागि कर प्रणालीलाई सबल र प्रभावकारी बनाउन करदाता शिक्षा सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, बजार अनुगमनलाई स्वचालित बनाउने, सूचना र जोखिम सूचकमा आधारित गुणस्तरीय करपरीक्षण र प्रभावकरी अनुसन्धान मार्फत स्वच्छ र पारदर्शी कर प्रणालीको विकास गर्ने कार्यलाई जोड दिनुपर्ने छ । सूचना प्रविधिको विकास सँगसँगै विद्युतीय कारोबारलाई करको दायरामा ल्याई करको दायरा बिस्तार गर्नुपर्ने र करदाताको कर सहभागिता लागत र समय घटाउन सूचना प्रविधिको प्रयोग गरि प्रकृयागत सरलीकरण गरिने छ । संरचनागत, प्रविधिगत, प्रकृयागत, व्यवहारगत सुधार गर्दै कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सक्षम जनशक्ति तयार गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ ।

माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरु, राजस्व व्यवस्थापन महाशाखाका प्रमुखज्यूलगायत मन्त्रालयका अन्य पदाधिकारी र कर्मचारीहरुले दिनुभएको मार्ग निर्देशन र उत्प्रेरणाले गर्दा विभागलाई सुम्पिएका कार्य गर्न सहज भएको छ । यस अवसरमा सहयोग र सद्भावको लागि उहाँहरु सबैप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । यसै गरी विभाग र मातहत कार्यलयको कार्यगत लक्ष्य तथा राजस्व संकलनमा प्रत्यक्ष सल्लाह र सुझाव दिई सहयोग पुर्याउनु हुने करदाता लगायत सरोकारवाला विभिन्न सरकारी, निजी, गैह्र सरकारी निकाय, संघ संस्था, व्यक्ति तथा विदेशी दातृ निकायहरु प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने विभागका उपमहानिर्देशक श्री मुक्ति प्रसाद पाण्डे, निर्देशक श्री पदम कुमार श्रेष्ठ, निर्देशक श्री नारद गौतम, निर्देशक श्री दुर्गादत्त भण्डारी, निर्देशक श्री जगदिश बसेल, निर्देशक श्री अर्जुन प्रसाद ढकाल, निर्देशक श्री बोलराज आचार्य, शाखा अधिकृत श्री सरिता भट्ट (नेपाल), डा.ई.सु. श्री टेक नारायण रेग्मी लगायत सम्पूर्ण कर परिवारलाई धन्यवाद दिन चाहन्छु ।

विनोद बहादुर कुँवर  
महानिर्देशक  
मंसिर,२०७७

# विषय सूची


कार्यकारी सारांश १

१. सामान्य जानकारी ५

१.१ परिचय ५

१.२ विभागको सोच, गन्तव्य, उद्देश्य, कार्यदिश, मान्यता, कार्यप्रणाली र प्रतिबद्धता ५

१.३ संगठनात्मक संचरना र जनशक्ति व्यवस्थापन ८

१.४ आगामी सुधारको सोच ९

२. आर्थिक वर्ष २०७६/७७ को समष्टिगत उपलब्धि १७

२.१ कूल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात १८

२.२ कूल गार्हस्थ्य उत्पादनसँग मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क परिचालनको अवस्था १९

२.३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २१

२.४ राजस्वको संरचनागत योगदान २१

२.५ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २२

२.६ शाखागत विश्लेषण २३

२.६.१ करदाता सेवा शाखा २३

२.६.२ सूचना संकलन, अनुसन्धान तथा जोखिम विश्लेषण शाखा २८

२.६.३ सूचना प्रविधि व्यवस्थापन शाखा ३२

२.६.४ योजना तथा मानव संशाधन विकास शाखा ३४

२.६.५ अनुगमन तथा मूल्यांकन शाखा ३६

२.६.६ बेरुजु शाखा ३८

२.६.७ अन्तःशुल्क शाखा ४०

२.६.८ अन्तर्राष्ट्रिय कर शाखा ४१

२.६.९ कर फिर्ता शाखा ४४

२.६.१० प्रशासकीय पुनरावलोकन शाखा ४५

२.६.११ कर परीक्षण व्यवस्थापन शाखा ४६

२.६.१२ बक्यौता शाखा ५४
२.६.१३ आर्थिक प्रशासन शाखा ५५
२.६.१४ कर परीक्षण पुनरावलोकन शाखा ५७
२.६.१५ नीति विश्लेषण शाखा ५९
२.६.१६ कानून शाखा ६०
२.६.१७ करप्रणाली सुधार शाखा ६२
२.६.१८ सामान्य प्रशासन शाखा ६२
३. आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण ६७
३.१ कुल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंश ६९
३.२ विगत दश वर्षको राजस्व संकलनको अवस्था ६९
३.३ मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारी संकलन अनुपात ७०
३.४ शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ) ७१
३.५ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था ७२
३.६ शीर्षकगत आयकर संकलन ७३
३.७ आर्थिक बर्ष. २०७६/०७७ को आयकर संकलनको संरचनागत अवस्था ७४
३.८ अन्तः शुल्कको संरचनात्मक अवस्था ७५
३.९ आर्थिक बर्ष २०७६/०७७ को अन्तः शुल्क तर्फको संकलन संरचना ७५
३.१० आर्थिक बर्ष २०७६/०७७ को राजस्व संकलनको कार्यालयगत अवस्था ७६
३.११ उपत्यका भित्रका कार्यालयको राजस्व संकलनको अवस्था ७८
३.१२ सामाजिक सुरक्षा कर ८०
३.१३ उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयहरूको राजस्वमा योगदान ८१
३.१४ उपत्यकाभित्र र बाहिरका आन्तरिक राजस्व कार्यालयहरूको राजस्वमा योगदान ८२
३.१५ आकस्मिक लाभकर ८३
३.१६ विभिन्न क्षेत्रको आयकरमा योगदान ८३
३.१७ पूँजीगत लाभकर ८४
३.१८ राजस्व संकलनको लागत ८५

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका १ | कूल गार्हस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात | १८ |
| तालिका २ | कूल गार्हस्थ उत्पादनमा मू.अ.कर, आयकर र अन्तःशुल्कको अनुपात | १९ |
| तालिका ३ | कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २१ |
| तालिका ४ | आ.व. २०७६/७७ राजस्वको संरचनात्मक योगदान | २२ |
| तालिका ५ | आ.व. २०७६/७७ शीर्षकगत राजस्व संकलनको बनोट | २२ |
| तालिका ६ | कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २२ |
| तालिका ७ | करको दायरा तथा कर सहभागिताको अवस्था | २५ |
| तालिका ८ | मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था | २६ |
| तालिका ९ | आन्तरिक राजस्व कार्यालयहरुको कर परीक्षण अनुसन्धान विवरण | २९ |
| तालिका १० | ठूला करदाता तथा मध्यमस्तरीय करदाता कार्यालयको कर परीक्षण अनुसन्धान विवरण | ३० |
| तालिका ११ | अनुसन्धान तर्फको लक्ष्य र प्रगती | ३० |
| तालिका १२ | अनुसन्धानबाट कर निर्धारण तर्फको लक्ष्य र प्रगति | ३१ |
| तालिका १३ | कार्यालयहरुको समग्र कार्यसम्पादन स्तर | ३७ |
| तालिका १४ | कार्यालयगत बेरुजुको अवस्था | ३९ |
| तालिका १५ | दोहोरो कर मुक्ति सम्झौता भएका देशहरु | ४२ |
| तालिका १६ | कर फिर्ता विवरण | ४५ |
| तालिका १७ | कुटनीतिक कर फिर्ता विवरण | ४५ |
| तालिका १८ | प्रशासकीय पुनरावलोकन कार्य प्रगति | ४५ |
| तालिका १९ | आर्थिक वर्ष २०७६/७७ सम्मको बक्यौताको विवरण | ५५ |
| तालिका २० | पुनरावलोकन सम्पन्न र कार्यालयहरुबाट प्राप्त प्रतिक्रियाको संख्यात्मक विवरण | ५७ |
| तालिका २१ | आर्थिक वर्ष २०७६/७७ को राजस्व लक्ष्य र प्रगति | ६७ |
| तालिका २२ | आर्थिक वर्ष २०७६/७७ को शीर्षकगत राजस्व संकलन | ६९ |
| तालिका २३ | विगत १० वर्षको राजस्व संकलनको अवस्था | ७० |
| तालिका २४ | मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारीको संकलन अनुपात | ७० |
| तालिका २५ | मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन | ७२ |
| तालिका २६ | मूल्यअभिवृद्धि करको संरचनात्मक अवस्था | ७२ |
| तालिका २७ | आयकरको शीर्षकगत संकलन | ७३ |

| | | |
|---|---|---|
| तालिका २८ | आर्थिक वर्ष २०७६/७७ को आयकरको क्षेत्रगत संकलन | ७४ |
| तालिका २९ | अन्तः शुल्कको शीर्षकगत संकलन | ७५ |
| तालिका ३० | आर्थिक वर्ष २०७६/७७ को अन्तःशुल्कको संकलन संरचना | ७६ |
| तालिका ३१ | ठूला करदाता कार्यालयको राजस्व लक्ष्य र संकलन | ७७ |
| तालिका ३२ | कार्यालयगत राजस्व लक्ष्य र संकलन (उपत्यका बाहिरका कार्यालय) | ७७ |
| तालिका ३३ | उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयको राजस्व लक्ष्य र संकलन | ७९ |
| तालिका ३४ | सामाजिक सुरक्षा कर संकलन | ८० |
| तालिका ३५ | कार्यालयहरुको राजस्व संकलनमा योगदान | ८१ |
| तालिका ३६ | उपत्यका (भित्र/बाहिर) कार्यालयको राजस्व संकलनमा योगदान | ८२ |
| तालिका ३७ | आकस्मिक लाभकर | ८३ |
| तालिका ३८ | विभिन्न क्षेत्रको आयकरमा योगदान | ८४ |
| तालिका ३९ | पूंजीगत लाभकर | ८४ |
| तालिका ४० | राजस्व संकलनको लागत | ८५ |

## चित्रहरूको सूची

चित्र १ कूल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात

चित्र २ कूल गार्हस्थ उत्पादनसँग मू.अ.कर आयकर र अन्तःशुल्क कर राजस्व परिचालन

चित्र ३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

चित्र ४ कुल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

चित्र ५ आर्थिक वर्ष २०७६/७७ को शीर्षकगत राजस्व संकलन

चित्र ६ शीर्षकगत मू.अ.कर संकलनको प्रगति विश्लेषण

चित्र ७ आर्थिक वर्ष २०७६/७७ मा अन्तःशुल्क संकलन संरचना

चित्र ८ ठूला करदाता कार्यालयको लक्ष्य र संकलन

चित्र ९ कार्यालयको राजस्व संकलनको अवस्था (उपत्यका बाहिर)

चित्र १० कार्यालयको राजस्व संकलनको अवस्था (उपत्यका भित्र)

चित्र ११ सामाजिक सुरक्षा कर

चित्र १२ उपत्यकाभित्रका कार्यालय समेतका आन्तरिक राजस्व कार्यालयहरुको राजस्वमा योगदान

चित्र १३ उपत्यकाभित्रका र उपत्यका बाहिरका कार्यालयको राजस्व संकलनमा योगदान

चित्र १४ पूंजीगत लाभकर

## अनुसूचीहरू

अनुसूची १ आयकर, मूल्य अभिवृद्धि कर, व्यक्तिगत स्थायी लेखा नं. दर्ताको अवस्था

अनुसूची २ आर्थिक वर्ष २०७६/७७ मा मूल्य अभिवृद्धि कर दर्ताको अवस्था

अनुसूची ३ आर्थिक वर्ष २०७६/७७ मा आयकर दर्ता

अनुसूची ४ आर्थिक वर्ष २०७६/०७७ को क्षेत्रगत राजस्व संकलन

अनुसूची ५ राजस्व संकलनमा कार्यालयगत योगदान

अनुसूची ६ आन्तरिक राजस्व विभागको संगठनात्मक तालिका

अनुसूची ७ अनुगमन गरिएका कार्यालयहरु

अनुसूची ८ विभाग अन्तर्गतका कार्यालयहरुको टेलिफोन विवरण

## संकेत सूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.रा.वि. | आन्तरिक राजस्व विभाग |
| आ.रा.का. | आन्तरिक राजस्व कार्यालय |
| उ.म.न.पा. | उपमहानगरपालिका |
| क.से.का. | करदाता सेवा कार्यालय |
| का.म.पा. | काठमाण्डौं महानगरपालिका |
| गा.पा | गाऊँपालिका |
| चा.ए. | चार्टर्ड एकाउण्टेण्ट |
| ठू.क.का. | ठूला करदाता कार्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| म.ले.नि.का. | महालेखा नियन्त्रक कार्यालय |
| मू.अ.कर | मूल्य अभिवृद्धि कर |
| रा.प.प्र. | राजपत्रांकित प्रथम श्रेणी |
| रा.प.द्वि. | राजपत्रांकित द्वितीय श्रेणी |
| रा.प.तृ. | राजपत्रांकित तृतीय श्रेणी |
| रा.प.अ. | राजपत्र अनंकित |
| रु. | रूपैयाँ |
| शा.अ. | शाखा अधिकृत |
| AA | Amended Assessment |
| ABBS | Any Branch Banking System |
| ASYCUDA | Automated System for Customs Data and Management |
| DTAA | Double Taxation Avoidance Agreement |
| EASy | Excise Automation System |
| ECR | Electronic Cash Register |
| EIMS | e-Internal Monitoring System |
| e-PAN | electronic- Permanent Account Number |
| e-TDS | electronic- Tax Deducted at Source |
| FY | Fiscal Year |
| GDP | Gross Domestic Product |
| GIZ | German Institute for International Co-operation |
| IT | Income Tax |
| MA | Management Assessment |
| NF | Non - Filer |
| OECD | Orgnization for Economic Cooperation and Development |
| PAN | Permant Account Number |
| PDCR | Posted Data Change Request |
| RAS | Revenue Accounting System |
| RD | Return Detail |
| SMS | Short Massage Service |
| TPS | Taxpayer Service |
| VAT | Value Added Tax |

# कार्यकारी सारांश

नेपालमा व्यवस्थित कर प्रणाली अवलम्वन गरिएको छ दशक भन्दा बढी भईसकेको छ । यसबीचमा कर प्रणालीका कयौं आधारभूत सिद्धान्तहरु समेत परिवर्तन भएका छन । करिब दुई दशकभन्दा बढी समयदेखि स्वयंकर निर्धारणमा आधारित आधुनिक कर प्रणालीको अभ्यास हुँदै आएको छ । बदलिँदो आर्थिक व्यवस्थाअनुरुप कर प्रणालीमा समयानुकूल सुधार ल्याई आर्थिक समृद्धि र सुशासनको लक्ष्य पूरा गर्न विभिन्न सुधारका प्रयासहरु गरिँदै आएको छ । संघीय प्रणालीअनुरुप कर प्रशासनको संरचनागत सुधार गर्दै थप व्यावसायिक र करदाता मैत्री कर प्रशासनमार्फत अधिकतम राजस्व परिचालन गरी राज्यले अवलम्वन गरेको **"समृद्ध नेपाल र सुखी नेपाली"** को लक्ष्य हासिल गर्न अधिकतम योगदान दिनेतर्फ हाम्रा सम्पूर्ण प्रयासहरु केन्द्रित छन् । यसका लागि कर सहभागिता स्तरमा वृद्धि गर्ने, सम्पूर्ण आर्थिक कारोबारलाई करको दायरामा ल्याउने, कर संकलन लागत र करदाताको कर परिपालना लागत घटाउने, कर प्रशासनलाई स्वच्छ, व्यवसायिक, पारदर्शी र सदाचारमूलक बनाउने दिशातर्फ थप प्रयासहरु गर्नुपर्ने आवश्यकता छ ।

स्वच्छ, पारदर्शी र फराकिलो कराधारयुक्त कर प्रणालीबाट नै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय संकल्प पूरा गर्न सकिन्छ । मुलुकको आन्तरिक स्रोत परिचालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको आन्तरिक राजस्व विभागको क्रियाशीलताले राजस्व संकलनमा थप प्रभावकारिता हासिल भई सार्वजनिक वित्त सुदृढ हुँदै गएको छ। हाल यस विभागले ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ४३, र करदाता सेवा कार्यालय ३९ गरी जम्मा ८४ वटा कार्यालयबाट सेवा प्रवाह गर्दै आएको छ ।

आ.व २०७६/०७७ मा भएका मूख्य मूख्य प्रगतिलाई देहायअनुसार उल्लेख गरिएको छ ।

- आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक राजस्व विभागको लक्ष्य ५ खर्ब ०६ अर्ब १८ करोड रहेकोमा ३ खर्ब ८४ अर्ब ५३ करोड राजस्व संकलन भई लक्ष्यको तुलनामा ७५.९७ प्रतिशत प्रगति भएको छ । २०७७ असार महिनामा विभागको संशोधित लक्ष्य रु. ३७७ अर्ब कायम भएकोमा संशोधित लक्ष्यको तुलनामा १०१.९ प्रतिशत प्रगति भएको छ ।

- मूल्य अभिवृद्धि कर तर्फ शुरु लक्ष्य रु.३ खर्व १५ अर्ब निर्धारण भएकोमा रु. २ खर्व ५५ अर्ब ९७ करोड संकलन भएको छ । सो मध्ये पैठारीतर्फ १ खर्व ९६ अर्ब ६२ करोड लक्ष्य रहेकोमा रु. १ खर्व ५७ अर्ब ८२ करोड र आन्तरिक तर्फ १ खर्व १८ अर्ब ३८ करोड लक्ष्य रहेकोमा रु. ९८ अर्ब १४ करोड संकलन भएको छ । आन्तरिक तर्फ लक्ष्यको तुलनामा ८२.९२ प्रतिशत प्रगति भएको देखिन्छ । संशोधित लक्ष्य रु. ८८ अर्ब ५ करोड को तुलनामा १११.४८ प्रतिशत प्रगति भएको देखिन्छ ।

- आयकर तर्फ शुरु लक्ष्य रु.२ खर्व ४२ अर्ब ६२ करोड तोकिएकोमा रु. १ खर्व ९२ अर्ब ८५ करोड असुली हुन गई लक्ष्यको तुलनामा ७९.४९ प्रतिशत प्रगति भएको छ । संशोधित लक्ष्य रु. १८४ अर्ब ३९ करोडको तुलनामा १०४.८ प्रतिशत प्रगति भएको छ ।
- अन्तःशुल्कमा रु. १ खर्व ६९ अर्ब ९७ करोड शुरु लक्ष्य तोकिएकोमा रु. १ खर्व १२ अर्ब ९५ करोड संकलन भएको छ । अन्तःशुल्कको पैठारी तर्फ ६३ अर्ब ६७ करोड लक्ष्य रहेकोमा ४८ अर्ब ११ करोड र आन्तरिक तर्फ रु १ खर्व ६ अर्ब ३० करोड लक्ष्य रहेकोमा रु. ६४ अर्ब ८४ करोड असुली भएको छ । आन्तरिकतर्फ लक्ष्यको तुलनामा ६१ प्रतिशत प्रगति भएको देखिन्छ । कूल अन्तःशुल्क संकलन संशोधित लक्ष्य रु. ७९ अर्ब ७३ करोडको तुलनामा ८१.३२ प्रतिशत प्रगति भएको छ ।
- गत आर्थिक वर्ष २०७५/७६ मा प्रतिहजार कर संकलन लागत ४ रुपैयाँ २१ पैसा रहेकोमा यस आ.व. २०७६/७७ मा कर संकलन लागत ३ रुपैयाँ ६२ पैसामा झरेको छ ।
- विभाग र मातहत कार्यालयका कर्मचारीहरुलाई कर परीक्षण तथा व्यवस्थापन सम्बन्धी विभिन्न विषयमा १५ वटा तालिम संचालन गरिएको छ जसमा ३३५ कर्मचारी सहभागी भएका थिए । यसैगरी यस आर्थिक वर्ष भरीमा विभाग र अन्तर्गत कार्यालयमा कार्यरत ४४ जना कर्मचारीहरुलाई वैदेशिक तालिम, सेमिनार, अध्ययन भ्रमणमा सहभागी गराइएको छ।
- आन्तरिक राजस्व विभाग र विभाग अन्तर्गत कार्यालयको कूल बेरुजु ४७ अर्ब ४९ करोड ६९ लाख ३३ हजार रहेकोमा यस आर्थिक वर्षमा १३ अर्ब ५७ करोड ४९ लाख २० हजार फछ्र्यौट भएको छ । उक्त बेरुजु फछ्र्यौट कूल बेरुजुको २८.५८ प्रतिशत हुन आउँछ भने फछ्र्यौट लक्ष्यको ३८ प्रतिशत प्रगति भएको छ ।
- आर्थिक वर्ष २०७६/७७ सम्ममा व्यवसायिक स्थायी लेखा नम्वर (PAN) जम्मा १३,५८,९३४ र व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN) जम्मा १९,७३,४५२ प्रदान गरिएको छ । कूल करदाता संख्या ३३,३२,३८६ रहेको छ । साथै आर्थिक वर्ष २०७६।७७ मा सरकारी तथा अन्य संस्थाहरू गरी जम्मा ५१०६ लाई Withholdee PAN (WPAN) प्रदान गरिएको छ ।
- आर्थिक वर्ष २०७६/७७ मा मू.अ.कर तर्फ ४४,६३८ करदाताहरू दर्ता गरिएको छ । यस आर्थिक वर्ष सम्ममा २,५५,९६३ करदाताहरू मू.अ.करमा दर्ता भएका छन् ।
- आर्थिक वर्ष २०७६/७७ मा अन्तःशुल्क तर्फ ९४,२९२ करदातालाई अन्तःशुल्क इजाजत पत्र प्रदान तथा नवीकरण गरिएको छ ।
- आ.व २०७६/७७ मा २५५६ करदाताको पूर्ण कर परीक्षण सम्पन्न भएको छ । यसबाट आयकर तर्फ रु.५अर्ब ६६करोड, मु.अ.करतर्फ रु.१ अर्ब ३ करोड र अन्तशुल्कतर्फ रु.९९ करोड कर निर्धारण हुनुका साथै संशोधित कर निर्धारणबाट रु.४१ अर्ब ४० करोड नोक्सानी घटाइएको छ।
- मदिरा तथा सूर्तीजन्य वस्तुहरु उत्पादन गर्ने उद्योगहरुले कच्चा पदार्थ राख्ने गोदाम, तयारी पदार्थ राख्ने गोदाम, निष्कासन गर्ने ठाउँमा सीसीटीभी क्यामरा राख्ने व्यवस्था कार्यान्वयनमा ल्याईएको छ।

# भाग- १

# जानकारी

# १. सामान्य जानकारी

## १.१ परिचय

नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्न करदाताको कर सहभागिता लागत घटाउन, विद्युतीय सुशासन कायम गर्न, आन्तरिक कार्यप्रक्रिया सरलीकरण गर्न जोखिममा आधारित कर परीक्षण, प्रविधिमैत्री जनशक्ति विकास, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टिकरणको लागि संस्थागत सुधार गर्ने उदेश्यले साविकका कर विभाग तथा मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी विक्रम संवत २०५८ बैशाख २ गते कर विभागको रूपमा स्थापना भई २०५८ श्रावण १ देखि आन्तरिक राजस्व विभागको गठन भएको हो । विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हित अनुकूल बनाउँदै नेपालको कराधारको संरक्षण गर्ने गरी नीतिगत सुधार गर्न नेपालको सार्वजनिक व्यवस्थापनको क्षेत्रमा आन्तरिक राजस्व विभाग एक आधुनिक संगठनको रूपमा रहेको छ । आन्तरिक राजस्वका स्रोतमार्फत कर राजस्व परिचालनमा यस विभागको भूमिका महत्वपूर्ण रही आएको छ । नेपाल सरकारको कूल राजस्वमध्ये करिब आधा हिस्सा यस विभागबाट सङ्कलन हुने गरेको छ । विभागले आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क लगायतका कर कानुनको प्रशासन गर्दै आएको छ । यस विभागले १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालय समेत ८४ वटा कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ। वर्तमान संगठनात्मक संरचना अनुसार यस विभाग अन्तर्गत करीब १७०० जनशक्ति रहने गरी संगठन संरचना र दरबन्दी स्वीकृत भएको छ ।

## १.२ सोच, गन्तव्य, उद्देश्य, कार्यदिश, मान्यता, कार्यप्रणाली र प्रतिबद्धता

**सोच (Vision)**

फराकिलो कराधार, पारदर्शी एवं न्यायोचित कर प्रणालीमार्फत आर्थिक-सामाजिक विकासमा सहयोगी एवं सबल संगठनको रुपमा विकास गर्ने ।

**गन्तव्य (Mission)**

उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर सहभागिता सुनिश्चित गर्ने ।

**समग्र उदेश्य (Overall Objective)**

समतामूलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने ।

**कार्यदिश (Mandates)**

- कर प्रशासन तथा सुधार
- कर नीति तर्जुमा र कार्यान्वयन
- करदाता सेवा र शिक्षा
- अनुसन्धान र विकास
- सूचना प्रविधि व्यवस्थापन

**मुल्य मान्यता (Values)**

- सदाचार
- व्यवसायिकता
- स्वच्छता
- सम्मान
- सहकार्य
- नवप्रवर्तन

## विभागको कार्य प्रणाली

यस विभागले कर नीति एवं कानून तर्जुमाको मस्यौदा तयार गर्ने, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क तथा अन्य कर नीति तथा कानूनहरुको कार्यान्वयन गर्दछ । करको दायरा बिस्तार गर्ने, करदाताको स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न आवश्यक कार्यप्रणाली तथा कार्यक्रम लागू गर्ने, कर कानूनको परिपालना भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर जोखिममा आधारित भई कर कानूनहरुको कार्यान्वयन गर्ने, गराउने कार्य गर्दै आइरहेको छ।

यस सन्दर्भमा आन्तरिक राजस्व व्यवस्थापन गर्ने, सूचना प्रविधिको उपयोग गर्दै करदाता सेवा प्रदान गर्ने, सबै करदाताको पहिचान दिने गरी स्थायी लेखानम्बर जारी गर्ने, स्वयं कर निर्धारण प्रणालीलाई व्यवस्थित गर्दै सीमित करदाताको कर परीक्षण र अनुसन्धान गर्ने, सूचना प्रविधिको उपयोगबाट करदाता र कर प्रशासनको प्रत्यक्ष सम्पर्क घटाउँदै कर सहभागिता बढाउने, कर संकलन लागत घटाउने, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन जोड दिने जस्ता कार्यनीति तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । विभाग र अन्तरगत कार्यालयको कार्य संचालन प्रक्रियामा कार्यमूलक कार्यप्रणाली अवलम्वन गरिएको छ ।

**प्रमुख कार्यहरु (Functions)**

विभागबाट मुख्यतः करदाता सेवा, कर संकलन, कर फिर्ता, कर परीक्षण तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन, कर नीति तर्जुमामा परामर्श, अन्तर्राष्ट्रिय कर प्रशासन सम्बन्धी कार्य, कर नीति कार्यान्वयनमा कानुनी राय प्रदान गर्ने, प्रशासकीय पुनरावलोकन गर्ने, अन्तःशुल्क प्रशासन गर्ने, वित्तिय सूचनाको अभिलेखका लागि सूचना प्रणालीको विकास एवं प्रयोग र संस्थागत सुधार, क्षमता बिस्तार, आर्थिक प्रशासन, कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु सम्पादन गरिन्छ ।

## विभागले प्रशासन गर्ने मुख्य ऐन, नियमहरु

| ऐनहरु | नियमहरु |
|---|---|
| आयकर ऐन, २०५८ | आयकर नियमावली, २०५९ |
| मूल्य अभिवृद्धि कर ऐन, २०५२ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ |
| अन्तःशुल्क ऐन, २०५८ | अन्तःशुल्क नियमावली, २०५९ |
| मदिरा ऐन, २०३१ | मदिरा नियमहरु, २०३३ |
| साल बसाली आर्थिक ऐन | |

## विभागको प्रतिबद्धता

समृद्ध नेपाल निर्माणका लागि करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट स्वच्छता, समानता, तटस्थता र पारदर्शिता कायम गरी कर प्रशासन र करदाताबीच आपसी विश्वासको वातावरण श्रृजना गर्दे स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर कानुनको परिपालनामा जोड दिने, प्रकृयागत सरलीकरण गरी करदातालाई सरल सहज सेवा प्रदान गरी आन्तरिक राजस्व परिचालनमा महत्वपूर्ण योगदान दिने यस विभागको प्रतिबद्धता रहेको छ । उत्कृष्ट सेवा प्रवाहद्धारा प्रविधिमैत्री, लगानीमैत्री र करदातामैत्री कर प्रणालीको कार्यान्वयन गर्दै सशक्त, व्यावसायिक र दक्ष कर प्रशासनको परिचय दिन विभाग कटिबद्ध छ । विभागको दोस्रो रणनीतिक योजना आ.व २०७४/७५ देखि २०७८/७९ मार्फत समग्र कर प्रशासनलाई सुदृढ तुल्याउन देहायका ४ वटा क्षेत्रमा समग्र सुधार केन्द्रित छः

## क) कर नीतिहरुमा सुधार

- लगानी र आर्थिक वृद्धिमा सघाउ पुग्ने ढंगले कर नीतिको सुधार गर्ने
- कराधारलाई व्यापक र सुरक्षित बनाउने
- कर कानुन र प्रक्रियागत ढाँचाको सामञ्जस्य गर्ने
- नीति सिफारिसका लागि अनुसन्धान र विकासलाई पुनर्जिवित गर्ने

## ख) करदाता सेवा र शिक्षामा सुधार

- कर सहभागिता लागत घटाउन करदाता सेवामा सुधार गर्ने
- करसम्बन्धी सामग्री र सूचनाको विकास तथा अद्यावधिक गरी प्रसार गर्ने
- करदाता शिक्षा र अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने
- सेवा प्रवाह सम्बन्धमा सरोकारवालाहरुसँग सहकार्य गर्ने

## ग) सबलीकरण संयन्त्रको अभिवृद्धि

- सूचना सञ्जालमा सुधार
- करको दायरामा नआएका करदाताको पहिचान र मूल्याङ्कन गर्ने
- उच्च जोखिम वहन गर्ने करदाताको कर परिक्षण र अनुसन्धान गर्ने
- नियामक र अनुसन्धान गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने

## घ) संगठन तथा प्रणालीको सुदृढीकरण

- संगठन संरचनामा सुधार गर्ने
- पेशागत र विशिष्टीकृत मानवस्रोतको संस्थागत विकास गर्ने
- संस्थागत क्षमता सुदृढीकरण गर्ने
- पूर्ण क्षमताको विद्युतीय शासन प्रणालीको उपयोग गर्ने

## १.३ संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन

स्वयं कर निर्धारण, करको दायरा विस्तार तथा स्वतःस्फूर्त कर परिपालना, गुणस्तरीय कर परीक्षण र प्रभावकारी अनुसन्धान, व्यवहारिक तथा आवश्यकतामा आधारित करदाता शिक्षा, देशव्यापी रुपमा कर सम्बन्धी चेतनाको अभिवृद्धि तथा चुस्त र पारदर्शी सेवा प्रवाह जस्ता आधारभूत मान्यताहरुलाई सार्थक तुल्याउन आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना पूर्णतया कार्यमूलक प्रणाली (Functional System) अनुरुप कार्यान्वयनमा रहेको छ । विभागमा चार महाशाखाहरू रहेका छन् । प्रत्येक महाशाखा प्रमुखको रुपमा रा.प. प्रथम श्रेणीको उपमहानिर्देशक र प्रत्येक शाखामा रा.प द्धितीय श्रेणीको निर्देशक रहने व्यवस्था छ । यसका अतिरिक्त महानिर्देशकको प्रत्यक्ष मातहतमा रहने गरी प्रशासकिय पुनरावलोकन शाखा रहेको छ । जनशक्ति सहितको विस्तृत विवरण अनुसुचीमा समावेश गरिएको छ ।

### (क) नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय कर शाखा, कर प्रणाली सुधार शाखा, नीति विश्लेषण शाखा, कर परीक्षण पुनरावलोकन शाखा, योजना तथा मानव संसाधन विकास शाखा, कानून शाखा, सामान्य प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहेका छन्।

**(ख) सञ्चालन महाशाखा**

यस महाशाखा अन्तर्गत करदाता सेवा शाखा, कर परीक्षण व्यवस्थापन शाखा, राजस्व संकलन तथा प्रक्षेपण शाखा, बक्यौता तथा बेरुजु शाखा, अनुगमन तथा मूल्यांकन शाखा र कर फिर्ता शाखा रहेका छन्।

**(ग) अन्तःशुल्क तथा अनुसन्धान महाशाखा**

यस महाशाखा अन्तर्गत अन्तशुल्क व्यवस्थापन शाखा र अन्तःशुल्क नीति विश्लेषण तथा विकास शाखा, अन्तःशुल्क प्रयोगशाला, अनुसन्धान शाखा, सूचना संकलन तथा जोखिम विश्लेषण शाखा रहेका छन्।

**(घ) सूचना प्रविधि व्यवस्थापन महाशाखा**

यस महाशाखा अन्तर्गत व्यवस्थापन सूचना प्रणाली शाखा, सूचना संचार प्रविधि शाखा र सूचना प्रविधि परिपालना तथा सुरक्षा शाखा रहेका छन् । यस महाशाखाले समग्र कर प्रणालीलाई प्रविधिको सञ्जालमा आवद्ध गर्न र तदनरूप कार्य सञ्चालन गर्न मातहत कार्यालय एवं करदाताहरूलाई सहजीकरण गर्ने गर्दछ ।

## १.४ आगामी सुधारको सोच

अबका दिनमा आन्तरिक राजस्व विभागले निम्न क्षेत्रमा सुधारका कार्यहरू गर्नुपर्ने देखिन्छ।

**१.कर प्रणाली सुधार**

- अन्तर्राष्ट्रियस्तरमा आएको परिवर्तन तथा हाम्रो परिवर्तित परिवेशलाई समेत आत्मसात गर्दै कर कानूनमा समयसापेक्ष सुधार गरिनेछ।
- खोज एवं अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक कर शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा प्रवाह, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण तथा सो लक्ष्य हासिल गरिनेछ।
- सूचना, प्रमाण र अन्वेषणमा आधारित अनुसन्धान, जोखिमका सूचकमा आधारित गुणस्तरीय कर लेखापरीक्षण, कारोबारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यबोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली अवलम्वन गरी कर प्रशासन सञ्चालन गरिने छ।
- कर प्रणालीलाई थप प्रभावकारी बनाउन तथा बढ्दो विश्वव्यापीकरणले यस क्षेत्रमा ल्याएको परिवर्तनलाई समेत सम्बोधन गर्नसक्ने स्थायी संस्थापन निर्देशिका, मूल्य हस्तान्तरण निर्देशिका, स्वामित्व परिवर्तन सम्बन्धी निर्देशिका, दीर्घकालीन करार निर्देशिका तयार गरी लागू गरिने छ ।

- अन्तर्राष्ट्रिय कर नीति अन्तर्गत दोहोरो कर मुक्ति सम्झौता, मूल्य हस्तान्तरण, कर लेखा परीक्षण, कर सम्बन्धी सूचनाको आदान प्रदान समेतलाई व्यवहारिक रूपमा नै कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि गर्ने तर्फ जोड दिइने छ।

## २. कार्यप्रणाली सुधार

- विद्युतीय माध्यमबाट कर दाखिला गर्नसक्ने प्रणालीलाई थप परिमार्जन गरिने छ ।
- प्रविधिमैत्री कर प्रणालीको माध्यमबाट प्रक्रियागत सरलीकरणका गरिने छ ।
- विभाग तथा मातहत कार्यालयहरूबाट करदाता शिक्षा, सूचना, सञ्चार, अन्तरक्रिया लगायत अन्य जागरणका कार्यहरू सम्पादन गरिने छन् ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट सस्था, लेखापरीक्षक संघ लगायतका सम्बद्ध निकायहरूसँग करका विविध पक्षमा एवं कर कानून कार्यान्विन सम्बन्धमा आवश्यक राय परामर्श लिने कार्यको थालनी गरिने छ ।

## ३. करको दायरा बिस्तार

- करको दर बढाउने भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिने छ ।
- आयआर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई थप करदातालाई करको दायरामा ल्याइने छ ।
- करदाता दर्ता गर्न आवश्यक कागजात, दर्ता सम्बन्धी अभिलेखमा परिवर्तनको सूचना दिने प्रकृया र करदाता दर्ता तथा दर्ता खारेजी सम्बन्धी कार्यहरुलाई चुस्त र पारदर्शी बनाउँदै लगिने छ ।
- करदाताको अभिलेख अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई पुरानो अभिलेखलाई सूचना प्रविधिमा आधारित अभिलेखमा रूपान्तरण गरिनेछ । करदाताको अभिलेख तथा कम्प्युटर प्रणालीमा रहेका सूचना एवं अभिलेखहरूको सुरक्षाको विशेष व्यवस्था गरिने छ।

## ४. कर परिपालनामा सुधार

- स्थलगत अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट अनुगमन गरी कर परिपालना बढाइनेछ । कर कानूनको अवज्ञा गर्नेहरूलाई कानून बमोजिम सजायको दायरामा ल्याइनेछ ।
- विगतमा ठूलो परिमाणमा नक्कली बिल विजकको प्रयोगबाट मूल्य अभिवृद्धि कर छली भएको प्रकरणलाई ध्यानमा राखी मूल्य अभिवृद्धि कर छली नियन्त्रण गर्न नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।

- कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोबार गर्दा स्थायी लेखा नम्बर अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्थालाई अझ ब्यापक बनाइने, साथै व्यावसायिक प्रयोजनका लागि निश्चित रकम भन्दा बढीको ऋण लिंदा वा भुक्तानी गर्दा सो को जानकारी सम्बन्धित बैंक र करदाताले आफ्नो दर्ता रहेको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था मिलाईनेछ।

- कर परिक्षण तथा अनुसन्धान गर्दा राजस्व अनुसन्धान विभागले संचालनमा ल्याएको VCTS प्रणालीमा भएको तथ्याङ्क तथा भन्सार विभागमा रहेको ASYCUDA WORLD प्रणालीमा रहेको तथ्याङ्क समेतको उपयोग गरिने छ ।

- करदाता शिक्षा तथा जागरण अभियानको माध्यमवाट कर परिपालना बढाउने कार्यलाई अभियानको रुपमा अगाडि बढाइने छ।

## ५. न्यून बिजकीकरण नियन्त्रण

- ठूला करदाताहरूले जारी गर्ने कर बिजकलाई कम्प्युटर सफ्टवेयर मार्फत जारी गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिने छ।

- व्यापार व्यवसायको क्षेत्रमा आयात निर्यात गर्दाको अवस्थामा भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गा जमिनको खरिद विक्रीमा मालपोत कार्यालयमा हुने न्यून मूल्याङ्कन, बजारमा बस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बिजकीकरण र घर जग्गा बहालमा हुने न्यून घोषणाले राष्ट्रिय अर्थतन्त्र नै न्यून मूल्याङ्कन भएको छ । हरेक क्षेत्रमा हुने न्यून बिजकीकरण र न्यून मूल्याङ्कन नियन्त्रण गर्न सम्बद्ध सबै क्षेत्रसँग सहकार्य गरिनेछ ।

## ६. कर सूचना सञ्जाल र अनुसन्धान

- उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्यनियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग विभाग, बाणिज्य विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट दर्ताकै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोबार गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

- करको दायरामा नआएका विलासी जीवनशैली अपनाउने व्यक्तिहरूको विभिन्न श्रोतबाट सूचना संकलन गरी एकीकृत सूची तयार गर्ने, निगरानी बढाउने तथा करको दायरामा ल्याई कर असुल गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

- आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना सञ्चाल मार्फत सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ । राजस्व प्रशासनका विभिन्न क्षेत्र बीच प्राविधिक विषयहरूमा समन्वयात्मक ढंगले नीति निर्माणमा सुझाव आदान प्रदान गर्न

तथा कार्यान्वयन तहमा देखिएका समस्या समाधान गर्न प्राविधिक समितिहरू गठन गरी कार्यगत समन्वय कायम गरिने छ।

**७. कर परीक्षण सम्बन्धी**

- विद्यमान कर परीक्षण नीतिमा पुनरावलोकन, कर परीक्षण निर्देशिका परिमार्जन र कर परीक्षण सम्बन्धी प्रतिवेदन प्रणालीमा एकरुपता र प्रभावकारिता ल्याइने छ।
- कर परीक्षण पुनरावलोकन प्रणालीलाई अझ तथ्यपरक र मार्गदर्शक वनाउन विशेषज्ञहरूको सेवा लिने व्यवस्था मिलाईने छ ।
- कर परीक्षणमा सूचना प्रविधिको उपयोग गरिनेछ ।
- करदाताको कर परीक्षण छनौट सम्बन्धमा नयाँ मापदण्ड निर्धारण गरिने, साथै कर विवरण पेश भएको वा पेश गर्नु पर्ने मितिले ३ वर्षभित्र कर परीक्षण सम्पन्न गर्ने गरी कार्ययोजना बनाई लागू गरिने छ । कर परीक्षण गर्दा स्थलगत रुपमा करदाताको परिसरमा गई गर्ने कार्यबाट यथार्थताको सुनिश्चितता गरिने छ।

**८. कर बक्यौता असूली तथा बेरुजु फछर्यौट**

- बक्यौता असुलीको लागि विगत आ.व. मा जस्तै यस वर्ष पनि कार्ययोजना बनाई असुली कार्यमा कडाई गरिने छ ।राजस्व न्यायाधीकरणमा धेरै मुद्दा टुङ्गो लाग्न बाँकी रहेको कारणले पनि ठूलो बक्यौता अंक रहेको हुँदा शिघ्र न्याय निरुपणका लागि विभाग तथा कार्यालयहरुवाट गर्नुपर्ने कार्यहरु तत्काल सम्पादन गरिने र आवश्यक सहजीकरण गरिने छ ।

**९. अन्तःशुल्क व्यवस्थापन सम्बन्धी**

- अन्तशुल्क तर्फ हाल कार्यान्वयनमा रहेको भौतिक नियन्त्रण प्रणालीलाई क्रमश स्वयं निष्काशन प्रणालीमा रूपान्तरित गर्ने नीति अनुरूप सूर्ति तथा सूर्तिजन्य पदार्थलाई स्वयं निस्काशन प्रणालीमा लगिएको छ।ती वस्तुहरू कारखानाबाट निश्कासन गर्दा स्टीकर लगाउनु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । नक्कली स्टिकरको प्रयोग र स्टिकर नै प्रयोग नगर्ने प्रबृत्तिलाई निरुत्साहित गर्न आकस्मिक निरीक्षण टोली गठन गरी प्रभावकारी रूपमा परिचालन गरिने छ ।
- सरोकारवाला निकायसँस समन्वय गरी स्वदेशमा नै सुरक्षणयुक्त छपाई गरी गुणस्तरीय स्टिकरको आपूर्तिको सुनिश्चितता मिलाइनेछ ।
- अन्तःशुल्कमा हुने चुहावटलाई नियन्त्रण गर्न नियमित अनुगमन गरी देखिएका अनियमितता समेतलाई आधार लिई अन्य स्रोतहरुबाट समेत प्राप्त हुने सूचनाहरुको विश्लेषण गरी तत्काल अनुसन्धान र कारवाही गरिने छ।

- अन्तःशुल्क प्रशासनलाई आधुनिक कर प्रणाली तथा विभागको सूचना प्रविधि प्रणालीमा आन्तरिकीकरण गरिने छ ।
- अवैध मदिरा उत्पादन गर्ने व्यक्तिहरूलाई मदिरा ऐन तथा अन्तःशुल्क ऐन अनुसार गरिने सजायको अतिरिक्त कसुरको मात्राको आधारमा खाद्य ऐन अनुसार कारबाही गर्न समेत सिफारिस गर्ने परिपाटी बसाल्न आवश्यक व्यवस्था मिलाइने छ।
- मदिरा र सुर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामाग्री एकै स्थानवाट बिक्री वितरण गर्न नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरी निरन्तर अनुगमन गरिने छ।
- मदिरा एवं चुरोटको बिक्री वितरण नियमनलाई थप प्रभावकारी बनाइनेछ ।

## १०. सूचना प्रविधिको प्रयोग

- कर प्रशासनवाट प्राप्त हुने सेवामा करदाताहरुको सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रूपमा विकसित गरिनेछ । करसम्बन्धी सवै कार्य सूचना प्रविधि प्रणालीको माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासन बीचको भौतिक सम्पर्कलाई न्यून गर्दै लगिने छ।
- विद्युतीय भुक्तानी मार्फत राजस्व दाखिला गर्न सक्ने व्यवस्था शुरुवात भइसकेको सन्दर्भमा नेपाल राष्ट्र बैक समेतसँगको सहकार्यमा उक्त प्रणालीलाई अझ व्यापक र बिस्तारित रुपमा संचालन गरिने छ।

## ११. पुनरावलोकन तथा पुनरावेदन प्रणाली

विभागको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थालाई छरितो र करदाताहरूमा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गर्ने छ।

## १२. संगठनात्मक तथा भौतिक व्यवस्था

- आन्तरिक राजस्व विभागको कार्यबोझ तथा विशेषज्ञतालाई ध्यान दिई विभागको विद्यमान संगठन, जनशक्ति र कार्यप्रणालीको पुनरावलोकन गरी सांगठनिक संरचनालाई अझ बढी सुदृढ गरिने छ।
- करदातामैत्री सेवा सञ्चालनका लागि सुविधाजनक भवन निर्माण गर्ने र कार्यालयमा आवश्यक पर्ने सवारी साधन, विद्युतीय उपकरण एवं फर्निचरको व्यवस्था गरिने छ।

## १३. जनशक्ति विकास तथा तालिम

- कर प्रशासनमा कार्यरत जनशक्तिलाई शिपयुक्त, क्षमतायुक्त, सदाचारी र मनोवलयुक्त वनाउन नियमित तथा विशेष प्रकारका प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ।

- कर परीक्षणको गुणस्तर बृद्धि गर्न कर अधिकृतहरूको क्षमता र कार्य अनुभवको आधारमा मात्र कर परीक्षणको जिम्मा दिइनेछ। साथै, कर अधिकृतहरूलाई कर परीक्षण तथा अनुसन्धानमा अझ बढी जिम्मेवार बनाउन कर निर्धारणको गुणस्तर र प्रशासकीय पुनरावलोकन तथा आन्तरिक पुनरावलोकनमा देखिएका तथ्यहरूलाई अभिलेखीकरण गरी कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गरिने छ।
- सेवामा प्रवेश गर्ने नव प्रवेशी अधिकृतहरूलाई कर सम्वन्धी सघन तालिम दिएर मात्र पदस्थापन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ।

## १४. अन्तर्राष्ट्रिय सहयोगको परिचालन

- नेपालको कर प्रणाली सुधारका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारहरूबाट हालसम्म प्राप्त सहायता महत्वपुर्ण रहेको छ। आगामी दिनमा पनि विभागका आवधिक रणनीतिक तथा सुधार योजनाहरु कार्यान्वयन गरी नेपालको समग्र कर प्रणालीलाई क्षमतायुक्त, प्रतिष्पर्धी र करदाता मैत्री बनाउन त्यस प्रकारका द्विपक्षीय तथा बहुपक्षीय विकास सहायताहरुलाई परिचालन गरिने छ।
- विकास साझेदारबाट प्राप्त सहायता र सहयोगलाई विभागको संस्थागत क्षमता र कर्मचारीको क्षमता विकास तथा प्रणाली सुधारमा केन्द्रीत गर्दै नेपालको कर प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाइने छ ।

# भाग – २

# आर्थिक वर्ष २०७६/०७७ को समष्टिगत उपलब्धि

# २. आर्थिक वर्ष २०७६/७७ को समष्टिगत उपलब्धि

करप्रणालीमा सुधार गर्दै करको दायरा विस्तार गर्न विभाग सक्रिय रहेको छ । आर्थिक क्रियाकलापमा भएको विस्तार साथै विभागले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिपादन गरिएका कर सम्बन्धी नविनतम मान्यता, प्रविधि, उपकरणको अवलम्बन एवं प्रशासनिक संरचनाको समसामयिक सुधारका कारणले पछिल्ला बर्षहरूमा करको आधार तथा दायरा फराकिलो हुँदै गएको छ ।

राजस्व परिचालनलाई पारदर्शी र करदातामैत्री बनाउने, करको दायरा बढाउने, कर सहुलियत तथा सुविधा वृद्धि गर्ने, चुहावट नियन्त्रण गर्ने, करदातामैत्री वातावरण श्रृजना गरी करदाता सेवामा गुणस्तर वृद्धि गर्ने, राजस्व जोखिमका सूचकांकमा आधारित कर परीक्षण तथा अनुसन्धान, कर्मचारीको क्षमता तथा दक्षता विकास, जस्ता कार्यनीतिहरू अवलम्बनको फलस्वरुप स्वेच्छिक कर सहभागिता अभिवृद्धि भई पछिल्ला आर्थिक बर्षहरूका तुलनामा आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजस्व विभागले गर्ने राजस्व संकलनमा वृद्धि भएको छ । आ.व २०७६/७७ को महत्वपूर्ण उपलब्धिहरु देहायबमोजिम रहेको छ।

आर्थिक वर्ष २०७६/७७ को लागि अर्थ मन्त्रालयबाट आन्तरिक राजस्व विभागलाई शुरुमा ५खर्व ६३ अर्ब १८ करोड लक्ष्य तोकिएको थियो । कोभिड १९ को अवस्था विश्लेषण गरी अर्थ मन्त्रालयबाट २०७७ असारमा लक्ष्य समायोजन गरी रु.३७७ अर्ब कायम गरिएको थियो । विभागवाट यस आर्थिक वर्षमा जम्मा रु.३ खर्व ८४ अर्ब ५३ करोड राजस्व संकलन भई सुरु लक्ष्यको ७५.९७ प्रतिशत र सम्सोधित लक्ष्यको तुलनामा करिब १०१.९८ प्रतिशत प्रगति भएको देखिन्छ । आ.व. २०७५/७६ को तुलनामा आ.व. २०७६/०७७ को राजस्व असुलीको वृद्धिदर ७.२६ प्रतिशत रहन गएको देखिन्छ । यसैगरी आन्तरिक राजस्व विभाग अन्तर्गत गत वर्षको यसै अवधिसँग तुलना गर्दा आयकर, मूल्य अभिवृद्धि कर संकलनमा वृद्धिदर क्रमशः १३ प्रतिशत, ११ प्रतिशत रहेको छ भने अन्तःशुल्कको संकलनमा ११ प्रतिशतले कमी आएको छ । यस प्रगति समीक्षामा राजस्व परिचालनको समग्र अवस्था र संरचनागत विश्लेषण तथा गत वर्षको कर नीतिको कार्यान्वयनबाट प्राप्त महत्वपूर्ण उपलब्धिहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

- मूल्य अभिवृद्धि करः शुरु लक्ष्य रु. ३ खर्व १५ अर्ब लक्ष्य निर्धारण भएकोमा रु. २ खर्व ५५ अर्ब ९७ करोड असूल भएको छ । सो मध्ये पैठारीतर्फ १ खर्व ९६ अर्ब ६२ करोड लक्ष्य रहेकोमा रु. १ खर्व ५७ अर्ब ८२ करोड र आन्तरिक तर्फ १ खर्व १८ अर्ब ३८ करोड लक्ष्य रहेकोमा रु. ९८ अर्ब १५ करोड असुल भएको छ । आन्तरिक तर्फ शुरु लक्ष्यको तुलनामा ८२.९२ प्रतिशत संशोधित लक्ष्य रु. ८८ अर्ब ५ करोड को तुलनामा १११.४८ प्रतिशत प्रगति भएको देखिन्छ ।

- आयकरः शुरु लक्ष्य रु.२ खर्व ४२ अर्ब ६२ करोड लक्ष्य तोकिएकोमा रु. १ खर्व ९२ अर्ब ८५ करोड असुली हुन गई लक्ष्यको तुलनामा ७९.४९ प्रतिशत प्रगति भएको छ ।संशोधित लक्ष्य रु. १८४ अर्ब ३९ करोडको तुलनामा १०४.८ प्रतिशित प्रगति भएको छ ।
- अन्तःशुल्कःरु. १ खर्व ६९ अर्ब ९७ करोड लक्ष्य तोकिएकोमा रु. १ खर्व १२ अर्ब ९५ करोड असुली भएको छ । अन्तःशुल्कको पैठारी तर्फ ६३ अर्ब ६७ करोड लक्ष्य रहेकोमा ४८ अर्ब ११ करोड र आन्तरिक तर्फ रु १ खर्व ६ अर्ब ३० करोड लक्ष्य रहेकोमा रु. ६४ अर्ब ८४ करोड असुली भएको छ । आन्तरिकतर्फ सुरु लक्ष्यको तुलनामा ६१ प्रतिशत प्रगति भएको देखिन्छ । संशोधित लक्ष्य रु. ७९ अर्ब ७३ करोडको तुलनामा ८१.३२ प्रतिशत प्रगति भएको छ ।
- शिक्षा सेवा शुल्कः रु.१ अर्ब १५ करोड २३ लाख लक्ष्य रहेकोमा रु ५८ करोड ३४ लाख असुली भई ५०.६३ प्रतिशत प्रगति भएको देखिन्छ ।
- स्वास्थ्य सेवा करः रु ३ अर्ब ४५ करोड ५० लाख असुली भएको देखिन्छ ।

## २.१ कुल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात

**तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा राजस्व परिचालनको योगदान अनुपात**

**(रु. अर्बमा)**

| आर्थिक वर्ष | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन (चालु उपभोक्ताको मूल्यमा) | २१३०.१५ | २२५३.१६ | २६७४.४९ | ३०४४.९२ | ३४५८.७९ | ३७६७.०४ |
| कूल राजस्व | ४०५.८७ | ४८१.९७ | ६०९.१८ | ७२६.७२ | ८३९.६६ | ७९३.७८ |
| कुल गार्हस्थ उत्पादन/ कुल राजस्व अनुपात (%) | १९.१ | २१.३९ | २२.८० | २३.८७ | २३.९८ | २२.३३ |
| कर राजस्व | ३५५.९६ | ४२१.१० | ५५३.८७ | ६५९.४९ | ७३८.६० | ७००.०५ |
| कुल गार्हस्थ उत्पादन/ कर राजस्व अनुपात (%) | १६.७१ | १८.६९ | २०.७१ | २१.६६ | २१.३५ | १८.५८ |

नोटः कुल गार्हस्थ उत्पादनको तथ्यांक केन्द्रीय तथ्यांक विभागबाट र कूल राजस्व , कर राजस्वको तथ्यांक अर्थ मन्त्रालयबाट लिईएको हो ।

आ.व.२०७१/०७२ मा कुल गार्हस्थ्य उत्पादनमा राजस्वको योगदान १९.१ प्रतिशत रहेकोमा तत्पश्चात यो अनुपात क्रमश वृद्धि हुँदै गएको छ । आ.व. २०७५/०७६ मा आइपुग्दा कुल गार्हस्थ्य उत्पादनमा कुल राजस्वको योगदान २३.९९ प्रतिशत रहेको थियो । आर्थिक सर्वेक्षणमा अनुमान गरिएको यस आ.व २०७६/०७७ को GDP रु.३७६७.०४ अर्बमा यस आ.व २०७६/०७७ को कुल राजस्व ७९३.७८ अर्बले हुन आउने अनुपात २१.०७ प्रतिशत देखिन्छ । यसैगरी कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको

योगदान आ.व. २०७१/०७२ मा १६.७१ प्रतिशत रहेकोमा आ.व २०७५/०७६ मा २१.३५ र आ.व २०७६/०७७ १८.५८ प्रतिशत रहेको देखिन्छ । यसरी आ.व २०७६/७७ मा गत आ.व. को तुलनामा कुल गार्हस्थ उत्पादनमा कुल राजस्व तथा कर राजस्वको अनुपातमा कमी आएको देखिन्छ । कोभिड १९ ले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावका कारणले राजस्व असुलीमा समेत नकरात्मक असर पुगेको देखिन्छ ।

**कूल गार्हस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात**




*चित्र नं. १*

## २.२ कुल गार्हस्थ्य उत्पादनसँग मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क परिचालनको अवस्था

**तालिकाः २ कूल गार्हस्थ उत्पादनमा मू.अ.कर,आयकर र अन्तःशुल्कको अनुपात**

| Year | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 |
|---|---|---|---|---|---|---|
| Ratio of Excise to GDP | 2.52 | 2.92 | 3.17 | 4.14 | 3.52 | 2.68 |
| Ratio of IT to GDP | 4.16 | 5.21 | 5.54 | 5.27 | 5.61 | 5.84 |
| Ratio of VAT to GDP | 5.58 | 5.43 | 5.99 | 6.82 | 6.97 | 5.95 |




*चित्र नं. २*

तालिका २ मा कुल ग्राईस्थ उत्पादनसँग मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क अनुपात विश्लेक्षण गरिएको छ । जस अनुसार कुल गार्हस्थ उत्पादनमा मूल्य अभिवृद्धि करको योगदान आ.व. २०७१/०७२ मा ५.५८ प्रतिशत रहेकोमा आ.व. २०७५/७६ मा ६.९७ र आ.व २०७६/०७७ मा ५.९५ प्रतिशत रहेको छ ।

आयकरतर्फ कुल ग्राईस्थ उत्पादनसँगको अनुपातमा आ.व. २०७१/०७२ मा ४.१६ प्रतिशत रहेकोमा आ.व २०७६/०७७ मा ५.८४ पुगेको छ ।

यसैगरि कुल गार्हस्थ उत्पादनमा अन्तःशुल्कको योगदान आ.व. २०७१/०७२ मा २.५२ प्रतिशतबाट वृद्धि भई आ.व २०७५/७६ मा आइपुग्दा ३.५२ प्रतिशत पुगेको र आ.व २०७६/०७७ मा केही कमी आइ २.६८ प्रतिशत पुगेको छ ।

विगत ५ वर्षको तथ्यांकलाई विश्लेषण गर्दा कर राजस्वका प्रत्येक क्षेत्रको योगदान प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ । करदाताको कर परिपालनामा भएको वृद्धि, कर कानुनको प्रभावकारी कार्यान्वयन, नीतिगत क्षेत्रमा भएका सुधार जस्ता कुराहरुले कुल ग्राईस्थ उत्पादनमा कर राजस्वको अनुपात बढेको छ । तर आ.व २०७६/०७७ को पछिल्लो ४ महिनामा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीका कारणबाट अर्थतन्त्रमा प्रतिकुल प्रभाव पर्न गई राजस्व संकलनमा समेत गिरावट आएकोले अघिल्लो आ.व को तुलनामा केहि घट्न गएको देखिन्छ ।

## २.३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

कुल राजस्व संकलनमा आन्तरिक राजस्व विभागबाट संकलन हुने राजस्वको योगदान बढ्दै गएको छ ।तालिका ३ मा विगत ५ वर्षमा संकलन भएको राजस्वको तथ्यांकलाई विश्लेषण गरिएको छ । जस अनुसार आर्थिक वर्ष २०७१/७२ मा कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान करिब ३९ प्रतिशत रहेकोमा आ.व २०७६/७७ मा आईपुग्दा ४८.४३ प्रतिशत पुगेको छ ।

**तालिकाः ३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान (रु. अर्बमा)**

| Year | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 |
|---|---|---|---|---|---|---|
| Total Revenue (bn) | 405.86 | 481.96 | 609.18 | 732.23 | 859.6 | 793.78 |
| IRD's Collection(bn) | 160.09 | 204.43 | 258.17 | 298.65 | 358.35 | 384.53 |
| Share % | 39.44% | 42.42% | 42.38% | 40.79% | 41.69% | 48.43 |




*चित्र नं. ३*

## २.४ राजस्वको संरचनागत योगदान

कर राजस्वको दायरा विस्तार भई कुल राजस्व संकलनमा कर राजस्वको अंश उल्लेखनीय रुपमा वृद्धि भएको छ । कर प्रशासनको प्रभावकारिता र यसको उत्तरदायित्व बढ्नु, करदाताको कर सहभागिता लागत र समयमा क्रमशः अपेक्षित सुधार हुँदै जानु साथै कर कानुनका नीतिगत मार्गदर्शनहरु समय सापेक्ष रुपमा उचित दिशातर्फ उन्मुख हुँदै जानु लगायतका कारणहरुले कर राजस्वको दायरा तथा योगदानलाई वृद्धि गर्दै लगेको छ ।

| तालिकाः ४ आ.व. २०७६/७७ मा राजस्वको संचरनात्मक योगदान | |
|---|---|
| **राजस्वको प्रकार** | रकम रु. अर्बमा |
| कर राजस्व | ७००.०५ |
| गैह्र कर राजस्व | ९३.७३ |
| कूल राजस्व | ७९३.७८ |

आ.व. २०७६/७७ को कूल राजस्वको संकलन रु. ७ खर्ब ९३ अर्ब भएकोमा कर राजस्व रु. ७ खर्व संकलन भएको छ भने गैह्र कर राजस्व रु.९३ अर्ब संकलन भएको छ। कुल राजस्व संकलनमा गत आ.व. २०७५/७६ मा कर राजस्वको हिस्सा ८८.३० प्रतिशत पुगेको छ भने यस आ.व. २०७६/७७ मा कर राजस्वको हिस्सा ८८.२७ प्रतिशत देखिन्छ ।

| तालिका ५ : आ.व. २०७६/७७ मा शीर्षकगत राजस्व संकलनको बनौट | |
|---|---|
| **राजस्वको प्रकार** | रकम रु. अर्बमा |
| भन्सार महसुल | १३७.९९ |
| मू अ कर | २२४.०७ |
| अन्तशुल्क | १००.६२ |
| अयकर | १९७.६९ |
| व्याजकर | २१.९९ |
| अन्य कर | १७.६८ |
| कूल कर राजस्व | ७००.०५ |
| गैर कर राजस्व | ९३.७३ |
| जम्मा राजस्व | ७९३.७८ |

## २.५ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

तालिका ६ मा कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान प्रस्तुत गरिएको छ । आर्थिक वर्ष २०७१/७२ मा कूल कर राजस्व रु.३५५.९६ अर्ब मध्ये १६०.०९ अर्ब करिब ४५ प्रतिशत आन्तरिक राजस्व विभागबाट संकलन भएको थियो । आर्थिक वर्ष २०७६/७७ मा ७०० अर्ब कर राजस्व संकलन भएकोमा आन्तरिक राजस्व विभागबाट ३८४.५३ अर्ब करिब ५५ प्रतिशत संकलन भएको देखिन्छ । यस अनुसार कूल कर राजस्वमा आन्तरिक राजस्व विभागबाट संकलित राजस्व अनुपात वृद्धि भएको देखिन्छ ।

| तालिका ६: कूल कर राजस्व संकलनमा आन्तरिक राजस्वको योगदान (अर्बमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| Heading | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 |
| Total Tax Revenue (bn) | 355.96 | 421.09 | 547.48 | 659.49 | 759.01 | 700 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| IRD’s Collection(bn) | 160.09 | 204.43 | 258.17 | 298.65 | 358.35 | 384.53 |
| IRD's Share on Tax Revenue | 44.97% | 48.55% | 47.16% | 45.28% | 47.21% | 54.92% |




*चित्र नं. ४*

## २.६ शाखागत विश्लेषण

### २.६.१ करदाता सेवा शाखा

कराधार विस्तार गर्ने, कर सहभागिताको स्तर अभिवृद्धि  गर्ने, करदातालाई कर कानुन परिपालना गर्न सक्षम बनाउन करदाता शिक्षाको कार्यक्रम सञ्चालन गर्ने, कर प्रशासनको प्रभावकारिताको लागि सूचना संकलन गर्ने, करदाताका सूचनाको भण्डारण गर्ने,  यसको उपयोग गर्नका लागि आन्तरिक रूपमा सूचना प्रवाह गर्ने, करदातालाई विद्युतीय माध्यमबाट सेवा प्राप्त गर्नसक्ने र कार्यालयले सेवा दिनसक्ने गरी नवीन प्रविधिको प्रयोग र विकासमा जोड दिने लगायतका कार्यहरु यस शाखावाट सम्पादन हुन्छन् । कर प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि करदाता र सरोकारवालासँग निरन्तर अन्तर्क्रिया गर्ने र समग्र कर प्रणाली सुधारका लागि नीतिगत, प्रशासनिक, कार्यविधिगत सुधार गर्दै लैजाने तथा विभाग मातहतका कार्यालय तथा करदाताबीच सम्पर्क बिन्दुका रुपमा समन्वय र सहजीकरण गर्ने कार्यसमेत यस शाखाबाट हुँदै आएको छ ।

**(क) करको दायरा बिस्तारः**

- आर्थिक वर्ष २०७६।७७मा १,९४,१९२ करदातालाई व्यवसायिक स्थायी लेखा नम्वर (PAN) प्रदान गरिएको र यस आर्थिक वर्षसम्ममा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या १३,५८,९३४ पुगेको ।
- आर्थिक वर्ष २०७६।७७ मा ९,८२,६३९ लाई व्यक्तिगत स्थायी लेखा नम्बर (P -PAN) प्रदान गरिएको र यस आर्थिक वर्ष सम्ममा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या १९,७३,४५२ पुगेको ।
- आर्थिक वर्ष २०७६।७७मा मू.अ.कर तर्फ ४४,६३८ करदाताहरू दर्ता भई यस आर्थिक वर्षसम्म २,५५,९६३ करदाताहरू मू.अ.करमा दर्ता भएको ।
- आर्थिक वर्ष २०७६।७७ मा अन्तःशुल्कतर्फ ९४,२९२ करदातालाई अन्तःशुल्क इजाजतपत्र प्रदान तथा नवीकरण गरिएको ।
- आर्थिक वर्ष २०७६।७७ मा सरकारी तथा अन्य संस्थाहरू ४,३६९ लाई Withholder PAN Number (WPAN) प्रदानगरी यस आर्थिक वर्षसम्ममा जम्मा ५,१०६ करदाताले Withholder PAN Number प्राप्त गरेका ।

**(ख) करदाता शिक्षा कार्यक्रमः**

- देशभर ८०४ वटा करदाता शिक्षा, अन्तरक्रिया तथा तालिम कार्यक्रम सम्पन्न भएका छन् ।
- करदाता शिक्षा कार्यक्रमलाई कर दाताको प्रकृति तथा करको ज्ञानको आवश्यकता अनुरुप वर्गिकरण गरि कर शिक्षा प्रदान गरिएको र कर सम्बन्धी विविध जानकारीको लागि ब्यानर, ब्रोसर तथा हाते पुस्तिका प्रकाशन तथा वितरण गरिएको छ ।
- कर शिक्षा कार्यक्रमलाई स्थानीय तहसम्म बिस्तार गरी प्रभावकारी बनाइएको ।

**(ग) कर सहभागितामा बृद्धिः**

- आर्थिक वर्ष २०७६/०७७ मा ७,००,२६१ आयविवरण प्राप्त भएको छ । गत आ.व. २०७५/०७६ उक्त संख्या ६,८२,८८३ रहेको थियो ।
- आर्थिक वर्ष २०७६/०७७ मा १,५२,३४५ अग्रिम कर कट्टीको विवरण प्राप्त भएको । आ.व. २०७५/०७६मा १,३५,५२४ अग्रिम कर कट्टीको विवरण प्राप्त भएको थियो ।
- आर्थिक वर्ष २०७५।७६ मा मू.अ.कर विवरण पेश नगर्ने करदाताहरू २५.१० प्रतिशत रहेकोमा आ.व २०७६।७७ को अन्त्यमा कर विवरण पेश नगर्ने करदाताहरू ३८.४६ प्रतिशत रहेको देखिन्छ । चैत्र महिनाको शुरुदेखि शुरु भएको देशव्यापी लकडाउनको कारण विवरण प्राप्तिमा प्रत्यक्ष असर परेको पाइयो । साथै नेपाल सरकारले आम करदातालाई सुविधा प्रदान

गर्ने हिसाबले कर विवरण र कर तिर्ने म्याद थप गरेकोले समेत कर विवरण पेश नगर्ने करदाता संख्या वृद्धि भएको छ ।

- आर्थिक वर्ष २०७५/७६ मा ५६,२२८ करदाताको विवरण अद्यावधिक गरिएकोमा यस आ.व. २०७६/७७ मा ७६,९१५ करदाताको विवरण अद्यावधिक गरिएको ।
- आर्थिक वर्ष २०७५/०७६ मा ८,१२३ आय विवरणको Rapid verification गरी रू.७५ करोड ६५ लाख कर निर्धारण गराइएकोमा आ.व २०७६/०७७ मा ६६१० आय विवरणको Rapid verification गरी रू ८३ करोड २५ लाख कर निर्धारण गरिएको छ । Rapid verification तर्फ प्रति फाइल कर निर्धारण आ.व. २०७५/०७६ मा रु.९३,१४०.०० रहेकोमा आ.व. २०७६/०७७ मा रु.१,२५,९५२।०० पुगेको छ ।

**तालिकाः ७ करको दायरा तथा कर सहभागिताको अवस्था**

| १ | **करको दायरा विस्तार** | **२०७४/७५** | **२०७५/७६** | **२०७६/७७** |
|---|---|---|---|---|
| | व्यवसायिक स्था.ले.नं. | ११६०९७ | १९९१६६ | १९४१९२ |
| | व्यक्तिगत स्था.ले.नं. | ७९९७३ | २२९८५० | ९८२६३९ |
| | मू. अ. कर दर्ता | २०९३९ | ३६५३२ | ४४६३८ |
| | अन्तःशुल्क इजाजत | ५९१४७ | ६८२१३ | ९४२९२ |
| | Withholder PAN | | ७३७ | ४३६९ |
| २ | **कर सहभागितामा बृद्धि** | | | |
| | आय विवरणको प्राप्ति | ६१५६६६ | ६८२८८३ | ७००२६१ |
| | आय विवरण ननफाइलर | ४६ % | ४८ % | ५० % |
| | मू. अ. कर ननफाइलर | २३.६८ % | २५.१० % | ३८.४६ % |
| | टि. डि. एस विवरण प्राप्ति | १२३०८० | १३५५२४ | १५१३४५ |
| ३ | **भेरिफिकेशन** | | | |
| | Rapid verification No. | १००७४ | ८१२३ | ६६१० |
| | Rapid Verification Amount (000) | २२४७५७६ | ७५६५७१ | ८३२५४४ |
| | Tax payer Update No. | ४०९०२ | ५६२२८ | ७६९१५ |

## मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था

आ.व २०७५/०७६ मा कूल मूल्य अभिवृद्धि विवरणको संरचनात्मक अवस्थालाई हेर्दा VAT Filer/Non Filer क्रमशः ७४.९ र २५.१ प्रतिशत रहेकोमा आ.व. २०७६/०७७ मा ६१.५४ र ३८.४६ प्रतिशत रहेको छ । Debit VAT Return आ.व. २०७१/०७२ मा १८.९८ प्रतिशत रहेकोमा आ.व. २०७२/०७३ मा १३.३० प्रतिशतमा झरेको छ भने आ.व. २०७४/०७५मा १४.०६ प्रतिशत आ.व. २०७५/०७६ मा २५.०६ प्रतिशत पुगेको छ । पुनः आ.व. २०७६।७७ मा २२.१७ प्रतिशत

रहेको देखिन्छ । त्यसैगरी Credit VAT Return आ.व. २०७१/०७२ मा ४४.०३ प्रतिशत रहेकोमा आ.व. २०७२/०७३ मा ५१.११ प्रतिशत, आ.व. २०७३/०७४ मा ५१.१४ प्रतिशत आ.व. २०७४/७५ मा ५१.९७ प्रतिशत भएको देखिन्छ । आ.व. २०७५/७६ मा Credit Return ४५.९ प्रतिशत रहेको देखिन्छ भने आ.व. २०७६।७७ मा ४८.३८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको तुलनामा Debit VAT Return को प्रतिशत घट्नु र Credit VAT Return को प्रतिशत बढ्नुको मुख्य कारण पनि कोभिड १९ को महामारीको कारण उत्पन्न असहज परिस्थितिले आर्थिक गतिविधीमा आएको शिथिलता नै प्रमुखरुपमा जिम्मेवार रहेको देखिन्छ ।

**तालिकाः ८ मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था**

| | 2071/70 72 | 2072/073 | 2073/074 | 2074/075 | 2075/076 | 2076/077 |
|---|---|---|---|---|---|---|
| Debit Returns (%) | 18.98 | 13.30 | 13.25 | 14.06 | 25.6 | 22.17 |
| Credit Returns (%) | 44.03 | 51.11 | 51.14 | 51.97 | 45.9 | 48.38 |
| Zero Returns (%) | 25 | 35.58 | 35.61 | 33.97 | 28.5 | 29.44 |
| Debit Amounts(In Arab) shown in M3 | 3.40 | 44.8 | 49.32 | 69.85 | 12.69 | 11.23 |
| Credit Amounts (In Arab)shown in M3 | 17.77 | 26.4 | 29.16 | 38.19 | 39.74 | 42.40 |
| Ratio of credit Amount to debit amount (Times) | 5.22 times | 0.59 Times | 0.59 Times | 0.54 Times | 3.13 Times | 3.77 Times |

Zero VAT Return को संख्या आ.व. २०७१/०७२ मा २५प्रतिशत, २०७२/०७३ मा३५.५८ प्रतिशत रहेको छ । त्यस्तै आ.व. २०७३/७४ मा ३५.६१ प्रतिशत,आ.व. २०७४/०७५ मा ३३.९७ रहेको देखिन्छ भने आ.व. २०७५/७६ मा २८.५ प्रतिशत र २०७६/०७७ मा आइपुग्दा २९.४४ प्रतिशत रहेको देखिन्छ । Debit Amountको तुलनामा Credit Amount को अनुपातलाई हेर्दा आ.व. २०७१/०७२ मा यसको अनुपात ५.२२ गुणा, आ.व. २०७२/०७३ मा ०.५९ गुणा, आ.व. २०७३/७४ मा ०.५९ रहेकोमा आ.व. २०७४/७५ मा ०.५४ गुणा रहेको थियो । उक्त संख्या आ.व. २०७५/७६ मा ३.१३ गुणा रहेकोमा आ.व. २०७६/७७ मा ३.७७ गुणा रहेको छ ।

गत आर्थिक वर्षको तुलनामा VAT Nonflier को प्रतिशत बढ्नुको मुख्य कारण कोभिड १९ को महामारीको कारण उत्पन्न असहज परिस्थिति र लामो समयसम्म देशैभरी बन्दाबन्दी (Lockdown)को अवस्था रहनुले करदाताले समयमै विवरण पेश गर्न नसकेको साथै नेपाल सरकारले कर तिर्ने म्याद २०७७ भदौसम्म थप गरेकोले यस आ.व.मा VAT Nonflier को प्रतिशत अस्वभाविक रुपमा वृद्धि हुन गएको देखिन्छ ।

आगामी दिनमा करको दायरा बिस्तार तथा कर सहभागिता अभिवृद्धि गर्न करदाता शिक्षा तथा अनुगमनलाई थप प्रभावकारी र बिस्तार गरी अभिलेख प्रणालीलाई अझ व्यवस्थित तथा दुरुस्त बनाउनु पर्ने देखिन्छ ।

## करदाता सेवा शाखावाट सम्पादित अन्य कार्यहरु

### १. करदाताहरुको Log Off/Log On

विभाग अन्तर्गतका कार्यालयहरुको स्वीकृत संगठन संरचनाअनुसार कार्यालयहरुको कार्यक्षेत्र निर्धारण तथा अधिकार समेत प्रत्यायोजन भइ ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाताहरुको कारोबार सीमा वार्षिक रु. ८० करोड भन्दा बढी, मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतका करदाताहरुको कारोबार सीमा वार्षिक ४० करोड देखि रु. ८० करोड सम्म र आन्तरिक राजस्व कार्यालयका कार्यक्षेत्रभित्र रहने करदाताहरुको कारोबारको सीमा वार्षिक रु. ४० करोड निर्धारणभएको हुंदा सोही बमोजिम करदाताहरुलाई Log off गरी Log Onगरिएकोमा आ.व. २०७६/०७७ मा दुई दुई वर्षको कारोबारको आधारमा करदाताको कार्यक्षेत्र Log off गरी Log On गर्ने सम्बन्धमा निर्णयका लागि अर्थ मन्त्रालयमा फाइल पठाइएकोमा मन्त्रालयबाट ठूला तथा मध्यमस्तरीय करदाता कार्यालयमा सर्ने करदाताको बोझ हेरेर थ्रेसहोल्ड परिवर्तन गर्ने गरी आगामी वर्ष समयमै अध्ययन विश्लेषण गरी प्रस्ताव पेश गर्ने तथा यस आर्थिक वर्षका लागि जुन करदाता जुन कार्यालयको कार्यक्षेत्र भित्र रहेको छ सोही कार्यालयले प्रशासन गर्ने गरी व्यवस्था मिलाउन भनी लेखिआए बमोजिम यस वर्ष कुनै पनि करदाताको Log off गरी Log On गरिएको छैन ।

### २. आठौं राष्ट्रिय कर दिवस, २०७६

- प्रत्येक वर्ष जस्तै यस वर्ष पनि आठौं राष्ट्रिय कर दिवस, २०७६ मूल समारोह आयोजक समिति र विभिन्न कार्यगत उपसमितिहरु गठन गरी सप्ताहब्यापी दिवस मनाउने क्रममा २०७६ मार्ग १ गते राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा भव्यताका उदघाटन कार्यक्रम सम्पन्न गरिएको । सोही अवसरमा राजस्वमा उल्लेखनीय योगदानगर्ने करदाताहरु र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रमहरु सम्पन्न भयो ।
- सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सहित आठौं राष्ट्रिय कर दिवस, २०७६ मनाउने क्रममा देशका मुख्य मुख्य शहरहरुमा राष्ट्रियस्तरका कलाकारहरु मार्फत राष्ट्रव्यापी कर जागरणको कार्यक्रम सम्पन गरियो ।

### ३. सूचना, प्रकाशन र प्रशारणः

- करदाताहरुलाई कर कानुनमा भएका प्रावधानहरुका सम्बन्धमा सुसूचित गरी कर सहभागिता अभिवृद्धि गर्न विभिन्न जानकारीमूलक सूचनाहरु तयार गरी प्रसार प्रचार गरिएको ।

- कर सम्बन्धी विद्यमान व्यवस्थाहरु तथा आर्थिक ऐन,२०७६ ले प्रदान गरेका सुविधाहरु तथा कर कानुनहरुमा गरिएका परिवर्तनहरु सम्बन्धी सूचना प्रकाशन र प्रशारण गरिएको ।

### ४. Call Centre मार्फत सेवा प्रवाह

Call Centre मार्फत सेवाग्राहीहरुको जिज्ञासाहरुको उत्तर दिने कार्य निरन्तररुपमा सम्पादन हुदै आएकोछ ।

### ५. Biometric प्रणालीको कार्यान्वयन

यस आ.व.मा आन्तरिक राजस्व कार्यालय टंगाल र आन्तरिक राजस्व कार्यालय नयाँसडकमा वायोमेट्रिक प्रणालीको सुरुवात गरि करदाताको रेकर्ड अपडेट गरिएको ।

### ६. सुधारिएका करदाता दर्ता फारामको प्रयोग

करदाता दर्ता कार्यलाई सूचनामूलक र थप गुणस्तरीय बनाउन सुधारिएका करदाता दर्ता फाराम तयार पारि २०७७ श्रावण १ गते देखिनै लागू गर्ने अवस्थामा रहेको छ ।

### ७. SITC को सट्टा NSIC को कार्यान्वयन

साविकदेखि संचालनमा रहेको SITC कोडको सट्टा तथ्यांक विभागले तयार पारेको Nepal Standard Industrial Classification (NSIC) मा आधारित कोड तयार पारी २०७७ श्रावण १ गते देखि नै लागू गरिएको छ ।

### ८. कार्यालय संख्या बिस्तार

आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयबाट प्रदान गरिने सेवालाई जनताको नजिकबाटै प्रदान गर्ने नीति अनुरुप संगठन तथा व्यवस्थापन सर्भे सम्पन्न भई साबिकका जुम्ला, डडेलधुरा, कावासोती र इटहरीका करदाता सेवा कार्यालयहरुलाई स्तरोन्नति गरी आन्तरिक राजस्व कार्यालयमा परिवर्तन गर्ने र आ.रा.का. जोरपाटी कार्यालय स्थापना गर्ने तथा २६ वटा नयाँ करदाता सेवा कार्यालय स्थापना गर्ने निर्णय भई उक्त कार्यालयहरु स्थापनाको क्रममा रहेका छन् । अव देशभर १ वटा ठूला करदाता कार्यालय, १ वटा मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता सेवा कार्यालय गरी कूल ८४ वटा कार्यालयले सेवा प्रदान गर्नेछन् ।

## २.६.२ सूचना संकलन, अनुसन्धान तथा जोखिम विश्लेषण शाखा

आन्तरिक तथा वाह्य श्रोतहरुवाट प्राप्तभएको सूचना तथा उजुरीहरुलाई आधार लिएर तथा करदाताहरुले कार्यालयमा पेश गरेका विभिन्न विवरणहरुको अध्ययन, विश्लेषणका साथै जोखिम सूचकाङ्कहरुको आधारमा अनुसन्धानको कार्य अघि बढाउने रणनीति लिई सोहीअनुसार अनुसन्धान सम्बन्धी

कार्यगत परिसूचकहरु निर्धारण गरी कार्यालयगत वार्षिक लक्ष्य कायमगरी सोको अनुगमन गर्रिदै आएको छ ।

आन्तरिक राजस्व कार्यालयहरुमा कर परीक्षण तथा अनुसन्धान शाखाबाट नै अनुसन्धान समेतको कार्य सम्पादन हुने गरेको छ ठूला करदाता कार्यालय तथा मध्यमस्तरीय करदाता कार्यालयमा अनुसन्धान शाखाका रुपमा छुट्टै शाखा संचालनमा रहेको छ ।

आन्तरिक राजस्व विभागको आ.व. २०७६।७७ मा भएको संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम अन्तशुल्क तथा अनुसन्धान महाशाखा अन्तर्गत सूचना संकलन, जोखिम तथा विश्लेषण शाखा र अनुसन्धान शाखा कायम गरिएको छ यसवाट कर चुहावट नियन्त्रण एवं अनुसन्धान कार्य थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

विद्युतीय सूचना व्यवस्थापन प्रणाली (EIMS) मा प्रविष्टि गरिएको प्रगति तथ्यांकको आधारमा आर्थिक वर्ष २०७६/०७७ सहित ५ आर्थिक वर्षको अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको प्रगति तथा प्रतिफल (Yield Per Case) लाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिकाः ९ आन्तरिक राजस्व कार्यालयहरुको कर परीक्षण अनुसन्धानको विवरण**

| **Indicators** | **Performance 2076/77** | **Performance 2075/76** | **Performance 2074/75** | **Performance 2073/74** | **Performance 2072/73** |
|---|---|---|---|---|---|
| | | **Detail Investigation** | | | |
| Comprehensive Investigation (No. of cases) | 249 | 353 | 655 | 856 | 942 |
| Amendment / Assessment of IT ('000) | 1625979 | 469306 | 484568 | 438336 | 254373 |
| **Yield Per case ('000)** | 6530 | 1329 | **740** | **512** | **270** |
| Management Assessment of VAT (000) | 821071 | 344679 | 442106 | 351389 | 244742 |
| **Yield Per case ('000)** | 3297 | 976 | **675** | **410** | **260** |
| Total | 2447050 | 813985 | 926674 | 789725 | 499385 |
| **Yield Per case ('000)** | 9827.5 | 2305 | **1415** | **923** | **530** |

आन्तरिक राजस्व कार्यालयहरुको विस्तृत अनुसन्धान सम्पन्न भएका करदाताको संख्या विगत वर्षहरुको तुलनामा न्युन रहेता पनि कर निर्धारण उपलब्धिमा सुधार भएको देखिन्छ ।

**तालिकाः१० ठूला करदाता तथा मध्यमस्तरीय करदाता कार्यालयको कर परीक्षण अनुसन्धान विवरण**

| **Indicators** | **Performance 076/077** | **Performance 075/076** | **Performance 2074/75** | **Performance 2073/74** | **Performance 2072/73** |
|---|---|---|---|---|---|
| Comprehensive Investigation (No) | 23 | 18 | 159 | 138 | 147 |
| EDP Based Investigation (No) | 14 | 6 | 24 | 27 | 48 |
| AA of IT (Rs 000) | 516043 | 423938 | 500305 | 1085269 | 647972 |
| **Yield Per case ('000)** | **22436.65** | **23552** | **3147** | **7864** | **4408** |
| MA of VAT (Rs. 000) | 361662 | 70300 | 187811 | 203357 | 148906 |
| **Yield Per case ('000)** | **15724.43** | **3906** | **1181** | **1474** | **1013** |
| Total | 877705 | 494238 | 688116 | 1288626 | 801286 |
| **Yield Per case ('000)** | **38161.09** | **27458** | **4328** | **9338** | **5451** |

आ.व.२०७६/०७७ मा ठुला तथा मध्यमस्तरीय करदाता कार्यालयहरुको अनुसन्धानको संख्याको प्रगति लक्ष्य भन्दा वढी भएता पनि प्रतिफलमा भने उल्लेख्य रुपमा सुधार भएको देखिदैन ।

**अनुसन्धान संख्यातर्फ**

आ.व.२०७६/०७७ मा प्रारम्भिक अनुसन्धानको प्रगति लक्ष्य अनुरुप हुन नसकेको तर विस्तृत अनुसन्धानतर्फ लक्ष्य भन्दा प्रगति भएको देखिन्छ । विद्युतीय तथ्यांक प्रशोधनमा आधारित अनुसन्धान (EDP) को संख्यागत लक्ष्य अनुरुप प्रगति हुन सकेको देखिदैन। विगत ४ वर्षको लक्ष्य प्रगतिको विवरण निम्नानुसार रहेको छ ।

**तालिकाः ११ अनुसन्धान तर्फको लक्ष्य र प्रगति**

| **Indicators** | **2076.077** | | **2075.76** | | **2074.75** | | **2073.74** | |
|---|---|---|---|---|---|---|---|---|
| | **Target** | **Performance** | **Target** | **Performance** | **Target** | **Performance** | **Target** | **Performance** |
| Pre-Investigation (No. of Cases) | 1285 | 453 | 1187 | 1048 | 975 | 1009 | 900 | 1200 |
| Comprehensive Investigation (No. of cases) | 100 | 272 | 265 | 371 | 601 | 814 | 589 | 994 |
| EDP Based Investigation (No) | 100 | 22 | 92 | 48 | 174 | 114 | 24 | 43 |

**कर निर्धारण तर्फः**

अनुसन्धानवाट कर निर्धारण तर्फको निर्धारित लक्ष्य हासिल भएको देखिन्छ । विगत ४ वर्षको लक्ष्य प्रगतिको विवरण निम्नानुसार रहेको छ ।

## तालिकाः १२ अनुसन्धानबाट कर निर्धारण तर्फको लक्ष्य र प्रगति

| Indicators | 2076.77 | | 2075.76 | | 2074.75 | | 2073.74 | |
|---|---|---|---|---|---|---|---|---|
| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
| Amendment / Assessment of IT('000) | 1092000 | 1625979 | 831600 | 893244 | 877500 | 984873 | 876600 | 1523605 |
| Management Assessment of VAT(000) | 909900 | 821071 | 733300 | 414979 | 275000 | 629917 | 273400 | 554746 |
| Excise Assessment (000) | 12000 | 452431 | 733300 | 414979 | 275000 | 629917 | 273400 | 554746 |

विस्तृत अनुसन्धानको संख्यामा निरन्तर रूपमा कमी आएको तर प्रतिफलमा भने सुधार भएको देखिन्छ । आयकर र अन्तःशुल्क तर्फ लक्ष्य अनुरुप प्रगति भएता पनि मू.अ.कर निर्धारण लक्ष्य अनुसार हुन सकेको देखिँदैन । अनुसन्धानको गुणस्तरमा सुधार गर्न जोखिमका परिसूचकहरुको निर्माण,भरपर्दो सूचनाको संकलन र विश्लेषण गरी जोखिममा आधारित अनुसन्धानमा जोड दिनुपर्ने देखिन्छ ।

आ.व. २०७६/०७७ मा विगत वर्षहरुमा यस शाखावाट सम्पादन गरिने कार्यहरुका अतिरिक्त केही नयाँ कार्यगत लक्ष्यहरु थप भएका थिए । जस्तै पूँजीगत लाभ कर (घरजग्गा तथा शेयर कारोबारको) को छानबिन, न्यून बिजकीकरण (मु.अ.कर ऐन २०५२ को दफा १३) को छानबिन, Professional हरुको छानविन, आन्तरिक तथा बाह्य सूचनाका आधारमा गरिने छाबिन, अप्रत्यक्ष विधिका माध्यमबाट गरिने अनुसन्धान आदि रहेका छन । नयाँ थप भएका अनुसन्धानका विषयहरुका सम्बन्धमा तालिम प्रदान गर्नुका साथै अप्रत्यक्ष विधिका मार्गदर्शन तयार गरी कार्यालयहरुमा पठाएको थियो । यी लक्ष्यहरुमा आंशिक प्रगति भएको देखिन्छ । यी लक्ष्यहरु विगतमा नरहेकोले तुलनात्मक तालिकामा समावेश भएको छैन ।

### कमजोरी तथा समस्याहरु

१. अनौपचारिक तथा विद्युतीय कारोबार सम्बन्धी सूचनाहरु प्राप्त गर्ने संयन्त्र नहुनु

२. EDP मा आधारित अनुसन्धान गर्न दक्षता तथा ज्ञानको कमी

३. जोखिमका परिसूचकहरुको पहिचान गर्न नसक्नु, विकास र समयसापेक्ष रुपमा परिमार्जन नहुनु ।

४. जोखिम विश्लेषण गर्न सक्ने क्षमताको अभाव

५. ASYCUDA World System,TSA, LMRS, र ITS को Interface गरी Risk Profiling गर्ने प्रणालीको विकास हुन नसक्नु ।

६. अन्तर्राष्ट्रिय कर, Transfer Pricing, PE, दीर्घकालीन करार, स्वामित्व हस्तान्तरण आदि विषयका तालिमको अपर्याप्तता र निर्देशिका बन्न नसक्नु ।

७. सम्बद्ध निकायहरुबीच आवश्यक समन्वय र सहकार्य कमजोर रहेको ।

८. अनुसन्धानको लागि तत्पर जनशक्तिको कमी रहेको ।

**सुधारका क्षेत्रहरु**

१. सूचनामा अधारित बजार अनुगमन गर्नुपर्ने ।

२. सम्बद्ध निकायहरुको प्रणालीबीच अन्तर आबद्धता कायम गरी Risk Profiling गर्ने प्रणालीको विकास गर्नुपर्ने । CBMS प्रणालीमा प्राप्त सूचनाहरुको विश्लेषण गर्ने प्रणालीको विकास गर्ने

३. जोखिमका परिसूचकहरुको पहिचान, विकास र परिमार्जनमा जोड दिनुपर्ने ।

४. अनौपचारिक कारोबार सम्बन्धी सूचना प्राप्त गर्न सुराकी परिचालनलाई थप प्रभावकारी बनाउने ।

५. अन्तराष्ट्रिय कर, Transfer Pricing, PE, दीर्घकालीन करार, स्वामित्व हस्तान्तरण आदि विषयमा तालिम र अध्ययनमा जोड दिनुका साथै निर्देशिका तयार गर्ने ।

६. अनुसन्धानकर्ताको मनोबल उच्च राख्न सुरक्षा, सुविधा र अवसरहरुको न्यायोचित वितरण गर्ने ।

७. जनशक्तिका आधारमा आन्तरिक राजस्व कार्यालयहरुमा छुट्टै अनुसन्धान शाखाको व्यवस्था गर्ने ।

८. विद्युतीय कारोबार (Digital Transaction) सम्बन्धी सूचना प्राप्त गर्न सूचना प्रविधि विज्ञको सेवा लिने ।

९. सम्बद्ध निकायहरु जस्तै अ.दु.अ.आयोग, राजस्व अनुसन्धान विभाग, स.शु.अ. विभाग, वित्तिय जानकारी इकाई आदि बीचको समन्वय र सहकार्यलाई सुदृढ गर्न नियमित रुपमा छलफल एंव अन्तक्रियामा जोड दिनुपर्ने ।

## २.६.३ सूचना प्रविधि व्यवस्थापन शाखा

सूचना प्रविधि व्यवस्थापन शाखा अन्तर्गतका आ.व. २०७६/७७ मा सम्पादन भएका कार्यहरुको प्रगति देहाय बमोजिम उल्लेख गरिएको छ ।

**<u>सूचना संचार प्रविधि शाखा</u>**

१. डाटा सेन्टरको पूर्वाधारहरु स्तरोन्नति गरिएको, नयाँ सर्भर, स्टोरेज जडान गरिएको, वेब एप्लिकेशन फायरवाल सहितको लोडब्यालेन्सर जडान गरी ITS को लोड व्यवस्थापन गरिएको ।

२. जेनेरेटर, यु. पि. एस. तथा ब्याट्री आदि Power System Upgrade गरी जडान गरिएको ।

३. सिंहदरबारस्थित सरकारी एकीकृत डाटा सेन्टर (GIDC) मा ITS को डाटा स्वचालित रुपमा Replication हुने व्यवस्था गरिएको ।
४. महालेखा नियन्त्रकको कार्यालय तथा भन्सार विभागको सूचना प्रणालीसँग स्वचालित रुपमा सूचना आदानप्रदान गर्ने व्यवस्था गरिएको ।
५. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट संचालित नागरिक एपसँग API Integration गरी स्थायी लेखा नम्बरको विवरण तथा स्था. ले. न. मा स्रोतमा करकट्टी (TDS) भएको विवरण हेर्ने व्यवस्था गरिएको ।
६. बायोम्याट्रिक कर दर्ता प्रणाली विकास गरी करदाताको डिजिटल फोटो, फिंगरप्रिन्ट र हस्ताक्षर सहितको बायोम्याट्रिक विवरण दर्ता प्रणाली संचालन गरिएको ।
७. आर्थिक ऐन २०७७ बमोजिमका प्रावधानहरु बमोजिम एकीकृत कर प्रणालीमा परिमार्जन गरिएको ।

**<u>व्यवस्थापन सूचना प्रणाली शाखा</u>**

१. बैंकले ITS मार्फत करदाताको कारोबार हेर्न सक्ने प्रणाली विकास गरी करदाताले ऋणको लागि ITS मार्फत समेत निवेदन दिने तथा बैंकले ITS मार्फत करदाताको कारोबार हेर्न सक्ने व्यवस्था गरिएको ।
२. D–०३ आयकर विवरणको अनुसूची १३ संशोधन तथा अनुसूची ९ थप गरि प्रणाली विकास गरिएको, अनुसूची१३ मा कारोबारसम्बन्धी (Balance Sheet) सम्बन्धी विवरण थप गरिएको, खरिद र बिक्रीलाई वर्गीकृत गरिएको, अनुसूची ९थप गरी करछुट हुने कारोबार सम्बन्धी विवरण राखिएको ।
३. नयाँ D-०४ आयकर विवरण प्रणाली विकास गरिएको, व्यक्तिगत स्था.ले.नं. भएका सबै करदाताले D-०४ आयकर विवरण पेश गर्न सक्ने व्यवस्था गरिएको ।
४. नयाँ मोबाईल एप विकास गरिएको, विद्युतीय भुक्तानी मोबाईल एपबाट गर्न सकिने, करदाता तथा कर्मचारीको छुट्टाछुट्टै लगईन व्यवस्था, करदाताले आफ्नो विवरणहरु हेर्नसक्ने, कर्मचारीले राजस्व संकलन र दर्ता विवरण हेर्न सक्ने, एन्ड्रोईड र एप्पल IOS प्लेटफर्ममा विकास गरिएको ।
५. स्वयं कर विवरण संशोधन गर्ने प्रणाली विकास गरिएको, करदाताले पेश गरेको आयकर विवरण एक महिना भित्र स्वयं संशोधनको लागि पेश गर्न सक्ने प्रणाली विकास गरिएको ।
६. विद्युतीय भुक्तानीमा मू. अ. कर फिर्ता प्रणाली विकास गरिएको, विद्युतीय भुक्तानीमा मू. अ. कर फिर्ताको कार्यप्रक्रिया निर्धारण भई ITS मा भुक्तानी प्रणाली सञ्चालक (PSO) र भुक्तानी सेवा प्रदायक (PSP) सँग कर फिर्ता सम्बन्धी प्रणाली Integration तथा करदाताले करफिर्ता दिएको रकम मिलान गर्ने व्यवस्था समावेश गरिएको ।
७. बेरुजु व्यवस्थापन प्रणाली विकास गरी प्रयोगमा ल्याईएको ।
८. करचुक्ता प्रमाणपत्र प्रणाली सुदृढिकरण गरी D-०२ Tax Clearance प्रणाली तयार, वेबसाईटको PAN Search मा करचुक्ता प्रमाणपत्र सम्बन्धी विवरण राखिएको, करदाताले लगईन गरी आफ्नो

करचुक्ता प्रमाणपत्र हेर्नसक्ने एवम् भन्सार विभागको Exim Code प्रणालीसँग कर चुक्ता प्रमाणपत्र सम्बन्धी विवरण Integration गरिएको ।

९. Mismatch Resolve प्रणाली सुदृढीकरण गरिएको, नयाँ अनुसूची १३ बमोजिमका विवरणको आधारमा Mismatch विवरण तयार तथा कार्यालयहरुले Batch Mismatch Resolve र Remarks गरी अर्को कार्यालयमा समेत पठाउन सकिने व्यवस्था गरिएको ।

१०. करदाता दर्ता प्रक्रिया नयाँ NSIC कोडको प्रयोग गरिएको, पुराना करदाताहरुको SITC कोडलाई NSIC मा Mapping गरिएको ।

११. बैंकबाट डे-०१ आय विवरण र कर भुक्तानी गरी स्वतः भेरिफाई गर्ने प्रणाली विकास गरिएको छ ।

१२. व्यक्तिगत, व्यावसायिक तथा विथहोल्डर स्था.ले.नं. को दर्ता प्रणालीमा विविध नयाँ विवरणहरु सहित प्रणाली अद्यावधिक गरिएको ।

<u>सूचना प्रविधि परिपालना तथा सुरक्षा शाखा</u>

१. एकीकृत कर प्रणालीको एप्लिकेशन तथा डाटावेस सुरक्षा सुदृढीकरण सम्बन्धी कार्य गरिएको ।

२. विभागको डाटा सेन्टरमा आन्तरिक तथा बाह्य थ्रेट एवम् DDOS लगायतका जोखिमहरु नियन्त्रणको लागि वेब एप्लिकेशन फायरवाल जडान गरिएको ।

३. विभागमा संचालित कम्प्युटर तथा सर्भरहरुलाई Active Directory Service मा आबद्ध गरिएको।

४. विभाग र अन्तर्गतका कार्यालयहरुमा Enterprise Endpoint Security तथा Anti-Virus सफ्टवेयर जडान गरिएको ।

## २.६.४ योजना तथा मानव संशाधन विकास शाखा

आन्तरिक राजस्व विभागको कार्यशैली तथा कार्यकुशलतामा समय सापेक्षिक रुपमा परिवर्तन गरी विभागलाई वर्तमान विश्व परिवेशमा राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमै प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता रहेको छ । सोही आवश्यकतालाई परिपूर्ति गर्ने तर्फ पहल गर्न विभागमा योजना तथा मानव संसाधन विकास शाखा रहेको छ । नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा अन्तर्गत रहेको यस शाखाले विभागले गर्ने कार्यहरुलाई योजनाबद्ध तरिकाले अगाडि बढाउने र आगामी दिनहरुमा विभागमा रहेका जनशक्तिलाई कार्यकुशल र प्रतिस्पर्धी बनाउन आवश्यक तालिम तथा अन्य सीपहरु उपलब्ध गराउने कार्यक्रमहरु संचालन गर्ने वा सहभागी गराउने कार्य गर्दछ । कुनै पनि संगठनको उद्देश्य पूरा गर्नका लागि उक्त संस्थामा कार्यरत जनशक्तिको प्रभावकारी व्यवस्थापन अपरिहार्य हुन्छ । संगठनका अन्य श्रोतसाधनको समेत उच्चतम परिचालन गर्नका लागि मानव संसाधन विकास पहिलो सर्त हो । सेवाको गुणस्तरीयता बढाउन तथा कार्य सम्पादनको स्तरलाई वृद्धि गर्नका लागि संगठनमा कार्यरत कर्मचारीको ज्ञान तथा सीपमा समय सापेक्ष अभिवृद्धि हुन जरुरी रहन्छ । विश्व जगतमा निरन्तर र नियमित रुपमा भैरहेको प्रविधिको विकास तथा आफ्नो कार्यसम्पादनसँग सम्बन्धित विषयमा भएका खोज अनुसन्धानबाट आएका

नयाँ विषयवस्तुसँग कर्मचारीहरु सुसूचित हुनु आवश्यक छ । यसै विषयलाई मध्यनजर गरी यस शाखावाट विभिन्न सयममा सान्दर्भिक विषयवस्तुमा तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु, स्वदेशी तथा वैदेशिक सेमिनार, गोष्ठीमा कर्मचारीलाई सहभागी गराउने जस्ता मानव संसाधन विकासका गतिविधि संचालन गर्ने गरेको छ।

**शाखाको मूख्य कार्य जिम्मेवारीः**

१. विभागको वार्षिक योजना, रणनीति तयार गर्ने ।

२. विभागीय योजना तयार गर्ने क्रममा विभागका विभिन्न शाखाहरु तथा अन्तर्गतका कार्यालयहरुसँग समन्वय गरी योजना तयार गर्ने ।

३. विभागीय वार्षिक योजना बमोजिम कार्य भए नभएको अनुगमन गर्ने ।

४. विभागको वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र सूचना श्रोतको विकास गर्ने ।

५. कर्मचारीहरुको क्षमता विकास तथा वृत्ति विकासको लागि तालिम, अध्ययन अनुसन्धानात्मक कार्य योजना तयार गर्ने ।

६. विभागीय रुपमा संचालन गरिने तालिम कार्यक्रमहरुका लागि विभागकै कर्मचारीहरु मध्येबाट प्रशिक्षकको व्यवस्था गर्ने र आवश्यक परे अन्य निकायबाट पनि प्रशिक्षक आमन्त्रण गर्ने ।

७. विभागमा वा देशका अन्य स्थानमा विभाग अन्तर्गतका कर्मचारीहरुलाई संलग्न गरी तालिम, गोष्ठी, सेमिनारको संचालन गर्ने ।

८. देशभित्रका अन्य निकायहरुबाट संचालित तालिम, गोष्ठी तथा सेमिनारमा विभागको तर्फबाट भाग लिन मनोनयनका लागि सिफारिस गर्ने ।

९. विभिन्न अन्तराष्ट्रिय निकायहरुबाट तालिम, गोष्ठी तथा अन्य कार्यक्रमका लागि प्राप्त सिटहरुमा उपयुक्त कर्मचारीको चयन गरी भाग लिन पठाउन सिफारिस गर्ने ।

१०. आवश्यकता अनुसार व्यवस्थापन गोष्ठी आयोजना गर्ने।

**आर्थिक वर्ष ०७६/०७७ मा सम्पादित कार्यहरुः**

१ **व्यवस्थापन गोष्ठीको आयोजनाः** आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुले आ.व. २०७५/०७६ मा सम्पादन गरेका कार्यहरुको समीक्षा गर्दै २०७६/०७७ को राजस्व नीति एवं कार्यक्रम र कर कानूनका परिवर्तित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको रणनीति तय गर्नका लागि व्यवस्थापन गोष्ठी आयोजना गरिएको ।

२ **सुधार कार्ययोजना तर्जुमाः** विभागको रणनीतिक योजनाले परिलक्षित गरेका दीर्घकालीन सोच, ध्येय र विकासात्मक उद्देश्यहरु पूरा गर्नका लागि समग्र आन्तरिक राजस्व प्रशासनले आर्थिक वर्ष २०७५/७६ सम्म सम्पादन गर्नु पर्ने कार्यहरुको प्राथमिकीकरण गरी तेस्रो सुधार कार्ययोजना २०७७/७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको ।

३ **तालिम संचालनः** कर सम्बन्धी आधारभूत विषय र कर परीक्षणको दौरानमा देखिएका विभिन्न विषयगत मुद्दाहरु (Issue Based) जस्तै विद्युतीय कारोबारमा करारोपण, स्थायी संस्थापन, नियन्त्रणमा परिवर्तन जस्ता विषयहरु समेत समावेश गरेर १५ वटा तालिम सम्पन्न गरी विभाग र मातहत कार्यालयहरुमा कार्यरत ३३५ जना कर्मचारीहरुलाई तालिममा सहभागी गराइएको ।

४ **वैदेशिक मनोनयन:** करसम्बन्धी विषयहरु विभिन्न अन्तराष्ट्रिय संस्थाहरुबाट संचालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा प्राप्त सिट अनुसार विभाग र मातहत कार्यालयमा कार्यरत कर्मचारीहरु मध्येबाट ४४ जना कर्मचारीहरुलाई बैदेशिक तालिम कार्यक्रममा सहभागी गराइएको ।

५ **अर्ध वार्षिक समीक्षा तथा व्यवस्थापन गोष्ठीः** विभाग र अन्तर्गतका कार्यालयहरुले आ.व. २०७६/०७७ को पौष मसान्तसम्म सम्पादन गरेका कार्यहरुको समीक्षा गरी बाँकी अवधिका लागि रणनीति तय गर्न र आगामी आर्थिक बर्षका लागि गरिने नीतिगत परिवर्तनका लागि आवश्यका पृष्ठपोषण दिने अभिप्रायले देशभरका कर कार्यालयका प्रमुख तथा विभागका पदाधिकारीहरुलाई सहभागी गराई अर्धवार्षिक समीक्षा तथा व्यवस्थापन गोष्ठी सम्पन्न गरियो ।

६ **स्मारिका प्रकाशन:** आठौ राष्ट्रिय कर दिवसको अवसर पारेर कर तथा राजस्व प्रशासनसँग सम्बन्धित विषयहरुलाई समावेश गरी राष्ट्रिय कर दिवस स्मारिका २०७६ प्रकाशन गरिएको ।

७ **तनाव व्यवस्थापन (Stress Management) सम्बन्धी कक्षा संचालनः** मुलुक लामो समयसम्म लकडाउनमा रही त्यसबाट हरेक कर्मचारीको दैनिक काम कारबाहीमा पारेको प्रतिकूल असरले कर्माचारीहरुको मनोवृत्तिमा समेत पर्न गएको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने अभिप्रायले कर परिवारका कर्मचारीहरुलाई लक्षित गरी विद्युतीय माध्यमबाट तनाव व्यवस्थापनसम्बन्धी कक्षा संचालन गरिएको थियो । उक्त तालिमका विभाग तथा मातहत कार्यालयहरुबाट ८८ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

८ **कर वुलेटिन प्रकाशनः** विभाग र अन्तर्गतका कार्यालयका गतिविधिहरुलाई समेटी २०७६ श्रावण देखि असोजसम्म मासिक रुपमा र कार्तिक देखि त्रैमासिक रुपमा कर बुलेटिन प्रकाशन तथा वितरण गरिएको ।

९ **विकास साझेदारहरुसँगको समन्वय र सहकार्यः** संस्थागत सुदृढीकरण र क्षमता विकासका लागि सहयोग गर्ने GIZ, IMF लगायतका विभिन्न विकास साझेदारहरुसँग सहकार्य र समन्वय गर्ने कार्यलाई निरन्तरता दिइएको ।

## २.६.५ अनुगमन तथा मूल्याङ्कन शाखा

बार्षिक नीति तथा कार्यक्रम बमोजिमको कार्य प्रगति प्रतिवेदन गर्ने,राजस्व असुली लगायत स्वीकृत कार्यमूलक परिसूचकहरुको मासिक अर्धबार्षिक बार्षिक लक्ष्य तथा कार्य प्रगतिको मासिक समिक्षा गर्ने,

कार्यमूलक परिसूचक संशोधन तथा थपघट गर्ने, बिभाग  मातहतका कार्यालयहरुको विभागीय अनुगमन तथा निरीक्षण कार्यक्रमको समन्वय तथा संयोजन गर्ने, महानिर्देशक, उपमहानिर्देशक, निर्देशक र कार्यालय प्रमुखबीच कार्यसम्पादन सम्झौता गरी समग्र विभागको राजस्व असुली तथा कार्यमूलक परिसूचकको कार्यान्वयन तथा कार्य सम्पादन व्यवस्थापन लगायतका कार्य यस शाखावाट सम्पादन हुँदै आएको छ । कोभिड १९ को असहज परिस्थितिमा हुँदाहुँदै पनि आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको कार्य सम्पादनस्तरलाई थप गुणस्तरीय, सेवाग्राहीमैत्री एवं प्रविधिमैत्री बनाउने उद्देश्यले आ.व. २०७६/०७७ मा सबै आन्तरिक राजस्व कार्यालयहरूको अनुगमन सम्पन्न गरियो । अनुगमनमा महानिर्देशकज्यूबाट कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरुलाई तोकिएको राजस्व असुली तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न, कर परीक्षण तथा अनुसन्धानको कार्यलाई थप गुणस्तरीय बनाउन, सेवा प्रवाहलाई छिटो, छरितो एवं थप प्रविधिमैत्री बनाउन, उच्च मनोबल, सदाचार र सुशासनमा जोड दिई कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

आ.व. २०७६/०७७ मा आन्तरिक राजस्व कार्यालयहरूलाई तोकिएको कार्यगत लक्ष्य र प्रगति अनुसारको कार्यालयको शाखागत प्रगति र कूल कार्यसम्पादनको अंक देहाय बमोजिम रहेको छ ।

**तालिकाः १३ कार्यालयहरुको समग्र कार्यसम्पादन स्तर**

| Office Name | Audit | | Appeal | | Collection | | Investigation | | TP Services | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | P | G | P | G | P | G | P | G | P | G | P | G |
| Baglung - 2202 | 69.46 | B | | | 90.4 | A+ | | | 85.4 | A+ | 81.57 | A |
| Simara - 16 | 76.11 | A | | | 72.44 | B | | | 95.22 | A++ | 80.56 | A |
| Dhulikhel- 2901 | 69.49 | B | | | 70.33 | B | | | 90.18 | A+ | 75.99 | A |
| Pokhara - 22 | 60.55 | C | | | 80.05 | A | | | 87.03 | A+ | 75.32 | A |
| Mahendranagar - 21 | 58.85 | C | | | 78.63 | A | | | 89.11 | A+ | 74.85 | B |
| Damauli - 2201 | 51.01 | C | | | 83.86 | A | | | 91.96 | A+ | 74.79 | B |
| Dhangadhi - 20 | 53.11 | C | | | 79.88 | A | | | 93.79 | A+ | 74.68 | B |
| Damak - 1102 | 47.09 | D | | | 88.31 | A+ | | | 90.12 | A+ | 74.43 | B |
| Bharatpur - 19 | 61.19 | C | | | 70.5 | B | | | 89.77 | A+ | 73.02 | B |
| Hetaunda - 18 | 62.98 | C | | | 69.11 | B | | | 86.55 | A+ | 72.2 | B |
| Bhairahawa - 24 | 68.87 | B | | | 61.52 | C | | | 88.05 | A+ | 72.05 | B |
| Janakpur - 14 | 45.44 | D | | | 82.18 | A | | | 89.45 | A+ | 71.5 | B |
| Nepalgung - 26 | 54.85 | C | | | 73.57 | B | | | 88.27 | A+ | 71.43 | B |
| LTO - 52 | 66.92 | B | | | 70.42 | B | 63.25 | C | 95.22 | A++ | 71.3 | B |
| Dang - 51 | 46.53 | D | | | 86.26 | A+ | | | 82.29 | A | 71.16 | B |
| Krisnanagar - 30 | 44.64 | D | | | 77.45 | A | | | 94.01 | A+ | 70.93 | B |
| Tripureshwor - 2801 | 66.89 | B | | | 67.7 | B | | | 79.14 | A | 70.85 | B |
| Dharan - 13 | 43.46 | D | | | 80.74 | A | | | 88.1 | A+ | 69.9 | B |
| Tangal - 2501 | 61.84 | C | | | 65.79 | B | | | 83.86 | A | 69.83 | B |
| Naya Baneshwor - 2702 | 58.74 | C | | | 68.46 | B | | | 82.21 | A | 69.18 | B |
| Lalitpur 2 - 34 | 45.33 | D | | | 72.93 | B | | | 88.44 | A+ | 67.92 | B |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Butwal - 33 | 50.63 | C | | | 60.49 | C | | | 96.37 | A++ | 67.8 | B |
| Bhadrapur - 11 | 49.84 | D | | | 64.99 | C | | | 90.35 | A+ | 67.3 | B |
| Thamel - 2803 | 47.73 | D | | | 68.5 | B | | | 84.07 | A | 65.9 | B |
| Birgunj - 17 | 52.29 | C | | | 65.3 | B | | | 81.66 | A | 65.65 | B |
| Bhaktapur - 29 | 61.03 | C | | | 57.33 | C | | | 79.78 | A | 65.36 | B |
| Lalitpur 1 - 23 | 60.85 | C | | | 62.49 | C | | | 70.37 | B | 64.28 | C |
| Balaju -2503 | 39.33 | D | | | 63.35 | C | | | 87.43 | A+ | 62.17 | C |
| Nayasadak - 2802 | 60.85 | C | | | 60.08 | C | | | 65.74 | B | 62.05 | C |
| Maharajgunj -2502 | 42.04 | D | | | 55.99 | C | | | 88.49 | A+ | 60.86 | C |
| Kalanki - 2504 | 48.07 | D | | | 50.74 | C | | | 87.31 | A+ | 60.78 | C |
| Chabahil - 2704 | 44.3 | D | | | 50.46 | C | | | 91.45 | A+ | 60.6 | C |
| Surkhet - 2601 | 23.93 | D | | | 76.42 | A | | | 83.3 | A | 60.11 | C |
| Kalimati - 2505 | 41.56 | D | | | 59.21 | C | | | 81.41 | A | 59.69 | C |
| Battishputali - 2703 | 31.31 | D | | | 60.67 | C | | | 89.89 | A+ | 59.16 | C |
| MLTO - 53 | 35.47 | D | | | 69.75 | B | 58.85 | C | 85.85 | A+ | 59.16 | C |
| Koteshwor - 2705 | 35.66 | D | | | 58.08 | C | | | 82.1 | A | 57.44 | C |
| Putalisadak - 2701 | 44.8 | D | | | 57.33 | C | | | 70.63 | B | 56.93 | C |
| Biratnagar - 12 | 46.17 | D | | | 52.59 | C | | | 70.86 | B | 55.82 | C |
| Lahan - 15 | 40.87 | D | | | 50.36 | C | | | 66.97 | B | 52.02 | C |
| IRD Performance:67.41(B) | | | | | | | | | | | | |

P= Performance, G= Grade

A=75-85%  B=65-75%  C=50-65%

विभागको सूचना प्रणालीमा प्रविष्ट विवरण तथा तथ्यांकको आधारमा समग्र मूल्याकनमा आ.व.२०७६।७७मा ४ वटा कार्यालयले A, २० वटा कार्यालयहरुले B र बाँकी १४ कार्यालयहरुले C ग्रेड प्राप्त गरेका छन् । शाखागत अधारमा करदाता सेवा शाखाको प्रगति उत्साहजनक छ भने संकलन तर्फको प्रगति मध्यम र कर परिक्षण शाखाको प्रगति न्यून रहेको छ । कर संकलन तर्फको प्रगति शुरु लक्ष्यको अधारमा गणना गरिएको छ । विभागबाट विभिन्न कार्यालयमा भएको अनुगमनको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

## २.६.६ बेरुजु शाखा

विभाग तथा अन्तर्गत कार्यालयहरुको बेरुजु अभिलेख राख्ने, बेरुजु फर्छ्यौटको मासिक तथा वार्षिक लक्ष्य निर्धारण गर्ने, बेरुजु फर्छ्यौटको रणनीति तयार गर्ने, बेरुजु फर्छ्यौटको प्रगति अनुगमन गर्ने, बेरुजु फर्छ्यौटको मासिक प्रगति तयार गर्ने, म.ले.प. प्रतिवेदनहरुको जवाफ तयार गर्ने, महालेखा परीक्षकको कार्यालयमा आवश्यक समन्वय गर्ने लगायतका कार्यहरु यस शाखाबाट सम्पादन हुने गर्दछ । आर्थिक वर्ष २०७६/७७ सम्ममा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको १३ अर्ब ५७ करोड ४९ लाख २० हजार बेरुजु फर्छ्यौट भएको छ । कुल बेरुजु रकम ४७ अर्ब ४९ करोड ६९ लाख ३३हजार मध्ये २८.५८ प्रतिशत बेरुजु फर्छ्यौट भएको छ भने कुल फर्छ्यौट लक्ष्यको ३८ प्रतिशत

प्रगति भएको छ । समग्रमा आन्तरिक राजस्व विभाग र कार्यालयहरुको बेरुजु फछ्र्यौट प्रगति विवरण निम्नअनुसार रहेको छ ।

**तालिकाः १४ कार्यालयगत बेरुजु फर्छ्यौटको अवस्था**

(रु. हजारमा)

| सि.नं. | कार्यालयको नाम | जम्मा बेरुजु | फर्छ्यौट भएको | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | आ.रा. बिभाग | ५७३३२२ | ४२८८२७ | ७४.८० |
| २ | आ.रा.का. भद्रपुर | ४४४०८९ | १३६३७७ | ३०.७१ |
| ३ | आ.रा.का. दमक | ४१०२८ | २९५८५ | ७२.११ |
| ४ | आ.रा.का. धरान | २२५४४३ | १११९५५ | ४९.६६ |
| ५ | आ.रा.का. विराटनगर | ५०८४९० | १२१८५० | २३.९६ |
| ६ | आ.रा.का. लाहान | ८३८६१ | ११३३० | १३.५१ |
| ७ | आ.रा.का. जनकपुर | ४५०२८१ | १७०००५ | ३७.७६ |
| ८ | आ.रा.का. सिमरा | १६५०८३ | ५९७१५ | ३६.१७ |
| ९ | आ.रा.का. विरगञ्ज | ५४४०२१ | २२५०८५ | ४१.३७ |
| १० | आ.रा.का. हेटौडा | १२७३४८ | ८७८०८ | ६८.९५ |
| ११ | आ.रा.का. भरतपुर | ९७६३४६ | ४२३४४६ | ४३.३७ |
| १२ | ठूला करदाता कार्यालय | २९८७०४८१ | ७३५४६२५ | २४.६२ |
| १३ | मध्यमस्तरीय क. का. | १२९८५४६ | २११४३१ | १६.२८ |
| १४ | आ.रा.का. ललितपुर १ | ९७१८८६ | ३९६८३७ | ४०.८३ |
| १५ | आ.रा.का. ललितपुर २ | ३२९३६३ | ११७८७५ | ३५.७९ |
| १६ | आ.रा.का. भक्तपुर | १८१४०२ | ५७२१४ | ३१.५४ |
| १७ | आ.रा.का. दमौली | ६२८११ | ४०८३१ | ६५.०१ |
| १८ | आ.रा.का. पोखरा | ३०५३२९ | १२९४२० | ४२.३९ |
| १९ | आ.रा.का. बागलुङ | ४९५०० | ४५०४५ | ९१.०० |
| २० | आ.रा.का.बुटवल | १७०६०७ | ४२५७९ | २४.९६ |
| २१ | आ.रा.का. भैरहवा | ४०७९८८ | ११८३२३ | २९.०० |
| २२ | आ.रा.का., कृष्णनगर | ३५९१२ | २३२५४ | ६४.७५ |
| २३ | आ.रा.का., दाङ | ९०७ | ५३४ | ५८.८८ |
| २४ | आ.रा.का., नेपालगन्ज | १४०३४७ | ६०४६४ | ४३.०८ |
| २५ | आ.रा.का., सुर्खेत | १२२७१ | २९१२ | २३.७३ |
| २६ | आ.रा.का., धनगढि | १००१३८ | ५३७७४ | ५३.७० |
| २७ | आ.रा.का., महेन्द्रनगर | ३८८३४ | २१९०९ | ५६.४२ |
| २८ | आ.रा.का., जुम्ला | २३८३ | ० | ०.०० |
| २९ | आ.रा.का., धुलिखेल | १०५८५३ | ३९८१६ | ३७.६१ |
| ३० | आ.रा.का., कोटेश्वर | ५३८६०४ | ११०९५५ | २०.६० |
| ३१ | आ.रा.का., चावहिल | ५०४१७७ | ६६७७४ | १३.२४ |
| ३२ | आ.रा.का., बत्तिसपुतली | ४९०३१४ | १२१०९५ | २४.७० |
| ३३ | आ.रा.का., बानेश्वर | १८९७३५७ | ११५६७३० | ६०.९७ |
| ३४ | आ.रा.का., पुतलीसडक | १५०३६५४ | २७५४२६ | १८.३२ |
| ३५ | आ.रा.का., त्रिपुरेश्वर | १३१९६५० | ५४१३२७ | ४१.०२ |
| ३६ | आ.रा.का., नयांसडक | ४०५१५९ | २०२२८९ | ४९.९३ |
| ३७ | आ.रा.का., ठमेल | २४४१५४ | १२८४१३ | ५२.६० |
| ३८ | आ.रा.का., महाराजगञ्ज | ३६९२६८ | ६४९९५ | १७.६० |
| ३९ | आ.रा.का., बालाजु | ५४३१२९ | २८५६७ | ५.२६ |
| ४० | आ.रा.का., कालीमाटि | ३२५८७२ | ११२४६२ | ३४.५१ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | आ.रा.का., कलंकी | ३०७२२२ | ५४४१४ | १७.७१ |
| ४२ | आ.रा.का., टंगाल | ८२४४७७ | १८८६४७ | २२.८८ |
| ४३ | क.से.का., ईलाम | ० | ० | ० |
| ४४ | क.से.का., फिदिम | ० | ० | ० |
| ४५ | क.से.का., भोजपुर | ० | ० | ० |
| ४६ | क.से.का., पथरी | ० | ० | ० |
| ४७ | क.से.का., ओखलढुङगा | ० | ० | ० |
| ४८ | क.से.का., बिराटचोक | ० | ० | ० |
| ४९ | क.से.का., धनकुटा | ० | ० | ० |
| ५० | क.से.का., खांदवारी | ० | ० | ० |
| ५१ | क.से.का., राजबिराज | ० | ० | ० |
| ५२ | क.से.का., लुक्ला | ० | ० | ० |
| ५३ | क.से.का., दिक्तेल | ० | ० | ० |
| ५४ | क.से.का., मलंगवा | ० | ० | ० |
| ५५ | क.से.का., गाईघाट | ० | ० | ० |
| ५६ | क.से.का., बर्दिवास | ० | ० | ० |
| ५७ | क.से.का., गौर | २६ | ० | ० |
| ५८ | क.से.का., गल्छी | ० | ० | ० |
| ५९ | क.से.का., परासी | ० | ० | ० |
| ६० | क.से.का., पाल्पा | ० | ० | ० |
| | | **४७४९६९३३** | **१३५७४९२०** | **२८.५८** |

## २.६.७ अन्तःशुल्क शाखा

अन्तःशुल्क शाखाबाट आ.व. २०७६/०७७ मा निम्न बमोजिमका कार्यहरु सम्पादन गरिएको छ ।

१. अन्तःशुल्क स्टिकर छपाई तथा आपूर्तिका लागि गरिएको अन्तर्राष्ट्रिय बोलपत्र रद्द भएकोले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडसँग चुरोटका विभिन्न साइजमा प्रयोग हुने अन्तःशुल्क स्टिकर छपाइको लागि सम्झौता भएको ।

२. अन्तःशुल्क निर्देशिका परिमार्जन गरी २०७६ माघ २९ गतेदेखि कार्यान्वयनमा ल्याईएको ।

३. २०७६ फागुन १ गतेदेखि उद्योग विभागवाट प्राप्त ट्रेडमार्क दर्ता प्रमाणपत्र वा ट्रेडमार्क दर्ता प्रयोजनका लागि औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन गर्ने निर्णय गरी सो को जानकारी आन्तरिक राजस्व विभागलाई गराएमा उक्त पत्रका आधारमा पनि मदिरा तथा सूर्तीजन्य वस्तुको परीक्षण तथा व्यवसायिक उत्पादन अनुमति प्रदान गर्न शुरु गरिएको ।

४. उत्पादन अन्तःशुल्क इजाजत ३ जना करदातालाई प्रदान गरिएको ।

५. व्यावसयिक उत्पादन अनुमति प्रदान गरिएको करदाता संख्याः

| सि.नं. | ईजाजत प्रदान गरिएको अन्तःशुल्क जन्य पदार्थ | संख्या |
|---|---|---|
| १ | मदिरा | २२ |
| २ | वियर | ४ |
| ३ | वाईन | ६ |
| ४ | खैनी, सुर्ती, गुट्खा र पानमसला | १४ |

६. मदिराजन्य तथा सूर्तिजन्य वस्तुमा लगाइने अन्तःशुल्क स्टिकरको व्यवस्थापन र स्टिकर मौज्दातको गणना Software वाट हुने गरी पूर्णरुपमा कार्यान्वयन गरिएको ।
७. भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका मदिरा, बियर, वाइन तथा स्वयं निष्काशन प्रणाली अन्तर्गतका १४१ वटा उद्योगको अनुगमन गरिएको ।
८. अन्तःशुल्क विवरण बुझाउने दायित्व भएका करदाताहरुले आफ्नो उत्पादनको ब्राण्ड रजिष्ट्रेशन गर्ने Software को तयारी अन्तिम चरणमा रहेको ।
९. अबैध मदिरा तथा नक्कली स्टिकरको प्रयोगलाई नियन्त्रण गर्न पटक पटक गरी ५०५ वटा करदाताको अनुगमन भएको ।
१०. सीमा क्षेत्रमा हुने मदिरा तथा सूर्तिजन्य पदार्थको अवैध ओसारपसारलाई नियन्त्रण गर्न सरोकारवाला पक्षहरुसंग समन्वय गरी ५४ पटक बैठक बसी आवश्यक निर्णय गरिएको ।
११. अवैध मदिराको उत्पादन स्थल पत्ता लगाई छापा मार्ने र मदिरा नष्ट गर्ने क्रममा ४०,७४४ लि.,२४३ कार्टुन र ७०८ बोतल मदिरा तथा छ्याङ र जाँड ४०९५ लि. र मदिरा, छ्याङ र जाँड बनाउन प्रयोग हुने कच्चा पदार्थ २१५० के.जी. जफत गरी नष्ट गरिएको । सो क्रममा अवैध मदिरा ओसारपसार गर्ने प्रयोग गरिएको ११ थान मोटरसाइकल, १थान टेम्पो, १ थान साइकल समेत जफत गरी उक्त कारोबारमा संलग्न व्यक्तिहरुबाट रु. २१,९१,०३५।०० जरिवाना, रु. ११,४००।०० धरौटी माग गरिएको ।
१२. अवैध मदिरा एवं सूर्तिजन्य वस्तुको कारोबार गर्ने १०७ जनालाई पक्राउ गरी आवश्यक कारवाही गरिएको तथा ६ वटा सूर्तिजन्य पदार्थ उत्पादन गर्ने उद्योगमा सिल गरिएको ।

## २.६.८ अन्तर्राष्ट्रिय कर शाखा

अन्तर्राष्ट्रिय कर शाखाको प्रमुख कार्य आयकर ऐन, २०५८ को दफा ७३ मा व्यवस्था भए बमोजिम नेपाल सरकारको तर्फबाट अन्य देशहरुसँग गरिने र गरिएका दोहोरो कर मुक्ति सम्झौतासँग सम्बन्धित कार्य सम्पादन गर्नु रहेको छ । द्विपक्षीय हित र आवश्यकताका आधारमा दोहोरो कर मुक्ति सम्झौता गर्नुपर्ने मुलुकहरुका कर प्रशासनहरुसँग आवश्यक पत्राचार, वार्ताको तयारी र वार्तासम्बन्धी कार्यहरुको समन्वय गर्ने कार्य यो शाखाले गर्ने गर्दछ । वार्ताद्वारा दुई राष्ट्रहरु सहमतिमा पुगेपछि सम्झौतामा औपचारिक हस्ताक्षर गर्ने कार्यको समन्वय समेत यो शाखाले गर्दछ । द्विपक्षीय हित र आवश्यकताका आधारमा सम्पन्न भईसकेका दोहोरो कर मुक्ति सम्झौताका व्यवस्थाहरु संशोधन सम्बन्धी कार्य गर्ने र सम्झौतामा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्ने तथा सूचना आदानप्रदान गर्ने कार्य समेत यस शाखाले गर्दछ । सम्झौताका प्रावधानहरुको विषयमा द्विविधा भई सरोकारवालाहरुवाट अनुरोध भएमा द्विविधा निराकरण गर्ने कार्य समेत यस शाखाको अर्को प्रमुख कार्यको रुपमा रहेको छ । दोहोरो करमुक्ति सम्झौता गर्नुको प्रमुख उद्धेश्य विदेशी लगानी आकर्षित गर्नु हो । विदेशी लगानीकर्ताहरुलाई नेपालको कर कानून तथा कर सम्बन्धी व्यवस्थाहरुको बारेमा जानकारी उपलव्ध गराउने र अन्तर्राष्ट्रिय करका विविध विषयहरुमा अध्ययन गर्ने गराउने कार्य समेत यस शाखाले सम्पादन गर्दै आइरहेको छ । नेपालले हाल सम्म देहाय बमोजिम एघार देशहरूसँग दोहोरो कर मुक्ति सम्झौता सम्पन्न गरिसकेको छ भने केही देशहरुसँग सम्झौताको लागि वार्ता प्रक्रिया अगाडि बढेको अवस्था छ ।

## तालिकाः १५ दोहोरो कर मुक्ति सम्झौता भएका देशहरु

| क्र.सं. | देश | सम्झौता मिति | कैफियत |
|---|---|---|---|
| १ | गणतन्त्र भारत (Republic of India) | २७ नोभेम्बर २०११ | सन् १९८७ मा सम्पन्न पुरानो सम्झौतालाई प्रतिस्थापित गरेको |
| २ | नर्वे अधिराज्य (Kingdom of Norway) | १३ मे १९९६ | |
| ३ | थाइल्याण्ड अधिराज्य (Kingdom of Thailand) | २ फेब्रुअरी १९९८ | |
| ४ | प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलंका (Democratic Socialist Republic of Sri Lanka) | ६ जुलाई १९९९ | |
| ५ | गणतन्त्र मौरिसस (Republic of Mauritius) | ३ अगष्ट १९९९ | |
| ६ | गणतन्त्र अष्ट्रिया (Republic of Austria) | १५ डिसेम्बर २००० | |
| ७ | इस्लामिक गणतन्त्र पाकिस्तान (Islamic Republic of Pakistan) | २५ जनवरी २००१ | |
| ८ | जनवादी गणतन्त्र चीन (People's Republic of China) | १४ मे २००१ | |
| ९ | गणतन्त्र कोरिया (Republic of Korea) | ५ अक्टोबर २००१ | |
| १० | कतार (State of Qatar) | १५ अक्टोबर २००७ | |
| ११ | गणतन्त्र बंगलादेश (Republic of Bangladesh) | ५ मार्च २०१९ | |

यसैगरी चीन सरकारको सक्रियतामा गत आ.व. मा चीनको राजधानी बेइजिङमा स्थापना भएको Belt & Road Initiative Tax Administration Cooperation Mechanism (BRITACOM) नामक कर सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको नेपाल संस्थापक सदस्य रहेको र यस शाखाले उक्त संस्थाको Focal Point को रुपमा कार्य गरिरहेको छ ।

यसका अतिरिक्त यस शाखाले द्विपक्षीय तथा बहुपक्षीय सन्धी सम्झौता बमोजिम विभिन्न देशबाट माग भएका सूचना आदान प्रदान गर्ने, अन्तराष्ट्रिय कर सम्बन्धी तालिम सचालन गर्ने, विश्व बैंकबाट प्रकाशित Doing Business Report अन्तर्गत Paying Tax Indicator मा सुधार ल्याउन आवश्यक कार्य संचालन गर्ने लगायतका काम समेत गर्दछ ।

### यस आ.व. मा भएका उल्लेखनीय कार्यहरु:

१. नेपाल सरकार र गणतन्त्र बंगलादेश सरकार बीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएकोमा उक्त सम्झौता कार्यान्वयनमा ल्याउन अर्थ मन्त्रालय मार्फत संघीय संसदलाई जानकारी गराउने कार्य भएको छ भने बंगलादेश सरकारबाट उक्त कार्य हुन बाँकी रहेको छ ।

२. नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच दोहोरो करमुक्ति सम्झौताको लागि नेपालले सन् २०१३ मा प्रस्ताव गरेकोमा विगत वर्षहरुमा वार्ता गर्न पटकपटक पहल भएकोमा विविध कारणले गर्दा वार्ता हुन नसकिरहेको अवस्थामा २०७५।०८।१० देखि २०७५।०८।१४ (तदनुसार २०१८ नोभेम्बर २६ देखि ३०) सम्म संयुक्त अधिराज्यको राजधानी लण्डनमा दुई देशबीच प्रथम चरणको वार्ता भएकोमा दोस्रो चरणको वार्ता मिति २०७६/०५/२३ देखि २०७६/०५/२७ (September 9-13,2019) सम्म काठमाडौंमा सम्पन्न भयो । उक्त वार्तामा नेपाली वार्ता टोलीको नेतृत्व आन्तरिक राजस्व विभागका महानिर्देशक श्री बिनोद बहादुर कुँवरले गर्नुभएको थियो भने संयुक्त अधिराज्यको वार्ता टोलीको नेतृत्व Her Majesty's Revenue and Customs (HMRC) का Senior Policy Advisor Mr. Thomas Matthews ले गर्नु भएको थियो । वार्ता टोलीका अन्य सदस्यहरुमा HMRC का Senior Policy Advisor हरु Mr. Daniel Berry र Mr.Adrian Coates रहनु भएको थियो । वार्ता प्रकृया जारी नै रहेको छ ।

३. चीन सरकारको सक्रियतामा चीनको राजधानी बेइजिङमा स्थापना भएको Belt & Road Initiative Tax Administration Cooperation Mechanism (BRITACOM) नामक कर सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको संस्थापक सदस्य बन्ने सन्दर्भमा चीनको State Administration of Taxation को प्रधान कार्यालयसँग निरन्तर सम्पर्कमा आवश्यक कार्य सम्पादन गरियो ।

४. दोहोरो कर मुक्ति सम्झौता बमोजिम सम्बद्ध अधिकारी मार्फत विभिन्न देशहरुबाट माग भएका सूचनाको आदान प्रदान गर्ने कार्यहरु सम्पन्न भए ।

**आगामी आ.व. मा गर्नुपर्ने प्रमूख कार्यहरुः**

१. हालसम्म ११ वटा देशसँग दोहोरो करमुक्ति तथा वित्तीय छल निरोध सम्झौता (DTAA) सम्पन्न भैसकेकोमा चालू अवधिमा थप देशहरुसँग सम्झौता गर्ने उद्देश्यले मलेसियासँग २ चरण, सिंगापुरसँग १ चरण र बेलायतसँग २ चरणको वार्ता सम्पन्न भैसकेको र बाँकी कामलाई टुङ्गोमा पुऱ्याउने ।

२. Belt and Road Initiative Tax Administration Co-operation Mechanism (BRITACOM) को May 19-21 सम्म कजाकिस्तान मा हुने भनिएको Second Conference स्थगित भएको र आगामी सम्मेलनका लागि आवश्यक तयारी गर्न ।

३. Doing Business Report 2020 ले PayingTax Index मा औंल्याए बमोजिम उक्त Indicator मा सुधार ल्याउन आवश्यक गृहकार्य गर्ने ।

४. International Tax and Cross Boarder Issues सँग सम्बन्धित तालिम संचालन गर्ने ।

## २.६.९ कर फिर्ता शाखा

संचालन महाशाखा अन्तर्गत रहेको यस कर फिर्ता शाखाले कुटनीतिक निकायहरु तथा कुटनीतिज्ञहरुको मू.अ. कर फिर्ता गर्ने, अर्थ मन्त्रालयले मू.अ.कर छुटको सुविधा प्रदान गरेको अन्तराष्ट्रिय संस्थाको मू.अ.कर फिर्ता सम्बन्धी कार्य गर्ने लगायत मातहत कार्यालयहरुको कर फिर्ता सम्बन्धी कार्यको अनुगमन तथा सहजिकरण सम्बन्धी कार्यहरु गर्दै आईरहेको छ । यस शाखाले कर फिर्ता सम्बन्धमा आईपर्ने नीतिगत एवं कानुनी जटिलता निरुपणका लागि निर्णयका लागि तालुक महाशाखा तथा माथिल्लो पद एवं निकायमा पेश गर्ने, कुटनैतिक सुविधाप्राप्त कुटनीतिज्ञ एवं कुटनीतिक निकायहरको मू.अ.कर फिर्ता कार्यलाई छिटो छरितो र सहज सम्पन्न गर्ने, मातहत कार्यलयहरुको कर फिर्ता सम्बन्धी कार्यप्रक्रिया सहजीकरण तथा अनुगमन गर्ने एवं कर फिर्तासम्बन्धी कार्यहरुको अभिलेखीकरण लगायतका गतिबिधिहरु संचालन गर्दै आएको छ ।

आ.व. २०७६/०७७ मा कर फिर्ताको अवस्थालाई हेर्दा आन्तरिक राजस्व विभागमा कुटनीतिक नियोग कुटनीतिज्ञ एवं विभिन्न कुटनीतिक एजेन्सीहरुको जम्मा ५४५ वटा कर फिर्ता दावीहरुवाट रु.४४,१५,२३,११८.८५ कर फिर्ता दाबी गरिएकोमा नियमानुसार दाबी गरेको रकम रु.४१,९४,४८,०२६.९५ फिर्ता गर्ने निर्णय गरिएको छ । जसमध्ये ४२९ कुटनीतिक नियोग एवं कुटनीतिज्ञको कूल जम्मा १८,५१,१२,४१६.०० फिर्ता दावी गरेकोमा रु.९४,५२,७४३.०० फिर्ता अमान्य गरी रु.१७,५६,५९,६७३.०० फिर्ता गर्ने निर्णय गरिएको छ । त्यस्तैगरी कुटनीतिक एजेन्सीहरुको हकमा ११६ वटा क्लेम नं. हरुवाट रु.२५,६४,१०,७०३.०० फिर्ता दावी गरिएकोमा रु.१,२६,२२,३४९.०० फिर्ता अमान्य गरी रु.२४,३७,८८,३५४.०० फिर्ता गर्ने निर्णय गरिएको छ ।

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कर फिर्ताको अवस्थालाई हेर्दा आ.व. २०७६/०७७ मा लगातार क्रेडिटको आधारमा तथा निकासीको आधारमा जम्मा २०५ करदाताहरुवाट रु.५७२४१३०८०२.०० फिर्ता माग दावी गरिएकोमा ११७ करदाताहरुको रु.२,९०,२१,३५,७१६.०० फिर्ता गरेको देखिन्छ । त्यस्तैगरी नेपाल सरकार, अर्थ मन्त्रालयसँग सम्झौता भई संचालित विदेशी परियोजनाहरुको ३१५ वटा क्लेम नं. हरुवाट रु.५१,७५,५८,९२७.०० फिर्ता दाबी गरिएकोमा ३११ वटा क्लेम नं. हरुवाट रु. ४८,००,४०,४२४.०० फिर्ता गरिएको छ ।

यसरी हेर्दा आन्तरिक राजस्व विभाग र सो अन्तर्गत कार्यालयहरु समेतबाट यस आ.व.मा कूल ८५६ वटा कर फिर्ता दाबीहरुवाट कुटनीतिक नियोग, कुटनीतिज्ञ एवं विभिन्न कुटनीतिक एजेन्सीहरुको जम्मा रु.८९,९४,८८,४५०.९५ र लगातार क्रेडिटको आधारमा तथा निर्यातकर्ताको लगायत ११७ करदाताहरुको रु.२,९०,२१,३५,७१६.०० समेत यस आ.व.मा कूल जम्मा रु.३,८०,१६,२४,१६६.९५ फिर्ता गरिएको छ ।

### तालिकाः १६ कर फिर्ता विवरण

| सि.नं. | आर्थिक वर्ष | दाबी रकम (रु.अर्ब) | स्वीकृत रकम (रु.अर्ब) |
|---|---|---|---|
| १ | २०७६/०७७ | ६.६८ | ३.८० |
| २ | २०७५□०७६ | ३.०६ | २.२६ |
| ३ | २०७४□०७५ | ५.६० | ४.५९ |
| ४ | २०७३□०७४ | ५.७८ | ४.७६ |
| ५ | २०७२□०७३ | ७.२२ | ४.२३ |
| ६ | २०७१□०७२ | ९.९१ | ५.०५ |

### तालिकाः १७ कुटनीतिक कर फिर्ता विवरण

| SN | Fiscal Year | Claimed Amount (in crore) | Accepted Amount(in crore) |
|---|---|---|---|
| १ | २०७६/०७६ | ९५.९० | ८९.९४ |
| २ | २०७५□०७६ | १७२.५२ | १३३.८४ |
| ३ | २०७४□०७५ | ५९.७६ | ४२.८७ |
| ४ | २०७३□०७४ | ९६.०३ | ७५.७३ |
| ५ | २०७२□०७३ | ८०.८७ | ७०.३८ |
| ६ | २०७१□०७२ | ५१.४६ | ३७.८३ |
| ७ | २०७०□०७१ | ७९.४६ | ४०.०१ |

कर फिर्ता दाबी रकमभन्दा फिर्ता दिईएको रकम कम हुनुमा दावीकर्ताले रितपूर्बकका बिलबिजक पेश गरेको नदेखिएकोले स्वीकृत रकम कम देखिएको हो ।

## २.६.१० प्रशासकीय पुनरावलोकन शाखा

प्रशासकीय पुनरावलोकन शाखाबाट आर्थिक वर्ष २०७६/७७ मा गरेका कार्यहरुको प्रगति विवरण तपशिल बमोजिम रहेको छ ।

### तालिकाः १८ प्रशासकीय पुनरावलोकन कार्य प्रगति

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | आ.व २०७६/२०७७ बाट जिम्मेवारी सरी आएका निवेदन संख्या | १२४० |
| २ | आ.व २०७६/२०७७ मा दर्ता हुन आएका निवेदन संख्या | ४८८ |
| ३ | जम्मा निवेदन संख्या (१□२) | १७२८ |
| ४ | आ.व. २०७६।०७७ मा फर्छ्यौट भएका निवेदन संख्या | ८६० |
| ५ | आ.व. २०७७।०७८ को लागि जिम्मेवारी सरी गएका निवेदन संख्या (३-४) | ८६८ |

१. आ.व. २०७५/७६ बाट आ.व.२०७६/७७ को लागि जम्मा १२४० निवेदन जिम्मेवारी सरी आएको र आ.व.२०७६/०७७ मा जम्मा ४८८ वटा (गत आर्थिक वर्षमा अद्यावधिक गर्न छुट भएको देखिन आएका ७ निवेदन समेत) प्रशासकीय पुनारावलोकनको लागि दर्ता गरिएका थिए ।

२. आ.व. २०७६/७७ बाट जिम्मेवारी सरि आएका र आ.व २०७६/७७ मा दर्ता भएका समेत जम्मा १७२८ निवेदन मध्ये आ.व. २०७६/७७ मा जम्मा ८६० वटा निवेदनहरु नियमित प्रक्रिया अन्तरर्गत फर्छ्यौंट गरिएका छन्।

३. उपर्युक्त अनुसार जिम्मेवारी सरी आएका र नयाँ दर्ता भएका समेत जम्मा १७२८ निवेदनमध्ये फर्छ्यौट भएका जम्मा ८६० घटाई बाँकी रहेका ८६८ निवेदन आ.व.२०७७/७८ को लागि जिम्मेवारी सारिएको छ।

## २.६.११ कर परीक्षण व्यवस्थापन शाखा

यस विभाग अन्तर्गत ठुला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालयहरुको लागि आ.व.२०७६/०७७ मा कर परीक्षण लागि लक्ष्य निर्धारण गरिएको विवरण तालिकामा समावेश छ ।उक्त लक्ष्यको आधारमा कार्यालयहरुबाट यस आ.व.मा सम्पादन भएका समग्र कार्य प्रगति, कामको सिलसिलामा आइपरेको अवरोध तथा समस्या/चुनौतिहरु र आगामी वर्षमा सुधारको लागि गर्नुपर्ने अपेक्षित पहलको रुपरेखा समेत देहायअनुसार प्रस्तुत गरिएको छ ।

आ.व.२०७६/०७७ मा पूर्ण कर परीक्षणको लागि विभागबाट स्वीकृत परिसूचकहरुको आधारमा विभाग अन्तरगतका कार्यालयहरुलाई पूर्ण कर परीक्षण (Full Audit) तर्फ ४३८० विवरण परीक्षणको वार्षिक लक्ष्य तोकिएको थियो । सो लक्ष्य मध्ये २५५६ करदाताको विवरण परीक्षण गरी निर्धारित लक्ष्यको ५८.३६ प्रतिशत प्रगति हासिल भएको छ । उक्त संख्यात्मक लक्ष्य बाहेक रु.१०अर्ब ११ करोड ५० लाख नोक्सानी घटाउने लक्ष्य रहेकोमा रु.४१ अर्ब ४० करोड ७४ लाख नोक्सानी घटाई निर्धारित लक्ष्यको ४०९.३७ प्रतिशत प्रगति हासिल भएको छ । आय कर निर्धारण तर्फ रु.९ अर्ब ३ करोड ९० लाख आयकर निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.५ अर्ब ६६ करोड ८८ लाख आयकर निर्धारण भई लक्ष्यको ६२.७ प्रतिशत प्रगति हासिल भएको छ । त्यस्तै रु.२ अर्ब १५ करोड ५५ लाख मू.अ.कर निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.१ अर्ब ३ करोड ६६ लाख मू.अ.कर निर्धारण भई निर्धारित लक्ष्यको ४८.०९ प्रतिशत प्रगति हासिल भएको छ । अन्त शुल्क तर्फ रु.४ करोड २३ लाख अन्त शुल्क निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.९९ करोड २९ लाख अन्त शुल्क निर्धारण भई निर्धारित लक्ष्यको २३००.४७ प्रतिशत प्रगति हासिल भएको छ । प्रति करदाता औसत नोक्सानी रु.१ करोड ६२ लाख घटेको, प्रति करदाता औषत मा रु.२२ लाख १७ हजार आयकर निर्धारण भएको, प्रति करदाता औषतमा रु.४ लाख ५ हजार मू.अ.कर निर्धारण भएको र प्रति करदता रु.३ लाख ८८ हजार अन्त शुल्क निर्धारण भएको देखिन्छ।सम्रगमा कर निर्धारणको Per Case Yield रु.३० लाख ११ हजार रहेको छ ।

चालु वर्षको कर परीक्षण तर्फ १२३० करदाताको कर परीक्षण गर्ने लक्ष्य  निर्धारण रहेकोमा ४३४ करदाताको कर परीक्षण सम्पन्न भई निर्धारित लक्ष्यको तुलनामा ३५.०३ प्रतिशत प्रगति हासिल भएको छ । त्यसै गरी रु.६२ करोड ५० लाख मू.अ.कर निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.३३ करोड ९३ लाख मू.अ. कर निर्धारण भई लक्ष्यको तुलनामा ५४.३ प्रतिशत प्रगति हासिल हुँदाप्रति करदाता रु.७ लाख ८२ हजार मू.अ.कर निर्धारण भएको छ । अग्रिम कर कट्टी परीक्षण तर्फ २७९० करदाताको कर परीक्षण गर्ने लक्ष्य रहेकोमा  ८५२ करदाताको  कर परीक्षण गरी लक्ष्यको तुलनामा ३०.३४ प्रतिशत प्रगति हासिल भएको छ । साथै रु.४७ करोड ४८ लाख माग भई लक्ष्यको तुलनामा ५९.६६ प्रतिशत प्रगति हासिल भएको देखिन्छ । प्रति करदाता औषत रु १० लाख ९४ हजार माग श्रृजना भएको देखिन्छ । बजार अनुगमनमा १० हजार करदाताको कारोबार स्थल अनुगमन गर्ने लक्ष्य रहेकोमा ४ हजार ९ सय ३० करदाताको वजार अनुगमन हुन गई निर्धारित लक्ष्यको तुलनामा ४९.३ प्रतिशत प्रगति हासिल भएको छ भने वजार अनुगमनबाट रु.२ करोड १६लाख जरिवाना निर्धारण गर्ने लक्ष्य रहेकोमा रु.१ करोड ८१ लाख हजार जरिवाना निर्धारण भई निर्धारित लक्ष्यको ८३.९४ प्रतिशत प्रगति हासिल भएको छ । सरकारी कार्यालयहरुको अग्रिम कर कट्टी परीक्षणको लागि २६ सय कार्यालयको अनुगमन गर्ने लक्ष्य रहेकोमा ३ सय ७५ कार्यालयको अग्रिम कर कट्टी परीक्षण सम्पन्न भई निर्धारित लक्ष्यको तुलनामा १४.४२ प्रतिशत मात्र प्रगति हासिल भएको छ । दर्ता खारेजी तर्फ VAT De-registration of old CB को  कर परीक्षणको लक्ष्य २० हजार ६ सय ८९ रहेकोमा ३ हजार ४ सय ३ करदाताको CB भई लक्ष्यको तुलनामा १६.४५ प्रतिशत प्रगति हासिल भएको छ । साथै Mismatch Resolution तर्फ ४८० लक्ष्य निर्धारण भएकोमा कार्यालयहरुबाट  यस आ.व.मा ४५२ Mismatch कारोबारको Mismatch Resolution सम्पन्न भई निर्धारित लक्ष्यको तुलनामा ९४.१५ प्रतिशत प्रगति हासिल भएको छ । पूनः कर निर्धारणतर्फ सबै कार्य सम्पन्न गर्नुपर्ने हुँदा लक्ष्यको संख्या तोकिएको थिएन । ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयहरुको लागि समूह परीक्षणको लक्ष्य ६ वटा ग्रुप करदाताको कर परीक्षण गर्न तोकिएको मा ६ वटा ग्रुपको  कार्य सम्पन्न भई लक्ष्यको १०० प्रतिशत प्रगति हासिल भएको छ भने मू.अ.कर निर्धारण तर्फ रु.१ करोड ५० लाख लक्ष्य तोकिएकोमा रु.२६ लाख२६ हजार प्रगति र आयकर तर्फ रु.३ करोड ५० लाख लक्ष्य तोकिएकोमा रु.९ करोड ३४ लाख ६५ हजार कर निर्धारण भई लक्ष्यको तुलनामा क्रमशः मू.अ.करमा १७.५१ प्रतिशत तथा आयकरमा २६७.०४ प्रतिशत प्रगति  हासिल भएको देखिन्छ । समग्रमा आ.व.२०७६/०७७मा कर परीक्षण व्यवस्थापन शाखाको केही सूचकहरुको बाहेक अन्य सूचकको प्रगति कोभिड १९ महामारीको कारण उत्साहजनक रहन सकेको देखिँदैन ।

कर परीक्षण तर्फको आ.व.२०७६/०७७ का लागि कायम गरिएको कूल विभागीय लक्ष्यहरु र सो बमोजिम हासिल भएको प्रगति विवरण देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

| Target Performance Summary Report up toAsadh – 2076-077 | | | | |
|---|---|---|---|---|
| | Audit Section: | | | |
| Indicator Code | Indicators | Target | Performance | Percentage |
| | **Full Audit (No.)** | | | |
| 66 | Total (Vat, ITx& Excise) | 4380 | 2556 | 58.36 |
| | **Target for Assessment** | | | |
| 36 | Full Audit AA in ITx (in '000) | 9039000 | 5668464 | 62.71 |
| 37 | Full Audit MA in VAT (in '000) | 2155500 | 1036599 | 48.09 |
| 38 | Full Audit Excise Assessment (in '000) | 42300 | 992962 | 2347.43 |
| 107 | Full Audit Loss Recovery (in '000) | 1011500 0 | 41407423 | 409.37 |
| | **Current Year Audit** | | | |
| 149 | Current Year Audit of VAT (No) | 1230 | 434 | 35.28 |
| 150 | CYA MA in VAT (in '000) | 625000 | 339378 | 54.3 |
| 151 | TDS Audit (No) | 2790 | 852 | 30.54 |
| 152 | TDS Demand (Rs in 000) | 796000 | 474865 | 59.66 |
| 229 | TDS Monitoring of government organization (No) | 2600 | 375 | 14.42 |
| | **Detail Investigation** | | | |
| 112 | Comprehensive Investigation (No) | 86 | 249 | 289.53 |
| 219 | Investigation based on Internal and External Information (No) | 380 | 188 | 49.47 |
| 223 | Investigation of Capital Gain Tax in share transaction (No) | 134 | 1 | 0.75 |
| 222 | Investigation of Capital Gain Tax in disposal of land or building (No) | 201 | 9 | 4.48 |
| 114 | Investigation by Indirect Method (No) | 95 | 14 | 14.74 |
| 225 | Investigation of under invoicing of VAT (No) | 110 | 4 | 3.64 |
| 153 | Comprehensive Investigation AA of IT ('000) | 634500 | 1109936 | 174.93 |
| 154 | Comprehensive Investigation MA of VAT (000) | 533900 | 459409 | 86.05 |
| 251 | Comprehensive Investigation Excise Assessment (000) | 11000 | 450013 | 4091.03 |
| | **Other Investigation** | | | |
| 191 | EDP Based Investigation (No) | 86 | 20 | 23.26 |
| 110 | Pre-Investigation (No. of Cases) | 1181 | 430 | 36.41 |
| 368 | Investigation on Purchase of Vehicle above 10 million | 0 | 1 | 100 |

| | | | | |
|---|---|---|---|---|
| 367 | Investigation of Professionals Business | 138 | 3 | 2.17 |
| | **AA against nonflier in ltx** | | | |
| 48 | No. of Cases | 813 | 224 | 27.55 |
| 230 | Enter 1 if AA is done 100% of the IT return submitted after non filer assessment | 480 | 436 | 90.83 |
| | **De-registration** | | | |
| 65 | As taxpayer request (# of cases) | 480 | 988 | 205.83 |
| 231 | VAT De registration of old CB application (No) | 20689 | 3403 | 16.45 |
| | **Market Monitoring** | | | |
| 171 | Market Monitoring (No) | 10000 | 4930 | 49.3 |
| 242 | Fine and Penalty from market monitoring (000) | 21620 | 18147.54 | 83.94 |
| 54 | Legal Action Against Illegal Liquor (No) | 485 | 236 | 48.66 |
| | **Refund** | | | |
| 85 | Refund (enter 1for timely refunded, else 0) | 480 | 452 | 94.17 |
| | **Re-Assessment** | | | |
| 55 | Backlog files (Enter 1 for timely reassessed) | 480 | 450 | 93.75 |
| | **Mismatch Resolution** | | | |
| 185 | Mismatch Resolution (Enter 1 if resolved/remarked for all audited files) | 480 | 452 | 94.17 |
| | **Group Audit** | | | |
| 207 | Group Audit (No) | 6 | 6 | 100 |
| 198 | AA from Group Audit (Rs. 000) | 35000 | 93465 | 267.04 |
| 241 | MA From Group Audit (Rs. 000) | 15000 | 2626 | 17.51 |

उल्लेखित तथ्याङ्कहरुको आधारमा कर परीक्षण व्यवस्थापन शाखाको आ.व.२०७६/०७७ को लागि निर्धारण गरिएका कूल विभागीय लक्ष्यहरु र सो बमोजिम हासिल भएको प्रगति विवरण समेतको आधारमा विश्लेषण गर्दा आ.व.२०७६/०७७ को समग्र प्रगति अपेक्षित नरहेता पनि कोभिड १९ को महामारीको अवस्थामा हासिल गरेको उपर्युक्त प्रगतिलाई सन्तोषजनक नै मान्नु पर्छ ।

आन्तरिक राजस्व विभागको राजस्व संकलन तथा कर निर्धारण/संशोधित कर निर्धारणको महत्वपूर्ण हिस्सा ओगट्ने ठुला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयहरुको लागि कायम गरिएको लक्ष्यहरु र सो बमोजिम हासिल भएको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Office: LTO<br>FY: 2076.077<br>Month: Up to Asadh | | | | | | | |
| Audit Section: | | | | | | | |
| Indicator Code | Indicator Name | WEIGHT (W) | Target | Performance | Percentage(P) | Grade | (W*P) |
| **Full Audit (No.)** | | | | | | | |
| 66 | Total (Vat, ITx& Excise) | 9 | 350 | 370 | 106 | A++ | 954 |
| **Target for Assessment** | | | | | | | |
| 36 | Full Audit AA in ITx (in '000) | 14 | 6000000 | 4517698 | 75 | A | 1050 |
| 37 | Full Audit MA in VAT (in '000) | 14 | 1000000 | 466588 | 47 | D | 658 |
| 38 | Full Audit Excise Assessment (in '000) | 6 | 5000 | 36734 | 735 | A++ | 660 |
| 107 | Full Audit Loss Recovery (in '000) | 6 | 7000000 | 37590626 | 537 | A++ | 660 |
| **Current Year Audit** | | | | | | | |
| 149 | Current Year Audit of VAT (No) | 5 | 15 | 1 | 7 | D | 35 |
| 150 | CYA MA in VAT (in '000) | 3 | 15000 | 232 | 2 | D | 6 |
| 151 | TDS Audit (No) | 5 | 50 | 28 | 56 | C | 280 |
| 152 | TDS Demand (Rs in 000) | 3 | 150000 | 49989 | 33 | D | 99 |
| **AA against nonflier in Itx** | | | | | | | |
| 48 | No. of Cases | 2 | 3 | 0 | 0 | D | 0 |
| 230 | Enter 1 if AA is done 100% of the IT return submitted after non filer assessment | 3 | 12 | 12 | 100 | A++ | 300 |
| **De-registration** | | | | | | | |
| 65 | As taxpayer request (# of cases) | 2 | 12 | 2 | 17 | D | 34 |
| 231 | VAT De registration of old CB application (No) | 2 | 23 | 1 | 4 | D | 8 |
| **Market Monitoring** | | | | | | | |
| 171 | Market Monitoring (No) | 2 | 15 | 0 | 0 | D | 0 |
| 242 | Fine and Penalty from market monitoring (000) | 3 | 20 | 0 | 0 | D | 0 |
| **Refund** | | | | | | | |
| 85 | Refund (enter 1for timely refunded, else 0) | 3 | 12 | 12 | 100 | A++ | 300 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **Re-Assessment** | | | | | | | |
| 55 | Backlog files (Enter 1 for timely reassessed) | 4 | 12 | 12 | 100 | A++ | 400 |
| **Mismatch Resolution** | | | | | | | |
| 185 | Mismatch Resolution (Enter 1 if resolved/remarked for all audited files) | 4 | 12 | 12 | 100 | A++ | 400 |
| **Group Audit** | | | | | | | |
| 207 | Group Audit (No) | 4 | 3 | 6 | 200 | A++ | 440 |
| 198 | AA from Group Audit (Rs. 000) | 3 | 20000 | 93465 | 467 | A++ | 330 |
| 241 | MA From Group Audit (Rs. 000) | 3 | 10000 | 2626 | 26 | D | 78 |
| | | Total Weight:100 | | | | | Total: 6692 |
| | | | | | | | Performance: 66.92%( B ) |

उपरोक्त तालिकाबाट ठुला करदाता कार्यालयको कर परीक्षण संख्या लक्ष्यभन्दा बढी रहेकोले सन्तोषजनक रहेको छ । पूर्ण कर परीक्षणतर्फ अन्तःशुल्कको माग र नोक्सान मिलान लक्ष्यभन्दा धेरै रहेको अवस्था छ । समग्रमा कोभिड १९ को महामारीको कारण कर परीक्षण सम्बन्धी प्रगति सन्तोषजनक देखिदैन ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Office Name: MLTO 53 | | | | | | | |
| FY: 2076.077 | | | | | | | |
| Month: Up to Asadh | | | | | | | |
| | | | | | | | |
| Audit Section : | | | | | | | |
| Indicator Code | Indicator Name | WEIGHT (W) | Target | Performance | Percentage(P) | Grade | (W*P) |
| **Full Audit(No.)** | | | | | | | |
| 66 | Total (Vat, ITx& Excise) | 9 | 350 | 182 | 52 | C | 468 |
| **Target for Assessment** | | | | | | | |
| 36 | Full Audit AA in ITx (in '000) | 14 | 2000000 | 176068 | 9 | D | 126 |
| 37 | Full Audit MA in VAT (in '000) | 14 | 500000 | 102052 | 20 | D | 280 |
| 38 | Full Audit Excise Assessment (in '000) | 6 | 2500 | 863 | 35 | D | 210 |
| 107 | Full Audit Loss Recovery (in '000) | 6 | 1500000 | 521517 | 35 | D | 210 |
| **Current Year Audit** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 149 | Current Year Audit of VAT (No) | 5 | 40 | 8 | 20 | D | 100 |
| 150 | CYA MA in VAT (in '000) | 3 | 20000 | 1984 | 10 | D | 30 |
| 151 | TDS Audit (No) | 5 | 100 | 53 | 53 | C | 265 |
| 152 | TDS Demand (Rs in 000) | 3 | 100000 | 68462 | 68 | B | 204 |
| **AA against nonflier in ltx** | | | | | | | |
| 48 | No. of Cases | 2 | 10 | 2 | 20 | D | 40 |
| 230 | Enter 1 if AA is done 100% of the IT return submitted after non filer assessment | 3 | 12 | 12 | 100 | A++ | 300 |
| **De-registration** | | | | | | | |
| 65 | As taxpayer request (# of cases) | 2 | 12 | 1 | 8 | D | 16 |
| 231 | VAT De registration of old CB application (No) | 2 | 13 | 0 | 0 | D | 0 |
| **Market Monitoring** | | | | | | | |
| 171 | Market Monitoring (No) | 2 | 25 | 21 | 84 | A | 168 |
| 242 | Fine and Penalty from market monitoring (000) | 3 | 400 | 40 | 10 | D | 30 |
| **Refund** | | | | | | | |
| 85 | Refund (enter 1for timely refunded, else 0) | 3 | 12 | 12 | 100 | A++ | 300 |
| **Re-Assessment** | | | | | | | |
| 55 | Backlog files (Enter 1 for timely reassessed) | 4 | 12 | 12 | 100 | A++ | 400 |
| **Mismatch Resolution** | | | | | | | |
| 185 | Mismatch Resolution (Enter 1 if Resolved /remarked for all audited files) | 4 | 12 | 12 | 100 | A++ | 400 |
| **Group Audit** | | | | | | | |
| 207 | Group Audit (No) | 4 | 3 | 0 | 0 | D | 0 |
| 198 | AA from Group Audit (Rs. 000) | 3 | 15000 | 0 | 0 | D | 0 |
| 241 | MA From Group Audit (Rs. 000) | 3 | 5000 | 0 | 0 | D | 0 |
| | | Total Weight:100 | | | | | Total: 3547 |
| | | | | | | | Performance: 35.47% (D) |

उपरोक्त तालिका अनुसार मध्यमस्तरीय करदाता कार्यालयको कर परीक्षण सम्बन्धी प्रगति कोभिड १९ महामारीको कारण सन्तोषजनक देखिँदैन ।

कर परीक्षणका सन्दर्भमा देखिएका समस्या तथा चुनौतीहरु

(१) मूल्य अभिवृद्धि कर ऐन २०५२,आयकर ऐन २०५८,अन्तः शुल्क ऐन २०५८ ले तोकेको समय सीमा (४ वर्ष) भित्र कर परीक्षणका लागि छनौट भएका करदाताहरुको कर परीक्षण कार्य सम्पन्न गर्न सकिएको छैन । आ.व.२०७६/०७७ वाट जिम्मेवारी सरेका कर परीक्षण गर्ने बाँकी करदाताको सख्या ९०६४ रहेका छन।

(२) कारोबार बन्द भई मू.अ.कर तर्फ दर्ता खारेजीको लागि निवेदन दिएका (Close of Business) करिब १५ हजार भन्दा बढी करदाताको कर परीक्षण गर्ने कार्य बाँकी रहेको छ।

(३) जनशक्तिको पेशागत Knowledge Gap पुरा गर्न Training Need Assessment को आधारमा तालिमका प्याकेजहरु उपलव्ध गराउन सकिएको छैन ।

(४) केही कार्यालयहरूमा कार्यवोझको तुलनामा पर्याप्त जनशक्ति नहुँदा लक्ष्य हासिल गर्न कठिनाई भएको छ ।

(५) चालु आ.व.को (CYA) कर परीक्षणले कम महत्व पाएको छ । छनौट भएका सबै करदाताको (CYA) हुन सकेको छैन ।

(६) व्यवसायिक क्षेत्रमा हुने ठुला कर छली, Tax Heaven Countries मा भएको लगानी, Shell Company मा भएको हस्तान्तरण, Thin Capitalization, कर छुटका क्षेत्रमा भएको लगानी, Fund Transfer जस्ता विषयको परीक्षणमा दक्ष जनशक्तिको कमी रहेको छ ।

(७) करदाताले पेश गरेको कारोबार अन्य निकायसँग भिडान गरी तथ्यांक विश्लेषण गरी कर परीक्षण गर्न सकिएको छैन ।

(८) समग्रमा कोभिड १९ महामारीको कारण प्रगति सन्तोषजनक देखिँदैन ।

**आगामी दिनमा गर्नुपर्ने पहलहरुः**

१. कार्यालयलाई आवश्यक पर्ने जनशक्ति समयमा नै पदपूर्ति गर्ने व्यवस्था मिलाउने ।

२. कर परीक्षणको गुणस्तर बृद्धिका लागि नियमित रूपमा सवै कर अधिकृत तथा प्रमुख कर अधिकृतलाई आवश्यकताको आधारमा स्वदेशी तथा विदेशी तालिमको व्यवस्था गर्ने ।

३. चालु वर्षको कर परीक्षणलाई प्रभावकारी बनाउन करदाता छनौट प्रकृयालाई अझ वैज्ञानिक बनाउँदै लैजाने र छनौट भएका करदाताको चालु आ.व. मै कर परीक्षण सम्पन्न गर्ने ।

४. नियोजित रुपमा हुने कर छली सम्बन्धमा कारबाही गर्ने कर प्रशासन निर्मम बन्ने वातावरण तयार गर्ने ।

५. कर परीक्षण तथा अनुसन्धान कार्यलाई गुणस्तरीय र पेशागत निष्ठामा आधारित बनाउनको लागि दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।

६. कार्यालयबाट कर परीक्षणको समयमा उठेका नीतिगत तथा कर परीक्षण सम्बन्धी Issues सम्बन्धमा द्धिविधा भइ सोधनी भई आएका विषयमा एकरुपता हुने गरी नीतिगत तथा कानूनगत रुपमा सुधार गर्ने । सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी प्रणाली एकीकरणको माध्यमबाट डाटा सेयरिङ गर्ने व्यवस्था मिलाई कर परीक्षण अनुसन्धान कार्यमा उपयोग गर्ने ।

### २.६.१२ बक्यौता शाखा

नेपालमा व्यावसाय, रोजगारी र लगानीबाट करयोग्य आय हुने व्यक्तिले आयकर ऐन, २०५८ को दफा ९६, मू.अ.कर ऐन,२०५२ को दफा १८ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०क अनुसारको स्वयमं घोषणा गरी विवरण बमोजिमको रकम तोकिएको समय भित्र दाखिला नगरेमा तथा कार्यालयबाट भएको आयकर, मू.अ.कर, अन्तःशुल्क, अग्रिम कर कट्टी, स्वास्थ्य सेवा कर, शिक्षा सेवा कर, पूजींगत लाभकर तर्फको कर निर्धारणको रकम तोकिएको समय सीमा (१५ दिन) भित्र दाखिला नगरेमा वक्यौता कायम हुन जान्छ । यस शाखाले वक्यौता अभिलेख राख्ने, असुलीको मासिक तथा वार्षिक लक्ष्य निर्धारण गर्ने, वक्यौता असुली रणनीति तयार गर्ने, वक्यौता असुली प्रगति अनुगमन गर्ने, मासिक प्रगति तयार गर्ने लगायतका कार्यहरु गर्दछ ।

आ.ब. २०७६/०७७ सम्मको कुलबक्यौता रु. ४२ अर्ब २७ करोड रहेको छ भने कर कार्यालयहरुबाट भएको कर निर्धारण उपर करदाताले चित्त नबुझाई प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा अपिलमा रहेको बक्यौता रकम रु. ६१ अर्ब ४० करोड रहेको छ । न्यायिक निकायमा विचाराधीन रहेको र वास्तविक बक्यौता समेत गरी कुल बक्यौता रु. १ खर्व ३ अर्ब रहेको छ । वक्यौता संकलन तर्फ आ.व. २०७६।७७ मा आयकर तर्फ रु. ७ अर्ब ३२ करोड लक्ष्य रहेकोमा रु.२४ अर्ब ५३ करोड असुल भै लक्ष्यको तुलनामा ३३५ प्रतिशत प्रगति भएको छ भने मू.अ.कर तर्फ ५ अर्ब ९७ करोड लक्ष्य रहेकोमा ५ अर्ब ९ करोड असुल भै लक्ष्यको तुलनामा ८५.२६ प्रतिशत प्रगति भएको छ ।

### तालिकाः १९ आ.व. २०७६/०७७ सम्मको बक्यौताको विवरण

| बक्यौता | बक्यौता | | अपिल मा गएको | | कुल जम्मा बक्यौता | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| आयकर | ११६७९ | २१,९३,४६,१५,२७३ | ७७२ | ४५,०४,१८,६२,६३८ | १२४५१ | ६६,९७,६४,७७,९११ |
| मु.अ.कर | ७९०६४ | १९,९१,०३,२३,४५६ | १२३९ | १३,६१,५१,०३,५५३ | ८०३०३ | ३३,५२,५४,२७,००९ |
| अन्तशुल्क | ३१८ | ४२,७६,२५,७४० | ६२ | २,७४,८७,७९,२६६ | ३८० | ३,१७,६४,०५,००६ |
| जम्मा | १९९६१ | ४२,२७,२५,६४,४६९ | २०७३ | ६१,४०,५७,४५,४५७ | २२०३४ | १,०३,६७,८३,०९,९२६ |

## २.६.१३ आर्थिक प्रशासन शाखा

आर्थिक बर्ष २०७६/०७७मा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको खर्चको विश्लेषण देहाय अनुसार रहेको छ ।

### (क) आन्तरिक राजस्व विभाग

#### चालु खर्चतर्फ

आर्थिक बर्ष २०७६/०७७ मा चालु खर्च तर्फ जम्मा ६३ करोड ६७ लाख ५४ हजार विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म १५ करोड ८६ लाख ८ हजार अर्थात २४.९२ प्रतिशत प्रगति भएको छ । यस आ.ब.मा विभागका नियमित कार्यक्रमहरू कर दिवस, कर सप्ताह, संकलन, स्टिकर आपूर्ति, अनुसन्धान तथा अनुगमन सम्बन्धी कार्यहरू सरसफाइ र सुरक्षा लगायतका कार्यहरू सम्पन्न भएका छन् ।

#### पूँजीगत खर्चतर्फ

आ.व. २०७६/०७७ मा पूँजीगत खर्चतर्फ १७ करोड ७८ लाख ५० हजार विनियोजन भएकोमा आर्थिक बर्षको अन्त्यसम्म ५ करोड २८ लाख ८८ हजार खर्च भएको र २९.७३ प्रगति भएको छ । सवारी साधन खरिद, स्वीकृत वार्षिक कार्यक्रम अनुसारका मेशिनरी औजारहरू तथा फर्निचरहरू खरिद गर्ने काम सम्पन्न भएका छन् ।

### (ख) आन्तरिक राजस्व कार्यालयहरू

#### चालु खर्चतर्फ

यस विभाग मातहत रहेका ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरू, करदाता सेवा कार्यालयहरू र केही को.ले.नि.काहरूको लागि समेत जम्मा १ अर्ब २८ करोड ५२ लाख ६३ हजार विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म जम्मा १ अर्ब २ करोड ३५

लाख ६९ हजार खर्च भएको छ । यो खर्च कुल विनियोजनको ७९.६३ प्रतिशत हो । स्वीकृत वार्षिक कार्यक्रम अनुसार नियमित रूपमा सन्चालन गर्नुपर्ने कार्यालयका कार्यहरू सम्पन्न भएका छन् ।

**पूँजीगत खर्चतर्फ**

यस विभाग अन्तर्गतका कार्यालयहरूको लागि आ.ब.२०७६/०७७ मा जम्मा रू.३८ करोड ६६ लाख ७३ हजार बिनियोजन भएकोमा आर्थिक बर्षको अन्तसम्म रू.१५ करोड ८४ लाख ९ हजार खर्च भएको छ । यो खर्च कुल विनियोजनको ४०.९७ प्रतिशत खर्च भएको छ । करदाता सेवा कार्यालय रौतहटमा कार्यालय भवनको निर्माण प्रकृया अन्तिम चरणमा पुगेको छ । कार्यालयहरूले स्विकृत वार्षिक कार्यक्रम अनुसार कार्य सन्चालनको लागि आवश्यक पर्ने फर्निचर, मेशिनरी औजारहरूको खरिद कार्य नियमित रूपमा सम्पन्न भएका छन् ।

**(क) चालु खर्चतर्फ**

चालु खर्च ब.उ.शि.नं. ३०५०४०११ तर्फ देहाय अनुसार प्रगति भएको छ ।

- कार्यालयको सरसफाइ र सुरक्षा गार्डको व्यवस्था भई कार्यालय सुचारू रहेको ।
- स्टेशनरी र छपाईको आपूर्ति बोलपत्रको माध्यमबाट भएको ।
- व्यवस्थापन गोष्ठी, कर दिवस एवं कर सप्ताह मनाउने कार्य सफलता साथ सम्पन्न भएको ।
- मातहतका कार्यालयहरूको अनुगमन नियमित रूपमा भएको ।
- विभागको नियमित रूपमा बुलेटिन, स्मारिका, वार्षिक प्रतिवेदन लगायका प्रकाशनहरू भएका ।
- विभिन्न पत्र पत्रिकाहरुबाट कर जागरण सम्बन्धी विज्ञापनहरू नियमित रूपमा प्रकाशन हुने गरेको ।
- आन्तरिक राजस्व कार्यालय १, करदाता सेवा कार्यालयबाट स्तरोन्नति भई आन्तरिक राजस्व कार्यालय भएका ४ तथा विभिन्न जिल्लामा नया करदाता सेवा कार्यालयहरु २४ वटा स्थापना गरिएको ।
- कर सप्ताह, कर संकलन, कर दिवस, अनुगमन सम्बन्धी कार्य भएको ।
- कार्यालयहरूबाट कर जागरण सम्बन्धी बिभिन्न क्रियाकलापहरू सन्चालन भएको ।

**(ख) पूँजीगत तर्फ**

पूंजीगत खर्च ब.उ.शि.नं. ३०५०४०११ तर्फ देहाय अनुसारहरूको प्रगति भएको छ ।

- स्विकृत बार्षिक कार्यक्रम अनुसार सवारी साधन, मेशिनरी औजारहरू, फर्निचर खरिद भएको ।
- विभागको सूचना प्रविधि शाखाको माध्यमबाट IT System सन्चालनको लागी आवश्यक पर्ने मेशिनरी औजार लगायतका सामानहरू खरिद तथा जडान कार्य सम्पन्न भएका छन् ।

पूँजीगत खर्च ब.उ.शि.नं. ३०५०४०१२ तर्फ देहाय अनुसारको प्रगति भएको छ ।

- स्विकृत बार्षिक कार्यक्रम अनुसार मेशिनरी औजार, फर्निचरहरू खरिद भएको ।
- कार्यालयमा फाइल व्यवस्थापनको काम भएको ।
- आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा कार्यालयहरुमा बायोम्याट्रिक प्रणाली सुचारु गरिएको ।

## २.६.१४ कर परीक्षण पुनरावलोकन शाखा

यस विभाग अन्तर्गतका कार्यालयहरुबाट करदाताहरुको करपरीक्षण गर्दा प्रचलित आयकर, मू.अ.कर तथा अन्तःशुल्क ऐन, नियम, निर्देशिका एवं विभागीय परिपत्रमा भएका ब्यवस्थाहरुको पालना भए नभएको विषयहरुमा पुनरावलोकन गरी करपरीक्षण तथा अनुसन्धानको गुणस्तरीयता एवं कर निर्धारणमा एकरुपता ल्याई कर चुहावट न्युनीकरण गर्न, करदाताको कर सहभागिता अभिवृद्धि गर्न र राजस्व असुली कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित कार्यालयलाई निर्देशन आदेश दिने विभागीय नीति अनुरुप कर परीक्षण पुनरावलोकन गर्ने गरिने ब्यवस्था रहेको छ । कार्यालयहरुले पूर्ण कर परीक्षण, अनुसन्धानात्मक कर परीक्षण सम्पन्न गरेका करदाताका फाइलहरु छनौट गरी कार्यालयबाट माग गरी आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन, नियम, निर्देशिका, परिपत्र अनुसार गुणस्तरीय रुपमा कर परीक्षण सम्पन्न भए नभएको सन्दर्भमा अध्ययन, विश्लेषण, छानबिन गरी थप कारबाही, सुधार गर्नुपर्ने विषयमा आवश्यक कारवाहीका लागि मातहत कार्यालयमा पठाउने, प्रतिवेदन लिने, अनुगमन गर्ने आदि कार्य कर परीक्षण पुनरावलोकन शाखाले गर्दछ ।

**तालिकाः २० आ.ब. २०७६/७७ मा कर परीक्षण पुनरावलोकन सम्पन्न र कार्यालयहरुबाट प्राप्त प्रतिक्रियाको संख्यात्मक विवरण**

| सि. नं. | कार्यालय | आ.व.२०७६/०७७ मा प्राप्त र प्राप्त हुन बाँकी जम्मा जिम्मेबारी सरेको विवरण | आ.व.२०६७/०७७ मा छनौट भएको | आ.व. २०७६/०७७ मा सम्पन्न गर्नु पर्ने जम्मा | आ.व. ७६/०७७ मा क.प. पुनरावलोकन सम्पन्न भै कार्यालय पठाएको | आ.व. २०७६/०७७ मा सम्पन्न हुन बांकी | आ.व. २०७६/०७ ७ मा छानविन सम्पन्न भएको र छानविन गर्न नपर्ने | छानबिन हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ. रा.का.भद्रपुर | २ | २ | ४ | २ | २ | | २ |
| २ | आ. रा.का.बिराटनगर | ५ | २ | ७ | ५ | २ | १ | ४ |
| ३ | आ. रा.का.धरान | १ | २ | ३ | ० | ३ | | ० |
| ४ | आ. रा.का.जनकपुर | ० | २ | २ | ० | २ | | ० |
| ५ | आ. रा.का.लहान | ० | २ | २ | ० | २ | | ० |
| ६ | आ. रा.का. सिमरा | १ | २ | ३ | १ | २ | | १ |
| ७ | आ. रा.का.बिरगंज | ३ | २ | ५ | ३ | २ | १ | २ |
| ८ | आ. रा.का.हेटौडा | ० | १ | १ | ० | १ | | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | आ. रा.का.भरतपुर | ३ | ३ | ६ | ३ | ३ | | ३ |
| १० | आ. रा.का.धनगढी | १ | १ | २ | १ | १ | | १ |
| ११ | आ. रा.का.महेन्द्रनगर | १ | १ | २ | १ | १ | | १ |
| १२ | आ. रा.का.पोखरा | ४ | २ | ६ | ४ | २ | १ | ३ |
| १३ | आ. रा.का.ललितपुर१ | ० | १ | १ | ० | १ | | ० |
| १४ | आ. रा.का.भैरहवा | २ | २ | ४ | १ | ३ | | १ |
| १५ | आ. रा.का.नेपालगंज | ४ | १ | ५ | ४ | १ | | ४ |
| १६ | आ. रा.का., भक्तपुर | १ | १ | २ | १ | १ | १ | ० |
| १७ | आ. रा.का.कृष्णनगर | ० | १ | १ | ० | १ | | ० |
| १८ | आ. रा.का.बुटवल | ० | १ | १ | ० | १ | | ० |
| १९ | आ. रा.का.ललितपुर२ | ० | १ | १ | ० | १ | | ० |
| २० | आ. रा.का.दाङ | ० | १ | १ | ० | १ | | ० |
| २१ | आ. रा.का.दमक | ० | १ | १ | ० | १ | | ० |
| २२ | आ. रा.का.दमौली | ० | १ | १ | ० | १ | | ० |
| २३ | आ. रा.का.बागलुङ | ० | १ | १ | ० | १ | | ० |
| २४ | आ. रा.का.टंगाल | १ | २ | ३ | १ | २ | १ | ० |
| २५ | आ. रा.का.महाराजगंज | २ | ३ | ५ | २ | ३ | | २ |
| २६ | आ. रा.का.बालाजु | २ | २ | ४ | १ | ३ | | १ |
| २७ | आ. रा.का.कलंकी | १ | २ | ३ | १ | २ | | १ |
| २८ | आ. रा.का.कालिमाटी | २ | २ | ४ | २ | २ | | २ |
| २९ | आ. रा.का., सुर्खेत | ० | १ | १ | ० | १ | | ० |
| ३० | आ. रा.का.पुतलीसडक | ५ | २ | ७ | ६ | १ | | ६ |
| ३१ | आ. रा.का. नयांबानेश्वर | २ | २ | ४ | २ | २ | | २ |
| ३२ | आ. रा.का.बत्तिसपुतली | २ | २ | ४ | २ | २ | | २ |
| ३३ | आ. रा.का.चावहिल | १ | २ | ३ | १ | २ | | १ |
| ३४ | आ. रा.का.कोटेश्वर | २ | २ | ४ | २ | २ | १ | १ |
| ३५ | आ. रा.का.त्रिपुरेश्वर | १ | ३ | ४ | १ | ३ | | १ |
| ३६ | आ. रा.का.नयांसडक | ३ | २ | ५ | ३ | २ | | ३ |
| ३७ | आ. रा.का.ठमेल | ३ | १ | ४ | १ | ३ | | १ |
| ३८ | आ. रा.का.धुलिखेल | ० | १ | १ | ० | १ | | ० |
| ३९ | आ. रा.का.बबरमहल | १२ | १० | २२ | १३ | ९ | १ | १२ |
| ४० | ठूला करदाता कार्यालय | २४ | ११ | ३५ | २३ | १२ | | २३ |
| ४१ | जम्मा | ९१ | ८४ | १७५ | ८७ | ८८ | ७ | ८० |

## २.६.१५ नीति विश्लेषण शाखा

यस शाखाले सम्पादन गरेका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन् ।

१. आर्थिक ऐन, २०७६ ले संशोधन गरेका विषयहरू समावेश गरी आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन नियमको एकीकृत सँगालो प्रकाशन गरिएको ।

२. कर कानुनहरूमा देखापरेका द्विविधा र समस्याहरूलाई स्पष्ट पार्न आर्थिक वर्ष २०७५/७६ को विभिन्न मितिहरूमा यस विभागबाट जारी गरिएका परिपत्र र निर्देशनहरूलाई संग्रहित गरी पुस्तकको रूपमा परिपत्र सँगालो २०७५/७६ प्रकाशन गरिएको।

३. मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोस्रो संशोधन, २०७६) परिमार्जन गरी प्रकाशित गरिएको ।

४. जग्गा तथा घरजग्गा निःसर्गमा पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन, २०७६) परिमार्जन गरी प्रकाशन गरिएको ।

५. आर्थिक ऐन, २०७६ ले परिमार्जन गरेका विषयवस्तु समेत समावेश गरी आयकर छुट र सुविधा सम्बन्धी व्यवस्थाहरू समेटिएको विवरण र प्राकृतिक व्यक्ति तथा निकायलाई लाग्ने आयकरको दर साथै भुक्तानीमा कर कट्टी गर्नुपर्ने दरहरूका विवरण सर्वसाधरणको जानकारीको लागि आन्तरिक राजस्व विभागको वेबसाईटमा राखिएको ।

६. आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ अन्तःशुल्क ऐन, २०५८ लगायतका कर कानुनमा संशोधन गर्नको लागि गठन भएको विभिन्न कार्यदलको सुझावहरू संग्रहित गरी आन्तरिक राजस्व उपसमितिको प्रतिवेदन, २०७७ तयार गरी तीन महले विवरणको प्रस्ताव आर्थिक ऐन, २०७७ मा समावेश गर्नको लागि अर्थ मन्त्रालय, राजस्व परामर्श समितिमा पठाइएको।

७. आर्थिक ऐन, २०७७ ले करको दायरा र कर सहभागिता अभिवृद्धि गर्नका लागि उपलब्ध गराएको छुट सुविधा सम्बन्धी (स्किम) र आर्थिक ऐन, २०७७ ले कर कानुनहरूमा गरेको संशोधनको विषयहरू सरलीकृत ढंगले सबै आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयहरू एवं सर्वसाधरणको जानकारीको लागि विभागको वेबसाईटमा प्रकाशित गरिएको ।

८. आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन, २०७७) परिमार्जन गरी वेबसाईटमा राखिएको साथै निर्देशिका छापा प्रकाशनको लागि छपाईको कार्य भइरहेको ।

९. GIZ ले नियुक्त गरेको विज्ञबाट नियन्त्रणमा परिवर्तन सम्बन्धी निर्देशिकाको मस्यौदा प्राप्त गरी विभागमा गठन गरिएको कार्यटोलीको बैठकबाट छलफल गरी अन्तिम रूप दिई भाषागत सरलीकरण गर्ने कार्य भईरहेको ।

१०. GIZ ले नियुक्त गरेको विज्ञबाट स्थायी संस्थापन सम्बन्धी निर्देशिकाको मस्यौदा प्राप्त गरी विभागमा गठन गरिएको कार्यटोलीको बैठकबाट छलफल गरी अन्तिम रूप दिई भाषागत सरलीकरण गर्ने कार्य भईरहेको ।

११. कर कानुनको कार्यान्वयनमा सहजता, एकरूपता तथा स्पष्टताको लागि सरोकारवाला सबैको जानकारीको लागि सार्वजनिक परिपत्र जारी गरिएको । आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता

सेवा कार्यालयहरूबाट कर कानुनको कार्यान्वयन सम्बन्धमा निर्देशन माग भएको विषयको सम्बन्धमा स्पष्ट गरी सबै लाई लागू हुने अवस्थामा सान्दर्भिक विषयवस्तुको निर्देशनलाई परिपत्रको रूपमा सबै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूलाई जानकारी गराइएको ।

१२. करदाताहरूबाट पूर्वादेश माग गरी परेका निवेदन उपर छानबिन गरी कर कानुनका विषयमा द्विविधा भएको विषयमा पूर्वादेश जारी गरिएको ।

१३. प्राप्त भएका पत्र तथा फाइल निर्णयको लागि पेश गर्नुपर्ने भएमा समयमा पेश गरिएको ।

## २.६.१६ कानुन शाखा

कर प्रशासन संचालनको क्रममा आइपर्ने कानूनी अड्चन र द्विविधा सरलीकरण गर्न कर प्रशासन संचालन गर्ने सन्दर्भमा आइपरेका कानूनी विषयमा राय प्रदान गर्ने, विभाग र कार्यालयहरुलाई विपक्षी बनाइएका न्यायिक निकायहरुमा रिट निवेदनहरुमा लिखित जवाफ तयार गरी दर्ता गर्ने, विभाग र कार्यालयहरुबाट न्यायिक निकायहरुमा रिट निवेदन दर्ता गर्नु पर्ने अवस्थमा रिट निवेदन तयार गरी दर्ता गर्ने र राजस्व न्यायाधिकरणहरुबाट भएका फैसला उपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा आवश्यक निकासाको लागि श्रीमान् महानिर्देशक समक्ष पेश गर्ने लगायतका कार्यको लागि यस विभागमा नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा अन्तर्गत कानून शाखाको व्यवस्था गरिएको छ र यिनै माथि उल्लेखित कार्यहरु नियमित रुपमा यस शाखाबाट गर्ने गरिएको छ ।

**कानून शाखाबाट आ.व. २०७६/०७७ मा सम्पादन भएका कार्यहरू**

१. आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालयहरूबाट माग गरिएका कर सम्बन्धी विभिन्न विषयहरूमा कानूनी राय प्रदान गरेको।

२. आन्तरिक राजस्व विभाग समेतलाई विपक्षी बनाई दर्ता भएका विभिन्न रिट निवेदनहरूका सम्बन्धमा लिखित जवाफ तयार गरी सम्बन्धित अदालतहरूमा दर्ता गरेको ।

३. सम्मानित सर्वोच्च अदालत र राजस्व न्यायाधिकरणहरूबाट भएका फैसलाहरूको विषयगत रूपमा विवरण तयार गरेको ।

४. कर सम्बन्धि विषयमा विभिन्न न्यायिक निकायहरूसँग समन्वय गरी कार्य गरेको ।

५. सम्मानित सर्वोच्च अदालत र राजस्व न्यायाधिकरणहरूमा दर्ता भएका र फैसला भएका आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क मुद्धाको संख्या र फैसलाहरू अपडेट गरेको ।

६. राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति आ.व.२०७०/०७१ देखि २०७५/०७६ सम्मका फैसला भएका मुद्दाहरुको विवरण प्राप्त गरी अद्यावधिक गरेको ।

७. राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७२।४।१ देखि २०७५ असार मसान्त सम्म भएका फैसलाहरु प्राप्त गरी प्राप्त फैसला मध्ये ७४ थान फैसला प्रकाशनको लागि प्रारम्भिक छनौट गरिएको ।

८. राजस्व न्यायाधिकरण नेपालगन्ज र राजस्व न्यायाधिकरण पोखराबाट २०७३।४।१ देखि २०७४।३।३२ सम्मका फैसला १२ थान प्राप्त गरी ती फैसला मध्ये १० थान फैसला प्रकाशनको लागि प्रारम्भिक छनौट गरिएको ।

९. सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।४।१ गते देखि हाल सम्म भएका फैसला मध्ये ५६ थान फैसला प्राप्त गरी प्राप्त मध्ये २० थान फैसला प्रकाशनको लागि प्रारम्भिक छनौट गरिएको ।

**प्रगति विवरणको तालिका**

**वार्षिक (२०७६ श्रावण देखि २०७७ असार मसान्त सम्म) प्रगति विवरण**

| सि.नं. | कामको विवरण | गत वर्षको लगत | यसआ.व.मा | | | प्रगतिको अवधिगत विवरण | | बाँकीको विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | माग भएको | पेश भएको | बाँकी | म्यादभित्र पेश गरेको | म्याद थामेर पेश गरेको | म्याद बाँकी | म्याद नाघेको |
| १ | कानूनी राय प्रदान गरेको | ० | १२ | १२ | ० | १२ | ० | ० | ० |
| २ | लिखित जवाफ पेश गरेको | ० | ३४ | ३३ | १ | ३० | ३ | १ | ० |
| ३ | अन्य विभिन्न पत्राचारहरु | ० | ३५ | ३४ | १ | ३४ | ० | १ | ० |
| ४ | विभागबाट दर्ता भएका निवेदन तथा मुद्दाहरु | ० | ० | २ | ० | २ | ० | ० | ० |
| ५ | विभाग मातहत तथा यस शाखाबाट भएका आन्तरिक र अन्य पत्राचारहरु | ० | ० | ७ | ० | ७ | ० | ० | ० |
| | जम्मा | **०** | **८१** | **८८** | **२** | **८५** | **३** | **२** | **०** |

**आगामी आ.व. २०७७/०७८ का कार्यक्रमहरू:**

१. माथि उल्लेख भए अनुसार आजसम्म कार्यसम्पादन गरेका विषयहरूलाई निरन्तरता दिने ।

२. सम्मानित सर्वोच्च अदालतमा दर्ता भएका मुद्धा र फैसला भएका फैसलाहरूको प्रतिलिपि कर कार्यालयहरुबाट प्राप्त गरी आवश्यकता अनुसार विवरण तयार गर्ने ।

३. राजस्व न्यायाधिकरणहरूबाट भएका फैसलाहरूको प्रतिलिपी कर कार्यालयहरुबाट प्राप्त गरी विषयगत रूपमा विवरण तयार पार्ने ।

४. राजस्व न्यायाधिकरणहरू र सम्मानित सर्वोच्च अदालतबाट भएका कर सम्बन्धी फैसलाहरू प्राप्त गरी बिषयगत रूपमा फैसला संग्रह प्रकाशन गर्ने ।

५. कानूनी कार्यविधि विषयमा कम्तिमा १ वटा प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

१. मुद्धा मामिला तथा कानून विषयमा कार्यालयहरूमा अन्तर्क्रिया गर्ने ।

२. फैसला कार्यान्वयन सम्बन्धमा कर कार्यालयहरूको अनुगमन गर्ने ।

## २.७.१७ कर प्रणाली सुधार शाखा

यस आ.व २०७६/०७७ मा उपभोक्ताले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य विद्युतीय उपकरणका माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम निजको बैंक खातामा फिर्ता गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको । साथै करदाता दर्ता गर्दा गुणस्तरियता कायम गर्न Biomatric system को सुरुवात गरिएको र आय विवरण सँग सम्बन्धितविभिन्न फारामहरु परिमार्जन गरिएका छन् ।

## २.६.१८ सामान्य प्रशासन शाखा

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७६/०९/२१ को निर्णयानुसार यस विभाग अन्तर्गत ८४ वटा कार्यालय रहेका छन् । विभागमा रहेका महाशाखा र शाखाको विवरण समावेश भएको संगठन तालिका अनुसूचीमा समावेश गरिएको छ । विभाग र अन्तर्गत कार्यालयहरुको पदअनुसार दरबन्दी विवरण देहाय बमोजिम रहेको छ ।

**आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयहरुको पदअनुसार दरबन्दी विवरण**

| क्र.स. | पद | तह/श्रेणी | सेवा | समूह | कायम |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | | 1 |
| २ | उप-महानिर्देशक | रा.प.प्र. | प्रशासन | | 3 |
| ३ | सुचना प्रविधि विज्ञ | रा.प.प्र. | विविध | | 1 |
| ४ | प्रमुख कर प्रशासक | रा.प.प्र. | प्रशासन | | 2 |
| ५ | निर्देशक/प्रमुख कर अधिकृत | रा.प.द्वि | प्रशासन | राजस्व | 81 |
| ६ | निर्देशक (प्रशासन) | रा.प.द्वि | प्रशासन | सा.प्र. | 1 |
| ७ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि | प्रशासन | विविध | 3 |
| ८ | लेखा नियन्त्रक | रा.प.द्वि | न्याय | लेखा | 1 |
| ९ | उप न्यायधिवक्ता | रा.प.द्वि | प्रशासन | सरकारी वकिल | 1 |
| १० | सिनियर डिभिजनल केमिष्ट | रा.प.द्वि | ईन्जि. | केमिष्ट्री | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | शाखा अधिकृत (राजस्व) | रा.प.तृ. | प्रशासन | राजस्व | 451 |
| १२ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | 3 |
| १३ | सहायक जिल्ला न्यायाधिवक्ता | रा.प.तृ. | न्याय | सरकारी वकिल | 3 |
| १४ | कानून अधिकृत | रा.प.तृ. | न्याय | कानून | 1 |
| १५ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | 8 |
| १६ | सूचना सुरक्षण अधिकृत | रा.प.तृ. | विविध | | 1 |
| १७ | कम्प्युटर/सुचनाप्र विधि अधिकृत | रा.प.तृ. | विविध | | 55 |
| १८ | शाखा अधिकृत (प्रशासन) | रा.प.तृ. | प्रशासन | सा.प्र. | 4 |
| १९ | केमिष्ट | रा.प.तृ. | ईन्जि. | केमिष्ट्री | 1 |
| २० | सहायक खाद्य गुण नियन्त्रक | रा.प.तृ. | कृषि | फु.न्यूएण्ड क्वा.क. | 1 |
| २१ | नायब सुब्बा (राजस्व) | रा.प.अनं.प्र. | प्रशासन | राजस्व | 477 |
| २२ | नायब सुब्बा (सा.प्र) | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | 1 |
| २३ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | 46 |
| २४ | असिस्टेन्ट केमिष्ट | रा.प.अनं.प्र. | ईन्जि. | केमिष्ट्री | 1 |
| २५ | ल्याब असिस्टेन्ट | रा.प.अनं.द्धि. | ईन्जि. | केमिष्ट्री | 1 |
| २६ | डाइसु | रा.प.अनं.प्र. | विविध | | 227 |
| २७ | हल्का सवारी चालक | श्रेणीविहिन | | | 132 |
| २८ | कार्यालयसहयोगी | | | | 185 |
| २९ | वरिष्ठ चार्टड एकाउन्टेन्ट विशेषज्ञ सेवा | | | | 8 |
| | जम्मा | | | | 1701 |

## आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयहरुको श्रेणीगत दरबन्दी विवरण

| | |
|---|---|
| रा.प प्रथम श्रेणी- | ७ |
| रा.प.द्वि- | ८८ |
| रा.प.तृ. | ५२८ |
| अ.प.अनं. | ७५३ |
| श्रेणी विहीन- | ३१७ |
| विशेषज्ञ परामर्श सेवा | ८ |
| | जम्मा १७०१ |

# भाग- ३

# आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण

# ३. आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण

आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजस्व असुलीको संरचनात्मक अवस्थाको विश्लेषण तर्फ हेर्दा राजस्वको शुरु लक्ष्य ५ खर्ब ६ अर्ब १८ करोड ९३ लाख ७६ हजार रहेकोमा असुली ३ खर्ब ८४ अर्ब ५३ करोड २५ लाख १७ हजार भएको छ । जुन लक्ष्यको तुलनामा ७५.९७ प्रतिशत असुली भएको देखिन्छ । साथै संशोधित लक्ष्यको तुलनामा १०१.९८ प्रतिशत प्रगति भएको छ । अघिल्लो वर्षको असुलीको तुलनामा ७.३१ प्रतिशत वृद्धिदर रहेको देखिन्छ । शीर्षकगत रुपमा आयकर तर्फ २ खर्ब ८० अर्ब ३५ करोड शुरु लक्ष्य रहेकोमा २ खर्ब १७ अर्ब ५० करोड संकलन भई शुरु लक्ष्यको तुलनामा ७७.५८ प्रतिशत र संशोधित लक्ष्यको तुलनामा १०४.५८ प्रतिशत प्रगति भएको छ । त्यसैगरी मूल्य अभिवृद्धि करतर्फ शुरु लक्ष्य रु. १ खर्ब १८ अर्ब ३८ करोड रहेकोमा रु. ९८ अर्ब १४ करोड असुली भई शुरु लक्ष्यको तुलनामा ८२.९१ प्रतिशत र संशोधित लक्ष्यको तुलनामा १११.४५ प्रतिशत प्रगति भएको देखिन्छ । त्यस्तै अन्तःशुल्क तर्फ यस आर्थिक वर्षमा रु.१ खर्ब ६ अर्ब ३० करोड ३९ लाख ५८ हजार लक्ष्य रहेकोमा ६४ अर्ब ८४ करोड ३० लाख ५७ हजार असुली भई लक्ष्यको तुलनामा ६१ प्रतिशत र संशोधित लक्ष्यको तुलनामा करिब ८१ प्रतिशत प्रगति भएको
देखिन्छ ।

**तालिकाः २१ आ.व. २०७६/७७ को राजस्व लक्ष्य र प्रगति**

(रु हजारमा)

| शीर्षक | शुरु लक्ष्य | संशोधित लक्ष्य | प्रगति रकममा | शुरु लक्ष्यको तुलनामा प्रगति % | संशोधित लक्ष्यको तुलनामा प्रगति % | राजस्वको हिस्सा प्रतिशतमा | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| आयकर | २४२६२८१७६ | १८४३९५४०० | १९२८५३२२६ | ७९.४९ | १०४.५८ | ५०.१५ | १२.९८ |
| बहालकर | ५२५९१०२ | | २६४५८७७ | ५०.३१ | ५०.३१ | ०.६९ | (२१.०६ |
| व्याजकर | ३२४६३७३६ | २४१४७४०० | २२००५२५० | ६७.७८ | ९१.१२ | ५.७२ | १६.९० |
| आयकर जम्मा | २८०३५१०१४ | २०८५४२८०० | २१७५०४३५३ | ७७.५८ | १०४.३० | ५६.५६ | १२।७७ |
| मू.अ.कर | ११८३८२०८२ | ८८०५५९०० | ९८१४६५६९ | ८२.९१ | १११.४५ | २५.५२ | ११.१६ |
| अन्त:शुल्क | १०६३०३९५८ | ७९७३३४०० | ६४८४३०५७ | ६१.०० | ८१.३२ | १६.८६ | (११.९१ |
| शिक्षा सेवा शुल्क | | ७१४३०० | ५८३४७८ | | ८१.६८ | ०.१५ | २२१.४८ |
| स्वास्थ्य सेवा शुल्क | ११५२३२२ | | ३४५५०५९ | ५०.६३ | | ०.८९ | (७६.७२ |
| जम्मा | ५०६१८९३७६ | ३७७०४६४०० | ३८४५३२५१७ | ७५.९७ | १०१.९८ | १०० | ७.३१ |




*चित्र नं. ५*

आर्थिक वर्ष २०७६/०७७ मा आन्तरिक राजस्व संकलन संरचनाको असुली प्रतिशतको विश्लेषण तर्फ हेर्दा आयकर जम्मा, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको रकम क्रमशः २१७.५० अर्ब, ९८.१४ अर्ब, ६४.८३ अर्ब, ३.४५ अर्ब र ०.५८ अर्ब रहेको छ । सोही आर्थिक वर्षको आयकर जम्मा, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको हिस्सा क्रमशः ५६.५६, २५.५२, १६.८६, ०.८९ र ०.१५ प्रतिशत रहेको छ । सोही आर्थिक वर्षको राजस्व असुलीमा संस्थागत आयकरतर्फको वृद्धि भन्दा व्यक्तिगत आयकर तर्फको वृद्धि बढेकोले संस्थागत आयकरमा न्यूनता हुदै व्यक्तिगत आयमा वृद्ध गर्ने विश्वव्यापि प्रवृत्तितर्फ राजस्व असुली बढ्दै जाने अपेक्षा गर्न सकिन्छ ।कोभिड १९ को कारणले अर्थतन्त्रमा आएको संकुचनले यस आर्थिक वर्षमा संस्थागत आयकरतर्फको वृद्धिदर नकरात्मक रहेको छ । मूल्य अभिवृद्धि करतर्फ विगत बर्षको तुलनामा राजस्व संकलन बढ्दै गएतापनि विगत वर्षको तुलनामा वृद्धि प्रतिशतमा कमी आएको छ । करको संभाव्यता अनुरूप अझै पूर्ण रूपमा कर संकलन हुन सकेको देखिदैन। मूल्य अभिवृद्धि करको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने राज्यसँग जनताको अन्तरसंवाद, कर प्रशासनको प्रभावकारितामा कमी, न्यून विजकीकरण र बिल लिने दिने बानीमा परिवर्तन ल्याउन नसकिएको कारण राजस्वमा सोचे अनुसारको योगदान वृद्धि गर्न नसकिएको हो । अन्तःशुल्क प्रशासनका कार्यप्रणाली र कार्यविधि अझै पनि पूर्णरुपमा स्वचालित बनाउने दिशातर्फ हाम्रा प्रयास केन्दित रहेका छन् । यसलाई आधुनिकिकरण गर्दै पूर्ण स्वचालित रुपमा प्रयोगमा लैजाने प्रक्रिया सम्पन्न भएपश्चात अन्तःशुल्कको प्रणालीगत सुधार भई चुहावट नियन्त्रण हुन गई राजस्व असुलीमा यसको योगदान बढ्ने निश्चित छ ।

## ३.१ कुल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंशः

**तालिकाः २२ आ.व.२०७६/७७ को शीर्षकगत राजस्व संकलन**

| शीर्षक | राजस्वको हिस्सा प्रतिशतमा |
|---|---|
| आयकर | ५०.१५ |
| वहालकर | ०.६९ |
| व्याजकर | ५.७२ |
| आयकर जम्मा | ५६.५६ |
| मू.अ.कर | २५.५२ |
| अन्त:शुल्क | १६.८६ |
| स्वास्थ्य सेवा शुल्क | ०.८९ |
| शिक्षा सेवा शुल्क | ०.१५ |
| जम्मा | १००.०० |

आ.व. २०७६/७७ मा आन्तरिक राजस्वको शीर्षकगत असुलीको प्रतिशतलाई तालिका २२ मा प्रस्तुत गरिएको छ । सवैभन्दा बढी योगदान आयकरको ५०.१५ प्रतिशत रहेको छ भने त्यसपछि दोस्रो स्थानमा मूल्य अभिवृद्धि करको योगदान २५.५२ प्रतिशत रहेको छ । अन्तःशुल्कको आन्तरिक राजस्व असुलीमा योगदान १६.८६ प्रतिशत रहन गएको छ । ब्याज करको योगदान ५.७२ प्रतिशत छ भने बहालकरको योगदान ०.६९ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी स्वास्थ्य सेवा करको अंश ०.८९ प्रतिशत शिक्षा शुल्कको अंश ०.१५ प्रतिशत रहेको छ ।

## ३.२ विगत दश वर्षको राजस्व संकलनको अवस्थाः

प्रस्तुत तालिकामा आर्थिक वर्ष २०६७/०६८ देखि आर्थिक वर्ष २०७६/७७ सम्म प्रत्येक आर्थिक वर्षमा मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर र व्याज कर संकलनको प्रगति प्रस्तुत गरिएको छ । आ.व. २०६७/०६८ देखि २०७६/०७७ सम्म पुग्दा आन्तरिक राजस्वमा करिब ४८० प्रतिशत वृद्धि भएको पाइन्छ । आर्थिक वर्ष २०७०/०७१ बाट स्वास्थ्य सेवा करको असुली गर्ने गरी लक्ष्य राखिंदै आएको छ । आर्थिक वर्ष २०६७/०६८ मा आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको असुली क्रमशः ४१.६७, २२.३६ र १५.८९ अर्ब रहेको थियो जुन आर्थिक वर्ष २०७६/०७७ सम्म आइपुग्दा क्रमशः रु २१७.५०, रु ९८.१४ र रु ६४.८४ अर्ब पुगेको छ । त्यस्तै आर्थिक वर्ष २०७६/०७७ स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्कको संकलन क्रमशः ३ अर्ब ४५ करोड र ५८ करोड रहेको छ ।

## तालिकाः २३ः विगत दश वर्षको राजस्व संकलनको अवस्थाः

(अर्बमा)

| Revenue Heading | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| House Rent Tax | 36.36 | 45.42 | 1.96 | 2.38 | 2.66 | 3.33 | 4.06 | 4.54 | 3.35 | 2.64 |
| Interest Tax | 1.15 | 1.52 | 5.55 | 6.16 | 6.13 | 6.85 | 8.59 | 14.97 | 18.82 | 22 |
| Income Tax | 4.16 | 5.37 | 67.02 | 69.38 | 79.67 | 106.96 | 135.58 | 140.38 | 170.66 | 192.85 |
| **Total Income Tax** | **41.67** | **52.33** | **74.53** | **77.92** | **88.46** | **117.14** | **148.24** | **159.9** | **192.84** | **217.5** |
| Excise( INTERNAL) | 15.89 | 19.66 | 22.06 | 27.4 | 31.05 | 36.19 | 47.22 | 60.48 | 73.61 | 64.84 |
| VAT( INTERNAL) | 22.36 | 25.66 | 28.49 | 34.39 | 39.56 | 49.82 | 61.12 | 76.22 | 88.29 | 98.14 |
| Health Service Tax | 0 | 0.26 | 0 | 0.44 | 0.56 | 0.72 | 0.86 | 1.15 | 2.51 | 3.45 |
| Education Service Fee | 0.2 | 0.22 | 0.32 | 0.43 | 0.46 | 0.57 | 0.74 | 0.91 | 1.07 | 0.58 |
| **Total Tax Rev.** | **80.12** | **98.13** | **125.08** | **140.58** | **160.09** | **204.43** | **258.17** | **298.65** | **358.32** | 384.53 |

## ३.३ मूल्य अभिवृद्धि कर आन्तरिक र पैठारी संकलन अनुपातः

**तालिकाः २४ मूल्य अभिवृद्धि कर आन्तरिक र पैठारी संकलन अनुपातः**

| Tax Heading | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/077 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| VAT ( INTERNAL) Rs.bn) | 22.39 | 25.64 | 28.49 | 34.4 | 39.55 | 49.82 | 61.12 | 76.22 | 88.19 | 98.14 |
| VAT( IMPORT ) (Rs.bn) | 39.31 | 46.54 | 55.01 | 66.57 | 78.94 | 77.94 | 105.34 | 130.64 | 153.71 | 129.4 |
| VAT Collection(Rs.bn) | 61.7 | 72.18 | 83.5 | 100.97 | 118.49 | 127.75 | 166.46 | 206.86 | 241.9 | 227.54 |
| Ratio(Internal:Import) | 36:64 | 36:64 | 34:66 | 34:66 | 33:67 | 39:61 | 37:63 | 37:63 | 36:64 | **43.**57 |

तालिका २९ मा उल्लेखित मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारी तर्फ संकलन अनुपातको तथ्यांकलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६७/६८ मा मूल्य अभिवृद्धि कर संकलनको आन्तरिक र पैठारी तर्फको अनुपात ३६:६४ रहेको देखिन्छ । यो अनुपातमा त्यसपछिका केही वर्षहरुमा आन्तरिक मू.अ.करको हिस्सा घटदै र पैठारी मू.अ.करको हिस्सा बढ्दै गएको देखिन्छ । जुन आर्थिक वर्ष २०७१/०७२ मा आईपुग्दा आन्तरिक मू.अ.करको अंश ३३ र पैठारी मू.अ.करको हिस्सा ६७ प्रतिशत भएको देखिन्छ । आर्थिक वर्ष २०७१/०७२ भन्दा पछिका वर्षमा भने आन्तरिक मू.अ.करको हिस्सा बढेको छ जुन अनुपात आर्थिक वर्ष २०७२/७३ ३९:६१, आर्थिक वर्ष २०७३/०७४ मा ३७:६३ रहेको छ । आर्थिक वर्ष २०७४/७५ मा पनि आन्तरिक मू.अ.कर र पैठारी मू.अ.करको अनुपात गत

आ.व.कै यथावत ३७:६३ को अनुपात रहेको छ । आ.व. २०७५/७६ मा आन्तरिक मू.अ.कर र पैठारी मू.अ.करको अनुपात ३६:६४ रहेको छ भने आ.व २०७६/०७७ मा आन्तरिक मू.अ.कर र पैठारी मू.अ.करको अनुपात ४३:५७ देखिन्छ । यस आर्थिक वर्षमा आन्तरिक तर्फको अनुपात पछिल्लो आर्थिक वर्षको तुलनामा बढेको र पैठारीको अनुपात घटेको देखिन्छ ।

## ३.४ शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ)

शीर्षकगत मूल्य अभिवृद्धि कर संकलनलाई हेर्दा ठेक्का परामर्श तर्फ आर्थिक वर्ष २०६७/६८ मा ३.१२ अर्ब, संकलन भएकोमा आ.व. २०७४/७५ मा रु १३.९४ अर्ब संकलन रहँदा ८ वर्षमा करिब ४ गुणा बढेको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा २०.३९ अर्ब र आ.व २०७६/७७ मा ३१.८० अर्ब संकलन रहदा पछिल्लो २ वर्षमा करिब २.५ गुणा बढेको देखिन्छ, जसको मुख्य कारणमा आर्थिक ऐन, २०७६मा आएको नीतिगत सुधार रहेको देखिन्छ । पर्यटन उद्योगतर्फ आर्थिक वर्ष २०६७/६८ मा १.१२ अर्ब असुली रहेकोमा २०६८/६९ केही घट्न गई १.०६ अर्ब, आ.व. २०६९/७० देखि वृद्धि हुंदै २०७१/७२ मा १.७६ अर्ब पुगेको देखिन्छ । आ.व. २०७५/७६ मा २.७८ अर्ब संकलन भएकोमा आ.व २०७६/७७ मा रु.२.०२ अर्ब संकलन रहदा १० वर्षमा करिब २ गुणा बढेको देखिन्छ ।

यसैगरी उत्पादन र बिक्री वितरण तर्फको मूल्य अभिवृद्धि कर आ.व. २०६६/६७ देखि आ.व. २०७५/७६ सम्म वृद्धि हुँदै गएकोमा आ.व २०७६/०७७ मा उत्पादन तर्फ अघिल्लो वर्षको तुलनामा घटेको र बिक्री वितरण तर्फ चाहि बढेकै देखिन्छ । उत्पादनतर्फ आ.व. २०६७.०६८ मा रु ६.७७ अर्ब संकलन भएकोमा आ.व. २०७४/७५ मा रु २६.०८ अर्ब संकलन पुगेको छ भने आ.व २०७६/७७ मा २७.६१ अर्ब संकलन रहदा १० वर्षमा करिब ४ गुणा बढेको देखिन्छ । बिक्री वितरण तर्फ आ.व. २०६७/६८ मा रु ४.२५ अर्ब संकलन भएकोमा आ.व. २०७४/७५ मा रु १८.७४ अर्ब संकलन भएकोमा आ.व २०७६/७७ मा २२.४५ अर्ब संकलन रहँदा १० वर्षमा करिब ५ गुणा बढेको देखिन्छ ।

अन्य सेवातर्फ २०६७/६८ मा ७.१३ अर्ब मू.अ.कर संकलन भएकोमा आ.व. २०७४/७५ मा रु ११.२६ अर्ब संकलन भई आ.व २०७६/७७ मा अघिल्ला आ.व मा भन्दा कम रु ९.७ अर्ब मात्र संकलन भएको छ । रिभर्स चार्ज तर्फ आ.व. २०६७/६८ मा १.१२ अर्ब अर्ब संकलन भएकोमा आ.व. २०७४/७५ मा रु ३.९९ अर्ब संकलन भएकोमा आ.व २०७६/७७ मा ४.५२ अर्ब संकलन रहँदा १० वर्षमा करिब ४ गुणा बढेको देखिन्छ । शिर्षक गत रुपमा संकलनमा उतार चढाव देखिए पनि सम्रगमा आन्तरिक मूल्य अभिवृद्धि कर संकलन बढेकै देखिन्छ । आ.व. २०७४/७५ मा कूल आन्तरिक मूल्य अभिवृद्धि कर संकलन ७६.१८ अर्ब भएकोमा आ.व. २०७५/७६ मा रु. ८८.२९ अर्ब संकलन भई आ.व २०७६/७७ मा रु ९८.१३ अर्ब संकलन भएको छ जुन गत आ.व.को संकलनको तुलनामा ११.१६ प्रतिशतले बढी हो ।

| तालिका २५: मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन रु अर्बमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **Tax Heading** | **2070/71** | **2071/72** | **2072/73** | **2073/74** | **2074/75** | **2075/76** | **2076/77** |
| Tourism Industries | 1.43 | 1.76 | 1.4 | 1.87 | 2.16 | 2.78 | 2.02 |
| Reverse Charge | 1.64 | 2.05 | 2 | 2.57 | 3.99 | 4.79 | 4.52 |
| Contract & Consultancy | 5.85 | 6.54 | 8.24 | 10.2 | 13.94 | 20.39 | 31.8 |
| Other Services | 6.22 | 7.14 | 8.64 | 10.26 | 11.26 | 10.86 | 9.7 |
| Sales and Distribution | 7.89 | 9.22 | 13.34 | 15.02 | 18.74 | 19.95 | 22.45 |
| Production | 11.32 | 12.86 | 16.2 | 21.2 | 26.08 | 29.53 | 27.61 |
| Total VAT | 34.36 | 39.56 | 49.82 | 61.12 | 76.18 | 88.29 | 98.14 |

## ३.५ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्थाः

आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर संकलन रु. ९८.१३ अर्ब रहेको पाईन्छ । जसमा प्रत्येक क्षेत्रको योगदानलाई निम्नानुसार उल्लेख गरिएको छ । तालिका २६ विश्लेषण गर्दा सबैभन्दा वढी ठेक्का तथा परामर्शबाट करिब ३२ प्रतिशत र पर्यटन क्षेत्रबाट सबैभन्दा कम करिब २ प्रतिशत मूल्य अभिवृद्धि कर संकलन भएको छ ।

**तालिकाः २६ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था**

| **Tax Heading** | **VAT Collection (In Billion)** | **Contribution percentage on Total Internal VAT Collection** |
|---|---:|---:|
| Tourism Industries | 2.02 | 2.06 |
| Reverse Charge | 4.52 | 4.61 |
| Contract & Consultancy | 31.8 | 32.41 |
| Other Services | 9.7 | 9.88 |
| Sales and Distribution | 22.45 | 22.88 |
| Production | 27.61 | 28.14 |
| Total VAT | 98.13 | 100 |




*चित्र नं. ६*

## ३.६ शीर्षकगत आयकर संकलन

यस आ.व २०७६/७७ मा संस्थागत आयकर ९९.१३ अर्ब, व्यक्तिगत आयकर ६२.४७ अर्ब, लगानीमा कर ५४.३४ अर्ब संकलन भएको छ । यसरी हेर्दा विगतका ६ वर्षमा संस्थागत आयकर तर्फ ३ गुणा भन्दा वढी, व्यक्तिगत आयकर तर्फ ५ गुणाले वढी र लगानी आय तर्फ करिब ७ गुणाले वृद्धि भएको देखिन्छ ।

**तालिकाः २७ आयकरको शीर्षकगत संकलन रु (अर्बमा)**

| Heading | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 |
|---|---|---|---|---|---|---|---|
| Income Tax on Windfall gain | 0.06 | 0.1 | 0.09 | 0.12 | 0.16 | 0.24 | 0.26 |
| Other Income | 0.35 | 0.59 | 0.51 | 0.73 | 1.14 | 1.18 | 1.22 |
| Total Taxes on Investment Income (Including Windfall gain and Other Income) | 9.89 | 10.99 | 22.64 | 31 | 26.66 | 30.01 | 54.34 |
| Total Corporate Income Tax(CIT) | 39.28 | 51.27 | 60.93 | 78.85 | 86.52 | 103.25 | 99.13 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Total Personal Income Tax | 20.69 | 25.55 | 32.93 | 38.58 | 46.44 | 59.42 | 62.47 |
| **Total Income Tax** | **70.27** | **88.48** | **117.13** | **148.43** | **159.63** | **192.66** | 217.42 |

## ३.७ आ.व. २०७६/०७७ को आयकर संकलनको संरचनागत अवस्थाः

आर्थिक वर्ष २०७६/७७ मा आयकर तर्फ जम्मा रु २१७.४२ अर्ब संकलन भएकोमा लगानीको क्षेत्रबाट करिब २६ प्रतिशत रु.(५५.८३ अर्ब ), संस्थागत आयकर करिब ४६ प्रतिशत (९९.१३ अर्ब) र व्यक्तिगत आयकर करिब २९ प्रतिशत (६२.४७ अर्ब) प्राप्त भएको देखिन्छ।

**तालिकाः २८ आ.व. २०७६/०७७ को आयकरको क्षेत्रगत संकलन**

| **Heading** | **Collection RS (in Billion)** | **Share in Total income Tax (%)** |
|---|---|---|
| Total Taxes on Investment Income | 55.82 | 25.67 |
| Total Corporate Income Tax(CIT) | 99.13 | 45.59 |
| Total Personal Income Tax | 62.47 | 28.73 |
| **Total Income Tax** | 217.42 | 100.00 |

सम्पूर्ण आयकरमध्ये संस्थागत आयकरको योगदान हाल सम्म पनि उच्च रहेको छ । व्यक्तिगत आयकरको योगदान कूल कर राजस्वमा उल्लेखनीय हुनुपर्नेमा अपेक्षित राजस्व संकलन हुन सकेको छैन । व्यक्तिगत राजस्व संकलन कम हुनुमा लगानीको आयकर संकलनमा प्रभाकारी अनुगमनको अभाव, कर तिर्ने बानीमा सुधार नआउनु, प्राकृत्तिक व्यक्तिको व्यवसाय तथा लगानीको कर सहभागिताको स्तरमा सुधार गर्न नसक्नु र करदाताको दायरमा पनि विस्तार नहुनु प्रमुख कारणहरू रहेका छन् ।

यसका अतिरिक्त ज्यालाको दरमा वृद्धि नहुँदा रोजगारीको आयमा कमी भएको र अनुगमन प्रभावकारी बनाउन नसक्दा पनि अपेक्षा गरिए अनुरूपको राजस्व संकलन हुन नसकेको हो । उपर्युक्त करबाहेक अन्य करहरूको राजस्व संकलनमा योगदान रहने नै भएता पनि लगानीमा आयकर, व्याज कर, पूँजीगत लाभ कर, लाभांश र आकस्मिक लाभ करमा समेत उचित अनुगमन हुनुपर्ने देखिन्छ । यसका साथै अर्थतन्त्रको विस्तारको क्रममा यस प्रकारको अवस्था देखिएता पनि क्रमशः आर्थिक बिस्तार र लगानीको वातावरणमा अनुकूल सुधार आएमा लगानीको आयकरमा सुधार आउन सक्दछ ।

## ३.८ अन्तःशुल्कको संरचनात्मक अवस्थाः

विगतको तथ्यांकलाई विश्लेषण गर्दा आन्तरिक राजस्व असुलीमा अन्तःशुल्कको योगदान आ.व. २०६७/६८ मा अन्य औद्योगिक उत्पादन, चुरोट बिंडी, मदिरा र बियरको असुली क्रमशः रु २.१६, रु. ५.१४, रु. ५.२६ र रु. ३.१२ अर्ब गरी जम्मा रु १५.६८ अर्ब रहेको देखिन्छ । आ.व. २०७३/०७४ को तथ्यांकलाई हेर्दा उक्त शीर्षकहरुमा क्रमशः ६.३२ अर्ब, १०.९९ अर्ब, १८.७० अर्ब र ११.१९ अर्ब गरी जम्मा रु. ४७.२० अर्ब संकलन भएको देखिन्छ । त्यसैगरी आ.व. २०७५/७६ मा अन्य औद्योगिक उत्पादन, चुरोट बिंडी, मदिरा र वियरको असुली क्रमशः रु.१२.३८, रु.१५.१२, रु.२५.२२, रु.२०.८९ अर्ब पुगेको छ ।जुन आ.व २०७६/७७ मा आईपुग्दा क्रमशः रु.११.४२, रु.१८.५५, रु.२०.०५ र रु.१४.८२ अर्ब पुग्दा १० वर्षमा करिब ४ गुणा बढेको देखिन्छ । आन्तरिक तर्फको अन्तःशुल्कको संकलन आ.व. २०६७/६८ मा रु १५.६८ अर्ब रहेको थियो जुन क्रमशः बढ्दै गएर आ.व. २०७५/७६ सम्म आइपुग्दा यसको संकलन बढेर रु. ७३.६१ अर्ब अन्तःशुल्क तर्फ राजस्व असुली भएको देखिन्छ । तर, आ.व २०७६/७७ मा आन्तरिक तर्फको अन्तःशुल्क अघिल्लो आ.व को भन्दा घटी संकलन भएको देखिन्छ यसमा मुख्य कारण अन्तःशुल्क तर्फ हुन गएको कोभिड १९ का कारणले अर्थतन्त्रमा पर्न गएको प्रभावलाई लिन सकिन्छ ।

**तालिकाः २९ अन्तःशुल्कको शीर्षकगत संकलन (रु अर्बमा)**

| Excise Collection - Internal (Rs bn) | Fiscal year | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 |
| Tobacco base (Cigarettes, Bidi ) | 7.3 | 7.17 | 8.95 | 10.99 | 14.04 | 15.12 | 18.55 |
| Liquor | 11 | 12.68 | 14.5 | 18.7 | 22.96 | 25.22 | 20.05 |
| Beer | 5.3 | 6.86 | 8.29 | 11.19 | 15.62 | 20.89 | 14.82 |
| Other Industrial Products | 3.68 | 4.344 | 4.45 | 6.32 | 7.84 | 12.38 | 11.42 |
| **Total Excise** | **27.28** | **31.05** | **36.19** | **47.2** | **60.46** | **73.61** | 64.84 |

## ३.९ आ.व. २०७६/७७ को अन्तःशुल्क तर्फको संकलन संरचनाः

आ.व. २०७६/७७ मा अन्तःशुल्क तर्फ सूर्तिजन्य पदार्थको योगदान रु.१८.५५ अर्ब, अन्य औद्योगिक उत्पादनको योगदान, रु.११.४२ अर्ब, बियरको योगदान रु. १४.८२ अर्ब र मदिराको योगदान रु. २०.०५ अर्ब गरी जम्मा अन्तःशुल्कको कूल योगदान रु. ६४.८४ अर्ब रहेको देखिन्छ ।

तालिकाः ३० आ.व. २०७६/०७७ मा अन्तशुल्कको संकलन संरचना

| Excise Collection - Internal (Rs bn) | Collection in Billion | Sector wise contribution on total excise collection (%) |
|---|---|---|
| Tobacco base (Cigarettes, Bidi ) | 18.55 | 28.61 |
| Liquor | 20.05 | 30.92 |
| Beer | 14.82 | 22.86 |
| Other Industrial Products | 11.42 | 17.61 |
| **Total Excise** | 64.84 | 100.00 |




*चित्र नं. ७*

## ३.१० आ.व. २०७६/७७ को राजस्व संकलनको कार्यालयगत अवस्थाः

आ.व. २०७६/७७ मा आन्तरिक राजस्व विभागलाई आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा करको गरी जम्मा रु.५०६.१८ अर्ब लक्ष्य तोकिएकोमा रु ३८४.५३ अर्ब संकलन भई लक्ष्यको ७५.९७ प्रतिशत प्रगति हासिल भएको देखिन्छ ।

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुलाई विभिन्न शीर्षकहरुमा जम्मा रु.५०६.१८ अर्ब लक्ष्य विभाजन गरिएकोमा कार्यालयहरुको संकलन लक्ष्य पूरा भएको देखिँदैन । संशोधित लक्ष्य आ.व. को अन्त्यमा कायम भएकाले कार्यालयगत विभाजन गरिएको छैन । लक्ष्य पूरा नहुनुमा मुख्य कारण कोभिड १९ को कारणले अर्थतन्त्रमा पर्न गएको संकुचन नै देखिन्छ । ठूला करदाता कार्यालयलाई जम्मा रु.२३३.९८ अर्ब लक्ष्य तोकिएकोमा रु.१८४.०४ अर्ब असुली भएको छ । जुन लक्ष्यको तुलनामा ७९ प्रतिशत हुन आउँछ ।

| तालिकाः ३१ ठूला करदाता कार्यालयको राजस्व लक्ष्य र संकलन | | | | |
|---|---|---|---|---|
| **Office Name** | **Target (Rs.bn)** | **Collection (Rs.bn)** | **Achievemnt (In %)** | **Contribution on Total Inland Revenue Collection(%)** |
| LTO | 233.98 | 184.04 | 79 | 47.87 |
| Total | 506.18 | 384.53 | 75.97 | |




*चित्र नं. ८*

त्यसैगरी, आन्तरिक राजस्व कार्यालयहरुलाई तोकिएको लक्ष्य, असुली तथा कुल राजस्व असुलीमा कार्यालयगत योगदानलाई निम्नानुसार देखाइएको छ ।

| तालिकाः ३२ कार्यालयगत राजस्व लक्ष्य र संकलन (उपत्यका बाहिर) | | | | |
|---|---|---|---|---|
| **Office name** | **Target (In Billion)** | **Collection (In Billion)** | **Achievement (%)** | **Contribution on Total inland revenue collection (%)** |
| IRO BHADRAPUR | 3.66 | 3.01 | 82.2 | 0.78 |
| IRO Damak | 0.81 | 0.65 | 80.8 | 0.17 |
| IRO BIRATNAGAR | 10.12 | 6.95 | 68.7 | 1.81 |
| IRO DHARAN | 5.7 | 4.54 | 79.58 | 1.18 |
| IRO JANAKPUR | 4.59 | 3.6 | 78.35 | 0.94 |
| IRO LAHAN | 3.45 | 2.81 | 81.34 | 0.73 |
| IRO SIMARA | 12.75 | 12.19 | 95.57 | 3.17 |
| IRO BIRGUNJ | 11.03 | 6.48 | 58.73 | 1.69 |
| IRO HETAUDA | 5.82 | 4.78 | 82.14 | 1.24 |
